# वन्यजन्तु सम्बन्धी कसूर अनुसन्धान र अभियोजन दिग्दर्शन, २०७७

# वन्यजन्तु सम्बन्धी कसूर
# अनुसन्धान र अभियोजन दिग्दर्शन, २०७७

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय**
बबरमहल, काठमाडौं

**प्रकाशकः**
नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं

**© सर्वाधिकारः** प्रकाशकमा
यस पुस्तकमा प्रकाशित सामग्रीहरु प्रकाशकको नाम साभार गरि पुरै वा आंशिक रुपमा पुनः प्रकाशन गर्न सकिनेछ । त्यस्तो प्रकाशनको एक प्रति यो पुस्तक प्रकाशकको जानकारीको लागि उपलब्ध गराउनको साथै सामग्री प्रकाशकको पूर्व अनुमति लिई प्रकाशन गर्न सकिनेछ।

**उद्धरण (Citation):** वन्यजन्तु सम्बन्धी कसूर अनुसन्धान र अभियोजन दिग्दर्शन, २०७७, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं ।

**संस्करणः** चैत्र, २०७७ (प्रथम)

**प्रकाशन प्रतिः** २००० प्रति

**सहयोगः** WWF डब्लु डब्लु एफ नेपाल

**सम्पर्क ठेगानाः**
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं
सम्पर्क नं.: ९७७-१-५३२२१५१
इमेलः info@dnpwc.gov.np
वेबसाइटः www.dnpwc.gov.np
पो.ब.नं.: ८६०, काठमाडौं

**मुद्रणः** समा प्रिन्टर्स प्रा. लि., भैसेपाटि, ललितपुर

**सल्लाहकारः**

डा. दीपक कुमार खराल, महानिर्देशक/संयोजक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई

श्री गोपाल प्रकाश भट्टराई, पूर्व महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

डा. रामचन्द्र कँडेल, पूर्व उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

**पुस्तक तयारी/लेखन/संयोजनः**

श्री केशरी राज पण्डित, पूर्व मुख्य न्यायाधीश, उच्च अदालत

श्री विनोदप्रसाद शर्मा, पूर्व न्यायाधीश, उच्च अदालत

श्री विष्णु प्रसाद थपलिया, सहायक अनुसन्धान अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री माधव खड्का, प्रमुख, वन्यजन्तु व्यापार अनुगमन, डव्लु डव्लु एफ नेपाल

**पुनरावलोकनकर्ताः**

डा. विश्वनाथ ओली, सचिव, वन तथा वातावरण मन्त्रालय

श्री मन वहादुर खड्का, महानिर्देशक, वन तथा भू-संरक्षण विभाग

डा. दीपक कुमार खराल, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री सञ्जीवराज रेग्मी, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

श्री रामजी दनै, उपसचिव (कानून), वन तथा वातावरण मन्त्रालय

श्री वेद कुमार ढकाल, योजना अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री हरिभद्र आचार्य, इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री नारायण रुपाखेती, संरक्षण शिक्षा अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री शिवराज भट्ट, प्रमुख, संरक्षण कार्यक्रम, डब्लु डब्लु एफ नेपाल

श्री कमलजङ्ग कुँवर, पूर्व प्रमुख संरक्षण अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री रुपक महर्जन, संरक्षण अधिकृत, भानुभक्त प्राणी उद्यान कार्यालय

श्री श्रृजना घिमिरे, सहायक न्यायाधिवक्ता, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

श्री पुष्पराज धिताल, कानून अधिकृत, वन तथा भू-संरक्षण विभाग

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय

फोन नं. ४२२०८५०, ४२२०९१२, ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

पो.ब.नः ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्याः
चलानी नम्बरः

# मेरो भनाई

अर्धन्यायिक निकायले प्रचलित कानूनद्वारा वन तथा वन्यजन्तु सम्बन्धी कसूरहरुको अनुसन्धान, अभियोजन र मुद्दा पुर्पक्ष गर्न अधिकार पाएका राष्ट्रिय निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र कार्यालय र डिभिजन वन कार्यालयको काम चुनौतीपूर्ण छ। वन, वनस्पति तथा वन्यजन्तुको अवैध संकलन, चोरी निकासी/शिकारी तथा अवैध व्यापारमा अपराधीहरुबाट हुने र अपनाइने तरिकामा विज्ञान र प्रविधिको कारण आएको परिवर्तनले यी निकायहरुबाट हुने अनुसन्धान, अभियोजन र न्याय सम्पादन कार्यलाई जटिल बनाएको छ। अर्धन्यायिक निकायबाट सम्पादन हुने न्याय सम्बन्धी काममा न्यायका मान्य सिद्धान्तहरुको प्रयोग ज्यादै महत्वपूर्ण रही आएको कुरामा विमति हुन सक्दैन। यसै कुरालाई दृष्टिगत गर्दै यस विभाग अन्तर्गतका अर्धन्यायिक अधिकार पाएका कार्यालयहरु र डिभिजन वन कार्यालयबाट कारवाही र किनारा हुने मुद्दाहरुमा कार्यविधि कानूनको प्रयोगमा एकरुपता ल्याउन आवश्यक भएकोले यो **"वन्यजन्तु सम्बन्धी कसूर अनुसन्धान र अभियोजन दिग्दर्शन, २०७७** तयार गरिएको छ।

यस दिग्दर्शनमा वन्यजन्तु सम्बन्धी कसूरको बिहङ्गम जानकारी, नेपालको संवैधानिक र कानूनी व्यवस्था, अनुसन्धान अधिकारीले ध्यान दिनुपर्ने विशेष कानूनी व्यवस्था, अनुसन्धानको सन्दर्भमा मानव अधिकार संरक्षण, यातना विरुद्धको कानूनी व्यवस्था, वन्यजन्तु कसूर सम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण समेतका सैद्धान्तिक पक्षका साथै वन्यजन्तु कसूरको अनुसन्धान र अभियोजन सम्बन्धी प्रकृयाको बारेमा सरल र सिलसिलावद्ध रुपमा उल्लेख गरिएको छ। मुद्दा अनुसन्धान तथा अभियोजनको क्रममा तयार गर्नुपर्ने विभिन्न लिखतहरुको ढाँचालाई परिशिष्टमा दिइएकोले वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धान र अभियोजनमा संलग्न हुने सबै कर्मचारी र सरोकारवालाको लागि यो दिग्दर्शन भरपर्दो र सहयोगी हुनेछ। साथै, वन तथा वन्यजन्तु संरक्षणमा कार्यरत कर्मचारीहरुले मौजुदा कानूनको कार्यान्वयन र परिपालना गर्न छरिएर रहेका कार्यविधिगत कानूनी व्यवस्थालाई एकीकृत एवं चरणवद्ध श्रृङ्खलाको रुपमा सरलीकृत गरि उल्लेख गरिएकोले यस दिग्दर्शनबाट छिटो छरितो न्याय सम्पादनमा सघाउ पुग्ने र न्यायका मान्य सिद्धान्तको प्रयोगमा एकरुपता आउने विश्वास लिएको छु।

अन्तमा, यस दिग्दर्शन तयार गरि प्रकाशन योग्य बनाई दिनु भएकोमा उच्च अदालतका पूर्व मुख्य न्यायाधीश माननीय श्री केशरी राज पण्डित र पूर्व न्यायाधीश माननीय श्री विनोदप्रसाद शर्मा प्रति आभार व्यक्त गर्न चाहन्छु। यस काममा संलग्न भई सहयोग गर्ने विभागका योजना अधिकृत श्री वेद कुमार ढकाल र सहायक अनुसन्धान अधिकृत श्री विष्णु प्रसाद थपलिया, डव्लु डव्लु एफ नेपालका वन्यजन्तु व्यापार अनुगमन प्रमुख श्री माधव खड्का लगायत पुनरावलोकनकर्ताहरु, सरोकारवाला निकाय एवं व्यक्तिहरु तथा यस दिग्दर्शनको लागि सहयोग पुर्‍याउने डव्लु डव्लु एफ नेपाललाई धन्यवाद दिन चाहन्छु।

मितिः २०७७/१२/३०

..............................
(डा. दीपक कुमार खराल)
महानिर्देशक एवं संयोजक

# प्रकाशकीय

नेपालको संविधानले अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशको प्राकृतिक स्रोत साधन एवं वन, वन्यजन्तु, पंक्षी, वनस्पति लगायत समग्र जैविक विविधताको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो उपयोग गर्ने विषयलाई राज्यको नीतिको रुपमा स्वीकार गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र वन ऐन, २०७६ मा सामयिक संशोधन र परिमार्जन गरि नेपालको संवैधानिक व्यवस्था र नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय प्रतिवद्धता पूरा गर्ने प्रयास भएका छन्।

नेपालमा वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धान, अभियोजन र किनारासमेत अर्धन्यायिक निकायबाट सम्पादन गरिंदै आएको लामो अनुभव छ। नेपालको संविधानले एक वर्ष भन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा पर्न नसक्ने संवैधानिक व्यवस्था गरेको छ। संविधान प्रारम्भ हुनुभन्दा पहिले संरक्षणसँग सम्बन्धित अर्धन्यायिक निकायबाट सम्पादन गरिंदै आएका एक वर्ष कैद सजाय भन्दा बढि हुने मुद्दाहरु हाल नियमित अदालतबाट कारवाही र किनारा हुने गरेको छ। अपितु एक वर्षभन्दा कम अवधिको सजाय हुने मुद्दाहरु वन र वन्यजन्तु संरक्षण सम्बन्धी निकायबाट शुरु कारवाही र किनारा गर्ने हाम्रो अभ्यास कायमै छ।

वि.सं. २०७५ भदौ १ गतेदेखि लागू भएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले लामो समयसम्म प्रचलनमा रहेको मुलुकी ऐनमा आधारित फौजदारी कार्यविधिमा उल्लेख्य परिवर्तन ल्याएको छ। न्यायिक निर्णय, अन्तर्राष्ट्रिय दायित्व र समकालिन न्यायिक अभ्यासको सन्दर्भले परम्परागत न्याय सम्पादन प्रकृयामा परिमार्जन र सुधारलाई इङ्गित गरेको छ। मुद्दा कारवाहीको सिलसिलामा विशेष संवेदनशील रुपमा हेरिनु पर्ने मानव अधिकार संरक्षण, स्वच्छ सुनुवाईका आधारभूत मान्यता, प्राकृतिक न्यायको सिद्धान्त तथा पीडितको क्षतिपूर्ति सम्बन्धमा भएका व्यवस्थाहरुको बारेमा मुद्दाको कारवाही र किनारा गर्ने अधिकारीहरु पूर्ण जानकार र कानूनको पालनामा प्रतिवद्ध रहनु पर्ने हुन्छ। गैरकानूनी रुपमा वन पैदावारको प्रयोग, वन्यजन्तुको चोरी शिकार तथा तिनका अङ्गको अवैध व्यापार लगायतका कसूरको बढ्दो संख्या र बदलिंदो स्वरुपले यस सम्बन्धी कसूरको अनुसन्धान, अभियोजनमा मात्र नभएर मुद्दाको कारवाहीमा समेत चुनौती थपेको छ।

नेपालको संविधान, प्रचलित कानून, अदालतका व्याख्या र मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय कानूनको समेत पूर्ण पालना हुने गरि यस्ता मुद्दाको कारवाही र किनारा गर्न आवश्यक छ। वन र वन्यजन्तु सम्बन्धी कसूरको अनुसन्धान, मुद्दा दायर, मुद्दाको कारवाही सम्बन्धी प्रक्रिया, मुद्दाको फैसला तथा फैसला कार्यान्वयन गर्ने कार्यमा संलग्न व्यक्तिको दक्षता अभिवृद्धि गर्ने उद्देश्य रहेको छ। यसै पृष्ठभूमिमा मुद्दा प्रशासन र न्याय सम्पादन गर्ने कार्यमा संलग्न कर्मचारी र सरोकारवालालाई समेत समसामयिक कानूनी व्यवस्थाको बारेमा पूर्ण परिचित गराई अनुसन्धान तथा मुद्दा सम्बन्धी काम कारवाही त्रुटिरहित ढङ्गले पूरा गर्न सहयोग पुऱ्याउनको लागि सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेटेर यो दिग्दर्शन तयार गरिएको छ।

# विषय सूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| परिच्छेद — एक<br>वन्यजन्तु सम्वन्धी कसूर नियन्त्रण र कसूर अनुसन्धानका आधारभूत पक्षहरु | १-४४ |
| **खण्ड — एक** | |
| **वन्यजन्तु सम्वन्धी कसूरको विहङ्गम जानकारी** | १-१० |
| • वन्यजन्तु संरक्षणको आवश्यकता | १ |
| • वन्यजन्तु सम्वन्धी कसूरको प्रकृति | ३ |
| • वन्यजन्तु सम्वन्धी कसूर नियन्त्रणमा अन्तर्राष्ट्रिय प्रयास | ५ |
| • वन र वन्यजन्तु संरक्षण सम्वन्धी नेपालको राष्ट्रिय वन नीति | ७ |
| • वन्यजन्तु सम्वन्धी अपराध नियन्त्रणमा नेपालको प्रयास र अनुभव | ८ |
| **खण्ड — दुई** | |
| **वन्यजन्तु कसूर नियन्त्रण सम्बन्धमा नेपालको संवैधानिक र कानूनी व्यवस्था** | ११-१६ |
| • नेपालको संविधान | ११ |
| • राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | १२ |
| • सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ | १४ |
| • वन ऐन, २०७६ | १५ |
| **खण्ड — तीन** | |
| **अनुसन्धान अधिकारीले ध्यान दिनु पर्ने विशेष कानूनी व्यवस्था** | १७-२६ |
| • **नेपालको संविधान** | १७ |
| ○ न्याय सम्वन्धी हक, | |
| ○ अपराध पीडितको हक, | |
| ○ यातना विरुद्धको हक | |
| • **मुलुकी अपराध संहिता, २०७४** | १९ |
| ○ **फौजदारी न्यायका सामान्य सिद्धान्तहरु** | |
| ▪ कानून बमोजिमको काम कसूर नहुने | |

- कानून बमोजिम बाहेक सजाय नहुने
- तथ्यको भ्रममा परि गरेको काम कसूर नहुने
- कानूनको अनभिज्ञतामा गरिएको काम क्षम्य नहुने
- एउटै कसूरमा दोहोरो सजाय नहुने
- स्वच्छ सुनुवाईबाट वञ्चित नहुने
- आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने
- कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने
- बालबालिकाले गरेको काम कसूर नहुने
- होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिने
- निजी रक्षाको लागि गरेको काम कसूर नमानिने
- बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकालाई सजाय हुने
- अपराध पीडितलाई मुद्दाको कारवाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुने

○ **<u>सान्दर्भिक केही फौजदारी कसूरहरु</u>**

- वदनियतपूर्वक अनुसन्धान तथा अभियोजन गर्न नहुने
- भेदभावपूर्ण व्यवहार गर्न नहुने
- यातना दिन नहुने
- मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राख्न नहुने
- गोप्य तरिकाले थुनामा राख्न नहुने
- व्यक्ति बेपत्ता पार्ने काम गर्न गराउन नहुने

• **<u>मुलुकी फौजदारी कर्यविधि संहिता, २०७४</u>** २२

○ कुनै ऐनमा छुट्टै व्यवस्था भएकोमा असर नपर्ने
○ महान्यायाधिवक्ताले निर्देशन दिन सक्ने
○ सरकारी वकीलसंग राय सल्लाह माग्न सक्ने
○ सरकारी वकीलको निर्देशन बमोजिम अनुसन्धान गर्नु पर्ने
○ अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने
○ अर्को निकायको कार्यक्षेत्रमा प्रवेश गर्न सकिने
○ अनुसन्धान गर्नको लागि अन्य निकायमा पठाउन सकिने
○ झुट्टा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने

| | |
|---|---|
| ○ प्रमाण संरक्षण गर्ने<br>○ कुनै व्यक्ति, निकाय वा अधिकारीको मद्दत लिन सकिने<br>○ विशेषज्ञको राय लिन सकिने<br>○ साक्षी वा पीडितको संरक्षण गर्ने<br>○ असल नियतले गरेकोमा कारवाही नहुने | |
| **खण्ड — चार** | |
| **वन्यजन्तु कसूर अनुसन्धान र मानव अधिकार संरक्षण** | **२७-३०** |
| • मानव अधिकारको अवधारणा | २७ |
| • पक्राउ परेका व्यक्तिका आधारभूत मानव अधिकारहरु | २८ |
| **खण्ड — पाँच** | |
| **यातना विरुद्धको कानूनी प्रावधान, शून्य सहनशीलता र व्यक्तिगत उत्तरदायित्व** | **३१-३७** |
| • सान्दर्भिकता | ३१ |
| • संवैधानिक व्यवस्था | ३२ |
| • यातनाको परिभाषा | ३२ |
| • यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ को व्यवस्था | ३३ |
| • क्षतिपूर्ति | ३३ |
| • मुलुकी अपराध संहिता, २०७४ को व्यवस्था | ३४ |
| • यातना विरुद्धको शून्य सहनशीलता | ३६ |
| **खण्ड — छ** | |
| **वन्यजन्तु कसूर सम्वन्धी मुद्दामा न्यायिक दृष्टिकोण** | **३८-४४** |
| • विषय प्रवेश | ३८ |
| • अधिकार क्षेत्रको प्रश्न | ३९ |
| • मुद्दा हेर्ने अधिकारी समक्ष गरेको बयानको मान्यता | ३९ |
| • धेरै जनालाई जरिवाना गर्दा दामासाहीले गर्ने | ४० |
| • पछि गरिएको परिक्षण विवादरहित रुपमा स्वीकार्न नसकिने | ४० |
| • एक अर्कालाई पोल गरि भएको साविती बयानलाई प्रमाणमा लिनुपर्ने | ४१ |
| • बरामदी मुचुल्काको मूल्याङ्कन | ४१ |
| • कसूरमा प्रयोग भएका वस्तु वा साधन जफत हुने | ४१ |
| • अन्तर्राष्ट्रिय कानूनको प्रयोग | ४१ |

| | |
|---|---|
| • वन्यजन्तु कसूरलाई संगठित अपराधको रुपमा हेर्न सकिने<br>• अपराधिक दायित्वको आधारमा घटी बढी सजाय हुने<br>• थाहा नपाएर राखेको भन्ने जिकिर स्वीकार्य नहुने<br>• शङ्काको  सुविधा अभियुक्तले पाउने<br>• कसूरको मात्रा अनुसार अधिकतम सजाय हुने | ४२<br>४२<br>४३<br>४४<br>४४ |
| **परिच्छेद — दुई**<br>**वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान** | ४५-७८ |
| • वन्यजन्तु सम्वन्धी मुद्दाको प्रकृति<br>• वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान र अभियोजनमा अवलम्बन गर्नु पर्ने कार्यविधि<br>• लिखत तयार गर्दा पुऱ्याउनु पर्ने रीत<br>• अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी<br>• कसूरको सूचना<br>○ कसूरको बारेमा जानकारी राख्ने व्यक्तिले सूचना दिन सक्ने (जाहेरी दरखास्त)<br>○ मौखिक सूचनालाई लिपिबद्ध गर्ने<br>○ विद्युतीय माध्यमबाट सूचना प्राप्त हुन सक्ने<br>○ कर्मचारी वा प्रहरीको प्रतिवेदनको रुपमा सूचना प्राप्त हुन सक्ने<br>○ प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय मार्फत सूचना प्राप्त हुन सक्ने<br>○ संरक्षणमा संलग्न कर्मचारीले कसूरको बारेमा सूचना दिने<br>• जाहेरी दरखास्त वा सूचना दर्ता<br>• जाहेरी दरखास्त वा सूचनाको भरपाई<br>• जाहेरी वा सूचना दर्ता गर्न इन्कार गर्न नहुने<br>• अनुसन्धान अधिकारी तोक्ने<br>• अनुसन्धान डायरी राख्नु पर्ने<br>• प्रमाण संरक्षण गर्ने<br>• अर्को निकायको कार्यक्षेत्रमा प्रवेश गर्न सकिने<br>• प्रारम्भिक अनुसन्धान गर्ने<br>• प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउने | ४५<br>४५<br><br>४६<br>४७<br>४७<br><br><br><br><br><br><br><br>४८<br>४८<br>४९<br>४९<br>४९<br>४९<br>५०<br>५०<br>५० |

| | |
|---|---|
| • सरकारी वकीलको निर्देशन र त्यसको पालना | ५० |
| • घटनास्थल मुचुल्का तयार गर्ने | ५१ |
| • घटनास्थलको फोटो खिच्ने | ५१ |
| • दसीको मालसामान कब्जामा लिने | ५१ |
| • कब्जामा लिएको मालसामानको भरपाई दिने | ५२ |
| • दसीको मालसामान सुरक्षित राख्न जिम्मा दिन सकिने | ५२ |
| • खानतलासी गर्न सकिने | ५२ |
| • खानतलासी लिँदा पूरा गर्नुपर्ने कार्यविधि | ५२ |
| • बरामदी मुचुल्का तयार गर्ने | ५५ |
| • मुचुल्का खडा गर्दा रोहवरमा राख्नु पर्ने व्यक्तिहरु | ५७ |
| • मृत वन्यजन्तुको लाश, मृत शरीरको अंश वा आखेटोपहारको जाँच गर्नु पर्ने | ५८ |
| • वन्यजन्तुको लाशको पोष्टमर्टम जाँच गराउनु पर्ने | ५८ |
| • कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्ने कार्यविधि | ५८ |
| ○ पक्राउ पूर्जी जारी गर्न अनुमति लिनु पर्ने | |
| ○ पक्राउ पूर्जी जारी गर्नु पर्ने | |
| ○ पक्राउ गर्ने अनुमति सार्वजनिक गर्न नहुने | |
| ○ जरुरी पक्राउ पूर्जी | |
| ○ जरुरी पक्राउ पूर्जी जारी गर्नु पर्ने | |
| ○ जरुरी पक्राउ पूर्जी जारी गरि व्यक्ति पक्राउ गरेकोमा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिनु पर्ने | |
| ○ पक्राउ गरिने व्यक्तिलाई आत्मसमर्पण गर्न आदेश दिनु पर्ने | |
| ○ पक्राउ गर्दा आवश्यक बल प्रयोग गर्न सकिने | |
| ○ महिला अभियुक्तलाई पक्राउ गर्ने प्रक्रिया | |
| ○ घर कोठा खानतलासी लिई पक्राउ गर्न सकिने | |
| ○ पक्राउ परेको व्यक्तिको शरीर तलासी लिन सकिने | |
| ○ फेला परेको लिखत वा दसीको वस्तु कब्जामा लिन सकिने | |
| ○ प्रहरी वा कार्यालय प्रमुखद्वारा पक्राउ गर्न सक्ने अवस्था | |
| ○ कसूर भएको देख्ने व्यक्तिले कसूरदारलाई बुझाउन सक्ने अवस्था | |
| • पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने कार्यविधि | ६२ |

| | |
|---|---|
| ○ हिरासतमा राख्ने<br>○ थुनुवा पूर्जी दिने<br>○ हिरासतमा लिइएको व्यक्तिको स्वास्थ्य परिक्षण गराउने<br>○ व्यक्तिगत अभिलेख राख्ने<br>○ फोटो र औंलाको छाप लिने<br>○ रोजेको व्यक्तिलाई जानकारी दिने<br>○ कानून व्यवसायीसँगको सल्लाह लिन दिने<br>○ मानवोचित सुविधाको उपलब्धता<br>○ महिला, बालबालिका र जेष्ठ नागरिकलाई हिरासतमा राख्दाको विशेष व्यवस्था | |
| • अनुसन्धानको लागि हिरासतमा राख्ने अवधि (म्याद थप) र तत् सम्बन्धी कार्यविधि<br>○ पक्राउ गरेको चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने<br>○ मुद्दा हेर्ने अधिकारी बारे स्पष्ट हुनु पर्ने<br>○ प्रयोग हुने कानून बारे स्पष्ट हुनु पर्ने<br>○ हिरासतमा राख्ने अनुमति (म्याद थप) को लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्ने<br>○ हिरासतमा राख्ने अनुमतिको लागि दिइने निवेदनमा खुलाउनु पर्ने कुरा<br>○ हिरासतमा राखेर अनुसन्धान गर्न आवश्यक देखिएको अवस्थामा मात्र अनुमति प्राप्त हुने<br>○ हिरासतमा राखिएको व्यक्तिले शारीरिक जाँचको माग गर्न सक्ने<br>○ तारिखमा राखेर अनुसन्धान गर्न सकिने<br>○ जाहेरी दरखास्तको प्रतिलिपि मुद्दा हर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने | ६६ |
| • अनुसन्धान अधिकारीले हिरासतमा रहेको व्यक्तिलाई धरौट वा जमानीमा छाड्न सक्ने | ७० |
| • हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट गर्न वा यातना दिन नहुने | ७१ |
| • अभियुक्तको बयान लिने प्रक्रिया | ७१ |
| • अनुसन्धानको अन्य प्रक्रिया | ७३ |

| | |
|---|---|
| ○ कसूरबारेमा जानकारी राख्ने व्यक्तिहरु बुझ्ने | |
| ○ भौतिक प्रमाण विशेषज्ञद्वारा परिक्षण गराउने | |
| ○ सनाखत गराउने | |
| ○ कसूरमा संलग्न अन्य कसूरदारहरुको खोजी गर्ने | |
| ○ साक्षीको वा पीडितको संरक्षण गर्ने | |
| ○ सरकारी वकीलसंग परामर्श गर्ने | |
| ○ सरकारी वकीलको निर्देशन अनुसारको अनुसन्धान गर्ने | |
| • सरकारी वकील कार्यालयमा अनुसन्धान प्रतिवेदन सहित मिसिल पठाउनु पर्ने | ७६ |
| • अनुसन्धानको सिलसिलामा आउन सक्ने जोखिमको व्यवस्थापन गर्ने | ७७ |
| **<u>परिच्छेद — तीन</u>**<br>**<u>वन्यजन्तु सम्वन्धी मुद्दाको अभियोजन</u>** | ७९-८६ |
| • पृष्ठभूमि | ७९ |
| • मुद्दा दायर गर्ने प्रक्रिया | ८० |
| ○ निर्णयको लागि मिसिल सरकारी वकील कार्यालयमा पठाउने | |
| ▪ अनुसन्धान अधिकारीको प्रतिवेदन | |
| ▪ मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरि मिसिल पठाउनु पर्ने | |
| ▪ सजाय कम गर्ने माग दावी लिई अभियोगपत्र दायर गर्नु पर्ने भए सो व्यहोरा खुलाउनु पर्ने | |
| ○ सरकारी वकीलबाट मिसिल अध्ययन | |
| ○ थप अनुसन्धानको लागि सरकारी वकीलको निर्देशन | |
| ○ थप अनुसन्धान गर्ने | |
| ○ सरकारी वकीलको निर्णय | |
| ○ अभियोगपत्र तयार गर्ने | |
| ○ सजाय कम गर्ने माग दावी लिनु पर्ने भए अभियोगपत्रमा खुलाउनु पर्ने | |
| ○ मुद्दा दायर गर्ने | |
| ○ मुद्दा दायर भएपछि गर्नु पर्ने कामहरु | |
| ○ नक्कल मिसिल सरकारी वकील कार्यालयमा पठाउने | |
| ○ छुट सजायको माग रद्द गर्न निवेदन दिने | |
| ○ थुनछेक आदेश प्राप्ति र निवेदन | |

| | | |
|---|---|---|
| ○ थप दाबी लिने<br>○ अभियोगपत्र संशोधन गर्ने<br>○ सानातिना त्रुटि सच्याउन निवेदन दिने<br>○ साक्षी उपस्थित गराउने<br>○ साक्षी वा विशेषज्ञलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने<br>○ मुद्दाको कारवाहीको स्थिति बारेको जानकारी | | |
| **परिच्छेद — चार**<br>**परिशिष्ट (विभिन्न लिखतको ढाँचा)** | | ८७-१५४ |
| परिशिष्ट-१ | घटनास्थल र लाश जाँच मुचुल्काको ढाँचा | ८८ |
| परिशिष्ट-२ | जाहेरी दरखास्तको ढाँचा | ९० |
| परिशिष्ट-३ | जाहेरी दरखास्त वा सूचनाको भरपाई | ९२ |
| परिशिष्ट-४ | कसूर दर्ता किताब | ९३ |
| परिशिष्ट-५ | अनुसन्धान अधिकारी तोकेको पत्रको ढाँचा | ९६ |
| परिशिष्ट-६ | पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि जिल्ला अदालत / मुद्दा हेर्ने अधिकारी समक्ष दिने निवेदनको ढाँचा | ९७ |
| परिशिष्ट-७ | मुद्दा हेर्ने अधिकारीको अनुमतिबाट जारी गरिने पक्राउ पूर्जीको ढाँचा | ९९ |
| परिशिष्ट-८ | हिरासतमा राख्ने थुनुवा पूर्जीको ढाँचा | १०० |
| परिशिष्ट-९ | हिरासतमा राखि अनुसन्धान गर्ने अनुमति पाउन दिने निवेदनको ढाँचा | १०१ |
| परिशिष्ट-१० | अभियुक्तको बयानको ढाँचा | १०३ |
| परिशिष्ट-१० (क) | ततिम्बा बयानको ढाँचा | १०९ |
| परिशिष्ट-११ | प्रारम्भिक प्रतिवेदनको ढाँचा | १११ |
| परिशिष्ट-१२ | खानतलासी गर्ने सूचनाको ढाँचा | ११३ |
| परिशिष्ट-१३ | खानतलासी / बरामदी मुचुल्काको ढाँचा | ११४ |
| परिशिष्ट-१४ | खानतलासी गर्दा भेटिएको दसीको सामान कब्जामा लिई गरिदिएको भरपाईको ढाँचा | ११७ |
| परिशिष्ट-१५ | अनुसन्धान डायरी | ११८ |
| परिशिष्ट-१६ | जरुरी पक्राउ पूर्जीको ढाँचा | १२३ |

| | | |
|---|---|---|
| परिशिष्ट-१७ | दसीको माल सामान सनाखत मुचुल्काको ढाँचा | १२४ |
| परिशिष्ट-१७ (क) | मानिस सनाखत गराउने मुचुल्काको ढाँचा | १२६ |
| परिशिष्ट-१८ | जरुरी पक्राउ पूर्जीको स्वीकृतीको लागि अदालतमा / मुद्दा हेर्ने अधिकारी समक्ष दिने निवेदनको ढाँचा | १२७ |
| परिशिष्ट-१९ | हिरासत अभिलेखको ढाँचा | १२९ |
| परिशिष्ट-२० | हिरासतमा रहेको व्यक्तिले अनुरोध गरेको व्यक्तिलाई दिने जानकारी पत्रको ढाँचा | १३० |
| परिशिष्ट-२१ | कसूरको सम्बन्धमा जानकारी राख्ने व्यक्तिसँग सोधपुछ गर्दा तयार गरिने कागजको ढाँचा | १३१ |
| परिशिष्ट-२२ | अनुसन्धान प्रतिवेदनको ढाँचा | १३६ |
| परिशिष्ट-२३ | अभियोगपत्रको ढाँचा | १४३ |

# परिच्छेद — एक

## वन्यजन्तु सम्वन्धी कसूर नियन्त्रण र कसूर अनुसन्धानका आधारभूत पक्षहरु

## खण्ड - एक

## वन्यजन्तु सम्वन्धी कसूरको बिहङ्गम जानकारी

### १. वन्यजन्तु संरक्षणको आवश्यकता

पृथ्वी मानव जातिको साथै समग्र प्राणी तथा वनस्पति जगतको एउटै आश्रयस्थल हो। प्रकृतिको सृष्टि आफैंमा सन्तुलित र अद्वितीय छ। पृथ्वीको सन्तुलन कायम गर्न वन र वन्यजन्तुको संरक्षण आवश्यक छ। समस्त जीवजगतको प्राकृतिक सन्तुलन कायम गर्न स्व-स्थानीय संरक्षणको रुपमा विभिन्न संरक्षित क्षेत्रहरुको स्थापना गरि वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापन गर्दै आएको छ।

मानव क्रियाकलापहरु न्यून हुँदा वन्यजन्तु धेरै प्रजाति र संख्यामा थिए। तिनीहरूको संरक्षणको कुनै समस्या थिएन। मानवको आवश्यकता पुरा गर्न कृषि, बसोबास, औद्योगिक र अन्य विकास गतिविधिहरूको विस्तार जस्ता मानव क्रियाकलापबाट वन्यजन्तुको वासस्थानमा अस्वाभाविक हस्तक्षेपले गर्दा वन्यजन्तुहरूको संख्या विस्तारै कम हुँदै गयो। प्राकृतिक र जैविक स्रोतहरूको विवेकहीन प्रयोगको कारण, कतिपय वन्यजन्तुका विभिन्न प्रजाति पुनर्प्राप्ति हुन नसक्ने गरि लोप भइसकेका छन् र कतिपय, लोप हुने क्रममा छन्।

पृथ्वीमा रहेका प्रत्येक प्राणीले प्राकृतिक सन्तुलन कायम गर्न प्रकृतिलाई सहयोग गर्दछ। उदाहरणको लागि हामीहरुलाई वनस्पतिहरूले अक्सिजन प्रदान मात्र गर्दैनन् तिनीहरुले हाम्रो क्षेत्रको हावापानीको अवस्थामा पनि सन्तुलन कायम राख्छन्। यसले पृथ्वीमा तापक्रम कम गर्न पनि सहयोग गर्छ। चराहरूले पारिस्थितिक प्रणालीमा कीराहरूको संख्या नियन्त्रण गर्दछन्। प्रकृतिमा रहेका साना ठूला सबै जीव जन्तु एक अर्काको अस्तित्व रक्षाको लागि एउटा संयुक्त चक्र वा मालाको रुपमा काम गर्दछन्।

हामीले यसैलाई पर्यावरणीय चक्र भन्दछौं। जसरी मालाको एउटामात्र फूल डोरीबाट झिकिदिँदा माला विश्रृङ्खलित हुन्छ वा चक्र खण्डित हुन्छ, मालाबाट झिकिएको फूलको अस्तित्व त रहँदैन नै मालाको अस्तित्व पनि हराउँछ। त्यसरी नै प्रकृतिमा रहेका वन र वन्यजन्तुका प्रजाति लोप हुनु भनेको पर्यावरणीय चक्र वश्रृङ्खलित हुनु हो। जैविक माला टुट्दै जानु हो। एक प्रजाति लोप हुनु भनेको अर्को प्रजातिको अस्तित्व पनि खतरामा पर्नु हो।

आजका दिनमा, वन्यजन्तु र वनस्पतिका प्रजातिहरूका लागि विभिन्न क्षेत्रबाट खतरा छ। जल, वायु तथा ध्वनि प्रदूषण, वन फँडानी, प्राकृतिक परिवेशमा परिवर्तन, वन्यजन्तुको वासस्थानको विनाश र जलवायु परिवर्तन तथा वन्यजन्तु तथा तिनका अङ्गको विक्री वितरणले वन्यजन्तुको अस्तित्वमा डरलाग्दो खतरा उत्पन्न गरेको छ।

वन्यजन्तु, तिनका अङ्गहरू, र वोटविरुवाहरूको गैर कानूनी तथा कारोवारले ती प्रजातिको लागि मात्र होइन, मानवमा जीवका, जैविक विविधता र सुशासनमा दूरगामी नकारात्मक प्रभाव पारेको छ। पारिस्थितिकीय प्रणालीमा उत्पन्न गरेको प्रतिकूल परिणामले प्रकारान्तरमा मानव अस्तित्वमा माथि नै असर पर्न थालेको छ।

पारिस्थितिकीय प्रणाली र प्राकृतिक सम्पदा प्रकृतिले मानव लगायत सम्पूर्ण जीवात्मालाई दिएको अतुलनीय जीवनदायी उपहार हो। यो वर्तमान मानव पुस्ताको सिर्जना वा आर्जन होइन। हाम्रा पूर्वजले हामीलाई सुम्पेको सम्पत्ति मात्र नभएर हाम्रा पुर्खाले हामीलाई सुम्पेको दायित्व पनि हो। यो दायित्व इमान्दारीपूर्वक वहन गरेर जस्ताको जस्तै हाम्रा भवि सन्ततिलाई सुम्पनु हाम्रो मानवीय कर्तव्य हो।

वन्यजन्तुको संरक्षणले हाम्रो पर्यावरणीय र पारिस्थितिकीय प्रणाली सन्तुलन कायम गर्न सहयोग पुऱ्याउने मात्र होईन हाम्रो आर्थिक, मनोरञ्जनात्मक र सौन्दर्य प्रवर्द्धनको दृष्टिकोणबाट पनि वन्यजन्तु संरक्षण आवश्यक छ। गरिबी न्यूनीकरण, खाद्य सुरक्षा र जैविक विविधताको संरक्षण सहितको दिगो विकास हासिल गर्नको लागि वन्यजन्तु र वन संरक्षण सम्वन्धी व्यापक दृष्टिकोणको हिस्सा हुनुपर्दछ भनि संयुक्त राष्ट्र संघ महासभाले अगस्ट १९, २०१५ मा प्रस्ताव ग्रहण गरेको छ।

यिनै सन्दर्भमा पारिस्थितिकीय प्रणालीको संरक्षण गर्नु र पृथ्वीमा सबै जीवित प्राणीहरूसँग मिलेर सह-अस्तित्वको प्रणाली विकास गर्नु आजको दिनमा हाम्रो अति आवश्यक कर्तव्य

हुन आएको छ। यो मानवीय कर्तव्य पूरा गर्न वन र वन्यजन्तुको संरक्षण आजको प्रमुख आवश्यक हो।

## २. वन्यजन्तु सम्वन्धी कसूरको प्रकृति

केही दशक पहिलेसम्म वन्यजन्तुको शिकार वा आखेटोपहारको संग्रह गैरकानूनी थिएन। मानिसहरु सोख र सम्पन्नताको द्योतकको रुपमा वन्यजन्तुको शिकार गर्दथे। आखेटोपहार त इनाम वा पुरस्कारको रुपमा आदान प्रदान हुन्थ्यो। आखेटोपहारलाई अङ्ग्रेजीमा Trophy भनिन्छ, जसको शाब्दिक अर्थ शिकार गरे वापतको इनाम भन्ने हुन्छ। यसरी केही पहिलेसम्म सामान्य व्यवहार मानिएको वन्यजन्तुको शिकार र आखेटोपहारको संग्रह वा ओसारपसार वर्तमानमा कानून निषेधित गैरकानूनी कार्य हो। यो ठूलो अपराध हो। यस कसूरको आफ्नै किसिमको विशेषताहरु हुन्छन्।

मानव हत्या, चोरी, डकैती, अपहरण जस्ता कसूरले सबैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको छ। त्यसरी प्रभावित व्यक्ति वा समूहलाई हामी अपराधबाट पीडित पक्ष भन्दछौं। यस्तो अपराधले पीडितलाई प्रत्यक्षतः हानी नोक्सानी पुऱ्याएको हुन्छ, पीडितमा भय वा डर पैदा गर्दछ। वन्यजन्तु सम्वन्धी अपराधको स्वरुप त्यो भन्दा फरक हुन्छ।

वन्यजन्तु कसूरलाई मुख्य रुपमा दुई भागमा हेर्न सकिन्छः एउटा वन्यजन्तुको गैरकानूनी शिकार सम्वन्धी कसूर र अर्को वन्यजन्तुको जीवित वा मृत शरीर वा कुनै अङ्गको अवैध खरिद बिक्री सम्वन्धी कसूर। यी दुवै कसूरमा अन्य कसूरमा जस्तो तत्काल नै देखिने गरि व्यक्तिलाई पीडा पुगेको वा नोक्सानी सहनु पर्ने हुँदैन। त्यसैले सरसरी हेर्दा वन्यजन्तु सम्वन्धी कसूरलाई ***पीडित विहीन कसूर*** पनि भन्न सकिन्छ। परन्तु गहिरिएर हेर्ने हो भने यस्तो अवधारणा असत्य वा दोषपूर्ण देखिन्छ।

हामीले भनेका छौं कि वन र वन्यजन्तु हाम्रा साझा सम्पदा हुन्। वन्यजन्तु समष्टिमा कुनै ठाउँ वा क्षेत्र विशेषको मात्र नभएर राष्ट्रकै सम्पत्ति हो। यो राष्ट्रिय सम्पदा हो। वर्तमान पुस्ताले पछिल्लो पुस्तालाई सकुशल हस्तान्तरण गर्ने गरि अघिल्लो पुस्ताबाट पाएको जिम्मेवारी हो समस्त पर्यावरण। वन र वन्यजन्तु सम्वन्धी सम्पदा संरक्षण अन्तरपुस्ता समन्यायको विषय मानिएको छ। यस अर्थमा वन्यजन्तु सम्वन्धी कसूरको पीडा एक व्यक्ति वा केही व्यक्तिको समूहसम्म मात्र सीमित नरहेर समस्त मानव

जातिमा विस्तारित भएको हुन्छ। यसैले यस्तो कसूरलाई ***आम पीडादायी कसूर***को रुपमा बुझ्नु पर्ने हुन्छ।

वन्यजन्तुको चोरी शिकार सम्वन्धी कसूरलाई ***ठाउँ केन्द्रित कसूर*** (Locality Specific Offence) भनिन्छ। वन्यजन्तुको वासस्थान जहाँ हो त्यही गएर त्यसको चोरी शिकार गरिन्छ। वन्यजन्तुको चोरी शिकारको लागि वन्यजन्तुको वासस्थान, आनिवानि, जीवन चक्र जस्ता कुरासँग परिचित हुनु पर्ने भएको र कतिपय वन्यजन्तु विषालु वा हिंस्रक र स्वभावका हुने भएकोले स्थानीय व्यक्ति वा स्थानीय समुदायले मात्र तिनीहरुको बारेमा थाहा पाउने र तिनीहरुसँगको पहुँच स्थापित गर्न सक्ने भएकोले यस्तो चोरी शिकारमा धेरै जसो अवस्थामा स्थानीय जाति वा समूदायको संलग्नता रहेको हुन्छ।

वन्यजन्तुको चोरी शिकार एक ठाउँमा हुन्छ भने त्यसको आखेटोपहारको प्रयोगकर्ता त्यो ठाउँभन्दा धेरै टाढा रहेको हुन्छ। यसैले कसूरको जालो धेरै लामो र धेरै तहमा जेलिएको हुन्छ। एशिया, यूरोप, अमेरिका र मध्यपूर्वमा वन्यजन्तु र आखेटोपहार सम्वन्धी ठूलो बजार रहेको मानिन्छ। गहना, औषधी, सजावटको सामान, विलासी पहिरनका साथै कतिपय अन्धविश्वासका कारणले पनि आखेटोपहार महँगो मूल्यमा खरिद बिक्री हुने गरेको पाइन्छ। यस्तो कसूरमा एक दुई जनाको मात्र संलग्नता वा एक देशको सीमा भित्र मात्र सीमित रहदैन। United Nations Office on Drugs and Crime (UNODC) ले वन्यजन्तु सम्वन्धी कसूरलाई अन्तर्राष्ट्रिय संगठित अपराधको सूचीमा राखेको छ। यसैले यो कसूर ***संगठित अपराध*** को रुपमा स्थापित भएको कसूर हो।

कसूरमा प्रयोग हुने रकमको हिसाबले हेर्दा हातहतियार र लागू औषधको गैरकानूनी व्यापार पछि वन्यजन्तु कसूर ***ठूलो रकमको चलखेल हुने कसूर*** भित्र पर्छ। यो कसूर लगानीको अपेक्षा धेरै नाफा हुने गैरकानूनी व्यवसायको रुपमा चिनिएको छ।

वन्यजन्तु कसूरबाट आर्जन गरिएको गैरकानूनी धनलाई अपराधीहरु कानूनी आर्जन देखाउन शुद्धीकरणको प्रक्रियामा लाग्ने भएकोले यो कसूर ***सम्पत्ति शुद्धीकरणको कसूरसँग सम्बन्धित कसूर*** मानिएको छ। सम्पत्ति शुद्धीकरणको सिलसिलामा वन्यजन्तु कसूर पूर्ववर्ती कसूर (Predicate Offence) को रुपमा रहन्छ।

व्यक्तिगत हत्या हिंसाको दृष्टिबाट हेर्दा वन्यजन्तु संरक्षणकर्मी र चोरी शिकारीवीच हुने आक्रमण, प्रत्याक्रमण, अपराधी र स्थानीय समुदायवीच हुने आक्रमण, अपराधी अपराधीवीच हुने आक्रमण प्रत्याक्रमण ले गर्दा वन्यजन्तु कसूरमा प्रत्येक वर्ष सयौं संरक्षणकर्मी र अपराधीको मृत्यु हुने गरेको छ। यस अर्थमा यो कसूर ***हिंसक प्रकृतिको कसूर*** हो।

कानूनीरुपमा हेर्दा वन्यजन्तु सम्वन्धी कसूर ठूलो सजाय हुने कसूर भित्र पर्दछ। नेपाल कानूनले यसलाई पन्ध्र वर्षसम्म कैदको सजाय हुन सक्ने कसूर मानेको छ त्यस्तै अपराध संहिताले दश वर्षभन्दा बढी कैद सजाय हुन सक्ने कसूरलाई ***जघन्य कसूर*** मानेको छ। व्यक्ति प्रत्यक्षरुपले पीडित नहुने हुँदा यो कसूरको अनुसन्धान चुनौतिपूर्ण पनि छ।

## ३. वन्यजन्तु कसूर नियन्त्रणमा अन्तर्राष्ट्रिय प्रयास

वन्यजन्तु सम्वन्धी कसूर नियन्त्रणमा अन्तर्राष्ट्रियस्तरमा विभिन्न कानूनी तथा व्यवस्थापकीय र सहयोगका प्रयासहरु हुँदै आएका छन्। सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी महासन्धि (Convention on International Trade in Endangered Species of Fauna and Flora, 1973 (CITES)) यस विषयको महत्वपूर्ण अन्तर्राष्ट्रिय कानूनी दस्तावेज हो। नेपाल यो महासन्धिको पक्ष राष्ट्र हो।

यो महासन्धिको मूल उद्देश्य सङ्कटापन्न एवं लोपोन्मुख वन्यजन्तुको संरक्षण गर्ने, सङ्कटापन्न एवं लोपोन्मुख वनस्पतिका विभिन्न प्रजातिको संरक्षण गर्ने र वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्नु हो। यसले दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सोको नमूना अनुमति नलिई खरिद बिक्री गर्न, आफूसँग राख्न, प्रयोग गर्न, रोप्न, हुर्काउन, नियन्त्रित प्रजनन् गर्न ओसारपसार गर्न वा निकासी वा पैठारी गर्न वा गराउन नपाईने व्यवस्था गरेको छ।

यो महासन्धि पक्षराष्ट्रहरुले कार्यान्वयन गर्ने गरि राष्ट्रिय कानून बनाउनु पर्छ। नेपालले पनि सन्धिको पक्ष राष्ट्र भएकोले यसको कार्यान्वयनको लागि राष्ट्रिय कानून "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३" तर्जुमा भई कार्यान्वयनमा छ।

वन्यजन्तु संरक्षणसँग प्रत्यक्ष रुपमा सम्बन्धित अर्को महासन्धि जैविक विविधता सम्वन्धी महासन्धि (The Convention on Biological Diversity, 1992) हो। यो महासन्धि सन् १९९७ देखि लागू भएको छ र १९७ वटा मुलुकहरु पक्ष राष्ट्र भएका छन्। यसले मुख्यतः जैविक विविधताको संरक्षण, दिगो उपयोग र यस्ता जैविक स्रोतहरुको प्रयोगबाट हुने लाभमा न्यायोचित र समन्यायिक बाँडफाँडमा ध्यान दिएको छ। महासन्धिको धारा ८(ट) ले सदस्य राष्ट्रहरुलाई सङ्कटापन्न प्रजाति र तिनको संख्याको संरक्षणको लागि आवश्यक पर्ने नियामक कानून बनाउने र लागू गर्ने दायित्व तोकेको छ।[१]

प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट वन्यजन्तु सम्वन्धी कसूर नियन्त्रणमा सहयोग पुऱ्याउने अन्य कतिपय अन्तर्राष्ट्रिय सन्धि समझौताहरु पनि यस सन्दर्भा प्रासंगिक रहेका छन्। यसै सिलसिलामा सन् १९७२ मा सम्पन्न United Nations Educational, Scientific and Cultural Organization (UNESCO) को साधारण सभाले अनुमोदन गरेको Convention Concerning the Protection of the World Cultural and Natural Heritage (The World Heritage Convention, 1972) का केही प्रावधानहरु स्मरणीय छन्। यो महासन्धिको धारा २ ले सङ्कटापन्न वन्यजन्तुको वासस्थानलाई प्राकृतिक विश्वसम्पदा मानेको छ। धारा ५ ले प्राकृतिक सम्पदा संरक्षणमा जोखिम पैदा गर्ने क्रियाकलापको प्रतिकार गर्ने वैज्ञानिक तथा प्राविधिक उपायको विकास गर्ने तथा प्राकृतिक सम्पदाको सुरक्षा, संरक्षणको लागि उपयुक्त कानूनी, वैज्ञानिक, प्राविधिक, प्रशासनिक र आर्थिक उपायहरु अवलम्बन गर्न यथासम्भव प्रयास गर्नु पर्ने भनि पक्ष राष्ट्रको दायित्व निर्धारण गरेको छ। यस महासन्धिमा नेपाल लगायत १३० भन्दा बढी राष्ट्रहरु यसको सदस्य रहेका छन्।

भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (United Nations Convention against Corruption, 2003) को धारा २३ ले कुनै कसूरबाट प्राप्त रकमलाई शुद्धीकरण गर्ने कार्यलाई कसूर घोषित गरिनु पर्ने भन्ने व्यवस्था गरेको छ। पूर्ववर्ती कसूर (Predicate Offence) मा संलग्न कसूरदारलाई बचाउने उद्देश्यले पूर्ववर्ती कसूरको प्रतिफल स्वरुप प्राप्त रकमलाई रुपान्तरित गर्ने, स्थानान्तरण गर्ने कार्यलाई कसूर मान्ने गरि पक्ष राष्ट्रले आफ्नो देशको कानून बनाउनु पर्ने हुन्छ। वन्यजन्तु

[१] The Convention on Biological Diversity, 1992, Art. 8 - Develop or maintain necessary legislation and/or other regulatory provisions for the protection of threatened species and populations.

सम्वन्धी कसूरबाट प्राप्त रकम यस सन्दर्भमा पूर्ववर्ती कसूर (Predicate Offence) बाट प्राप्त रकम बन्दछ।

यसैगरि अन्तर्राष्ट्रिय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UN Convention against Transnational Organized Crime, 2003) ले सङ्गठित आपराधिक समूहले आर्थिक वा अन्य वस्तुगत लाभ लिने उद्देश्यले गर्ने गम्भीर कसूरलाई फौजदारी कसूर कायम गर्ने र पूर्ववर्ती कसूरबाट प्राप्त रकमलाई शुद्धीकरण गर्ने कार्यलाई समेत फौजदारी कसूर कायम गरि दण्डनीय बनाउने दायित्व पक्ष राज्यलाई तोकेको छ। नेपाल पनि यो महासन्धिको पक्ष राष्ट्र भएकोले यस महासन्धिको व्यवस्था कार्यान्वयन गर्न संगठित अपराध निवारण ऐन, २०७० लागू गरेको छ। वन्यजन्तु कसूर कतिपय अवस्थामा एकभन्दा बढी देशको सीमासम्म विस्तारित हुने र धेरै व्यक्तिहरु संगठित रुपमा संलग्न हुने र यस्तो कसूरबाट आर्जित रकमको शुद्धीकरणको प्रयास गर्ने भएकोले यस्तो प्रकृतिको वन्यजन्तु कसूर नियन्त्रणको सिलसिलामा यो महासन्धिसमेत प्रासङ्गिक बन्दछ।

## ४. वन र वन्यजन्तु संरक्षण सम्वन्धी नेपालको राष्ट्रिय वन नीति

नेपाल सरकारले वन र वन्यजन्तु संरक्षण सम्बन्धमा राष्ट्रिय वन नीति जारी गरेको छ। ***राष्ट्रिय वन नीति, २०७५*** ले वन, संरक्षित क्षेत्र, जलाधार, जैविक विविधता, वन्यजन्तु र वनस्पतिको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वनजन्य वस्तु तथा सेवाको उत्पादन एवं मूल्य अभिवृद्धि र तिनको न्यायोचित वितरण गर्ने लक्ष्य लिएको छ।

यस लक्ष्यका उद्देश्यहरु मध्ये निम्न बमोजिमका उद्देश्यहरु वन्यजन्तु संरक्षणसँग सम्बन्धित रहेका छन्।

- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने।
- वन क्षेत्रको संरक्षण र सोको बहुआयामिक उपयोग गर्ने।

यस उद्देश्य प्राप्तिका लागि जैविक विविधता संरक्षण नीति अन्तर्गत निम्न नीति अवलम्वन गरिएको छः

- दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गर्ने।
- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र जस्ता अन्तर्राष्ट्रिय पहिचानका संरक्षित क्षेत्र व्यवस्थापन बाहेक कुनै स्थानीय समुदायद्वारा परम्परादेखि संरक्षित हुँदै आएका वन क्षेत्रहरुलाई सामुदायिक संरक्षित क्षेत्र (Community Conserved Area) को रुपमा मान्यता दिइने।
- मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि भू—परिधि स्तरमा संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गहरुको एकीकृत र समुचित व्यवस्थापन गरिने।

## ५. वन्यजन्तु सम्वन्धी अपराध नियन्त्रणमा नेपालको प्रयास र अनुभवः

वन्यजन्तु अपराध एक संगठित एवं अन्तरदेशीय अपराध हो। यसको नियन्त्रणको लागि विद्यमान कानुनी व्यवस्था, नेपाल सरकारका सांगठनिक संरचना तथा तोकिएको विषयगत निकायहरुवीच थप समन्वय र सहकार्य गर्दै सहयोग पुऱ्याउन एवं नीति निर्माण तहमा निर्देशन तथा नीतिगत सुधार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट देहायका संरचनाहरु गठन भई क्रियाशीलरहेका छन्।

(क) राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल (National Tiger Conservation Committee, Nepal):

बाघ संरक्षणको लागि विद्यमान कानूनी व्यवस्थामा सुदुढिकरण, चोरी शिकार र अवैध व्यापार नियन्त्रण गरि बाघ लोप हुनवाट बचाई बाघको संरक्षण, व्यवस्थापन गर्नका लागि बाघ संरक्षण रणनीति र कार्ययोजनामा प्रस्ताव गरिए बमोजिम बाघ संरक्षण सम्वन्धी विषयमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा विभिन्न निकायहरुवीच समन्वय समेत गर्नका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७/२/२ को निर्णयले राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल गठन भएको छ।

(ख) वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र इकाई (Wildlife Crime Control Coordination Committee /Bureau):

वन्यजन्तुको चोरी शिकार र यसका अङ्ग प्रत्यङ्गको अवैध व्यापारलाई प्रभावकारीरुपमा नियन्त्रण गर्न कठिनाई भईरहेको अवस्थामा महत्वपूर्ण वन्यजन्तु सधैका लागि लोप हुन जाने सम्भावनालाई मध्यनजर राखि यसको नियन्त्रणको लागि जिम्मेवार निकायहरुको आवश्यकता जरुरी रहेको छ। यी दुर्लभ सम्पदाको अवैध व्यापार नियन्त्रणका लागि एउटा छुट्टै निकायको स्थापनाको लागि सम्वन्धित क्षेत्रहरुवाट राय, सुझाव र सहयोग जुटाउन लगायत आवश्यक राय सुझाव दिनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७/८/५ को निर्णयले माननीय वन तथा वातावरण मन्त्रालयको अध्यक्षतामा एक उच्चस्तरीय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र उल्लेखित अवैध कारोवार नियन्त्रण गर्नका लागि एक सशक्त वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संयोजकत्वमा केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई र जिल्लास्तरमा संरक्षक (वार्डेन) वा डिभिजनल वन अधिकृतको संयोजकत्वमा जिल्लास्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन भएको छ।

वातावरणीय क्षेत्रमा हुने संगठित अपराध नियन्त्रणको लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (CIB) भित्र पिलर ४ स्थापना गरि वातावरणीय अपराध नियन्त्रण अन्तर्गत वन र वन्यजन्तुको अवैध व्यापार नियन्त्रण गर्ने कार्यमा सहयोग हुँदै आएको छ। यसैगरि वन्यजन्तु अपराधमा संलग्न भई फरारको सूचीमा रही विदेशमा रहेका व्यक्तिहरुलाई इन्टरपोलको रेड नोटिस जारी गरि कानूनी दायरामा ल्याउने कार्यमा नेपाल प्रहरीको इन्टरपोल शाखाको समन्वय र सहयोगमा कार्य भई रहेको छ। सीमा नाका लगायतको क्षेत्रहरुमा हुने वन्यजन्तुको अवैध व्यापार नियन्त्रणका लागि सशस्त्र प्रहरी बलले वन्यजन्तु संरक्षण शाखा स्थापना गरि क्रियाशिल रहेको छ।

(ग) अन्तर्राष्ट्रिय तथा क्षेत्रीय समन्वय (International and Regional Cooperation):

अन्तर्राष्ट्रियस्तरमा हुने वन्यजन्तु अपराध नियन्त्रणका लागि समन्वय र आपसी साझेदारी बढाउन छिमेकी मित्रराष्ट्र भारत र चीनसँग छुट्टाछुट्टै दुई पक्षीय सम्झौता गरि कार्य भइरहेको छ। क्षेत्रीयरुपमा समन्वय र सहकार्य गर्न दक्षिण एशियाका ८ मुलुकहरुको South Asia Wildlife Enforcement Network – SAWEN स्थापना भई कार्य भइरहेको छ। सोको सचिवालय नेपालको काठमाडौंमा रहेको छ। साथै हाल SAWEN

को Chief Enforcement Coordinator (CEC) को रुपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको महानिर्देशकलाई तोकिएको छ।

(घ) संरक्षणमा साझेदारी (Conservation Partner):

वन र वन्यजन्तुको अपराध नियन्त्रणको लागि नेपाल सरकारको नीति बमोजिम राष्ट्रिय प्रकृति संरक्षण कोष, डब्लु डब्लु एफ नेपाल, जेड एस एल नेपाल लगायतका संरक्षणका साझेदार संघ संस्थाहरुले लामो समयदेखि आर्थिक एवं प्राविधिक सहयोग पुऱ्याउँदै आएका छन्। त्यसैगरि विद्यमान कानूनी व्यवस्था अनुसार समुदायस्तरमा स्थानीय मध्यवर्ती/संरक्षण क्षेत्र उपभोक्ता समूह/समिति, संरक्षण क्षेत्र व्यवस्थापन परिषद, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समूह, मध्यवर्ती/संरक्षण सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन उपभोक्ता समूह आदिको वन्यजन्तु अपराध नियन्त्रणमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा भूमिका निर्वाह गरेका छन्। मुख्यतयाः चोरी शिकार नियन्त्रण कार्यमा समुदायमा आधारित चोरी शिकार नियन्त्रण इकाई (Community Based Anti-Poaching Unit – CBAPU) को भूमिका उल्लेखनीय छ।

(ङ) नेपालको अनुभव र सफलताः

वन्यजन्तु अपराध नियन्त्रणमा समुदायदेखि सम्माननीय प्रधानमन्त्रीसम्म विभिन्न तहको संरचना निर्माण गरि कार्य भइरहेको छ। नेपाल सरकारको नीति अनुसार सम्पूर्ण सरोकारवाला निकायहरुको सहभागितामा गरिएको कार्यबाट वन्यजन्तु अपराध नियन्त्रणमा उल्लेखनीय सफलता मिलेको छ। जुन कार्यलाई विश्व समुदायले एक उदाहरणको रुपमा लिई अनुशरण गरेका छन्। वन्यजन्तु अपराध नियन्त्रण अन्तर्गत नेपालले गैंडा संरक्षणमा सन् २०११, २०१३, २०१५, २०१६, २०१८ र २०१९ मा गैंडाको ***"शून्य शिकार वर्ष"*** कायम गरि विश्व समुदाय समक्ष एक सन्देश प्रदान गरेको छ।

# खण्ड - दुई

# वन्यजन्तु कसूर नियन्त्रण सम्बन्धमा नेपालको संवैधानिक र कानूनी व्यवस्था

## १. नेपालको संविधान

नेपालको संविधानमा पहिलो पटक वन र वन्यजन्तुको संरक्षण र व्यवस्थापनलाई स्पष्ट रुपमा राज्यको नीतिमा समावेश गरिएको छ। संविधानको धारा ५१ ले राज्यले अवलम्वन गर्ने भनिभनि उद्घोष गरेका राज्यका नीतिहरु मध्ये प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्वन्धमा वन, वातावरण र वन्यजन्तुको संरक्षणको लागि निम्न नीतिहरु अवलम्वन गरेको छः

१) जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने,

२) वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने,

३) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने र

४) वातावरण प्रदूषण गर्नेले सो वापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचीत सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने।

संविधानको धारा ५२ मा राज्यका नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै लैजाने राज्यको दायित्व हुने भनि उल्लेख छ। संविधानले वन र वन्यजन्तु संरक्षण सम्बन्धमा उद्घोष गरेका उल्लिखित नीतिहरु योजनाबद्धढङ्गले क्रमशः कार्यान्वयन गर्दै लैजानु राज्यको संवैधानिक दायित्व बनेको छ।

## २. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

नेपालमा वन्यजन्तुको संरक्षणका लागि वि.सं. २०२९ सालमा नै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी भएको हो। यो ऐनमा समयसापेक्ष संशोधनहरु गरिएको छ। वि.सं. २०७३ साल चैत्रमा भएको पाँचौं संशोधनको साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ र नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ ले वन्यजन्तु संरक्षणका लागि यस ऐनलाई अझ प्रभावकारी बनाउने प्रयास गरेको छ। हाम्रा हालसम्मका वन्यजन्तु कसूर अनुसन्धान र अभियोजन सम्वन्धी अभ्यास र अनुभवहरु मूलतः यही ऐनमा आधारित छन्।

नेपालको संविधान प्रारम्भ हुनुभन्दा पहिले वन्यजन्तु कसूर सम्वन्धी सबै मुद्दाको शुरु तहको कारवाही र किनारा गर्ने क्षेत्राधिकार निकुञ्ज/आरक्षका संरक्षक (वार्डेन) तथा जिल्ला वन अधिकृतले प्रयोग गर्दै आएको अवस्था थिए। संविधानको धारा १५२ (२) मा गरिएको नयाँ व्यवस्था अनुसार एक वर्ष वा सोभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्वन्धी मुद्दा हेर्ने क्षेत्राधिकार जिल्ला अदालतमा रहेकोले वन्यजन्तु कसूर सम्वन्धी धेरै मुद्दाको कारवाही जिल्ला अदालतबाट हुने भएकोले पनि यस ऐनमा रहेको कसूर र सजाय सम्वन्धी व्यवस्थालाई परिवर्तन गर्ने गरि पहिलेको व्यवस्था संशोधन गरिएको पाइन्छ।

यसको साथै ऐनमा भएको पाँचौं संशोधनले “जैविक मार्ग” “नमूना” “चिडियाखाना” “स्थानीय जनता” जस्ता केही शव्दको परिभाषा थप गरेको छ। संरक्षण सम्बन्धमा व्यवस्थापन योजना, सुरक्षा र वन्यजन्तुको आक्रमणमा परि धनजनको क्षति भएमा त्यस्तो क्षति वापत राहत दिइने व्यवस्था पनि थप गरेको छ। वन्यजन्तुको अध्ययन अनुसन्धान, प्रजनन् तथा पालन वा शैक्षिक प्रदर्शनीको लागि वन्यजन्तु प्रदान गर्न सकिने, चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने, जैविक मार्गको संरक्षण र सम्वर्द्धन गर्ने, विदेशी मुलुकलाई वन्यजन्तु उपलब्ध गराउन सकिने, आखेटोपहार प्रयोग गर्न दिन वा नष्ट गर्न सकिने व्यवस्थाहरु थप गरिएको छ।

यस ऐनले वन्यजन्तु कसूर रोकथाम र नियन्त्रको सिलसिलामा “राष्ट्रिय निकुञ्ज”, “संनियमित प्राकृतिक आरक्ष”, “वन्यजन्तु आरक्ष”, “शिकार आरक्ष”, “आरक्ष”, “संरक्षण

क्षेत्र”, “आखेटोपहार”, ”अधिकार प्राप्त अधिकारी” जस्ता शब्दको परिभाषित गरेको छ। नेपाल सरकारले आवश्यक ठानेको क्षेत्रलाई राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र तोक्न सक्ने व्यवस्था गरेको छ। निकुञ्ज र आरक्ष क्षेत्रभित्र हुने गैरकानूनी कार्यहरुलाई निषेध गरेको छ। ऐनले संरक्षित वन्यजन्तुलाई सूचीकृत गरेको छ। वन्यजन्तुको शिकार गर्ने कार्यलाई नियमन गर्ने व्यवस्था गरेको छ।

संरक्षणमा जनसहभागिता वढाउनको लागि गैर सरकारी संस्था समेतलाई व्यवस्थापन गर्न दिन सकिने व्यवस्था गरि वन्यजन्तु संरक्षणको कार्यमा सरकारी र निजी क्षेत्रको साझेदारीको अवधारणालाई आत्मसात गरेको छ।

सरकारले राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्र वरिपरिको क्षेत्रलाई मध्यवर्ती क्षेत्र तोक्ने, सम्बन्धित उपभोक्ता समूहको परामर्शमा तयार भएको व्यवस्थापन योजना अनुसार मध्यवर्ती क्षेत्रको व्यवस्थापन गर्नु पर्ने, मध्यवर्ती क्षेत्रका वासिन्दालाई प्राकृतिक क्षति पुग्न गएमा वा वन्यजन्तुको आक्रमणमा परि क्षति पुगेमा सरकारको तर्फबाट राहत दिइने व्यवस्थाले स्थानीय समुदायको सहयोग र समन्वयमा संरक्षण कार्यलाई प्रभावकारी रुपमा लैजान चाहेको देखिन्छ।

यो ऐनले वन्यजन्तु सम्वन्धी कतिपय अनपेक्षित कार्यलाई कसूर मानेको छ। संरक्षित वन्यजन्तु वा पंक्षी मार्ने, घाइते बनाउने, खरिद बिक्री गर्ने, हस्तान्तरण गर्ने, आखेटोपहार राख्ने, खरिद बिक्री गर्ने, ओसारपसार गर्ने, इजाजतपत्र नलिई आखेटोपहारको बिक्री वितरण वा व्यवसाय गर्ने, सीमान चिन्ह बिगार्ने, अनुज्ञापत्र नलिई संरक्षित सूचीमा परेका बाहेक अन्य वन्यजन्तु वा पंक्षी मार्ने वा घाइते बनाउने कार्यलाई यस ऐनले स्पष्टतः निषेध गरि ती कार्यहरुलाई वन्यजन्तु सम्वन्धी कसूरको रुपमा घोषणा गरेको छ।

ऐनले कसूर मानेका कार्य गर्ने कसूरदारलाई हुने विभिन्न सजाय समेत सोही ऐनमा तोकिएको छ। यसको साथै ऐनले निषेध गरेका कार्य हुन नदिन वा कसूर गर्ने कसूरदारलाई कानूनी कारवाहीमा ल्याउने सम्बन्धमा तोकिएको अधिकारीले आशङ्कित ठाउँको खानतलासी लिन सक्ने, कसूरदारलाई गिरफ्तार गर्न सक्ने, मुद्दा हेर्ने अधिकारीको अनुमतिले अनुसन्धानको क्रममा हिरासतमा राख्न सक्ने समेतको अधिकार प्रदान गरेको छ। यसै गरि वन्यजन्तु कसूर सम्वन्धी मुद्दाको अनुसन्धान तहकिकात र

दायरी एवं मुद्दा हेर्ने अधिकारी सम्वन्धी व्यवस्था समेत गरेको छ। यस ऐन अन्तर्गतको कसूर सम्वन्धी मुद्दामा नेपाल सरकार वादी हुन्छ।

## ३. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्रराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३

दुर्लभ वन्यजन्तु एवं वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि, (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora, 1973 (CITES)) सन् १९७३ मा पारित भई सन् १९७५ देखि लागू भएको हो। CITES एक बाध्यकारी अन्तर्राष्ट्रिय सम्झौता हो जसमा विभिन्न मुलुकहरु स्वेच्छाले पक्ष राष्ट्र भएका छन्। पक्ष बनेपछि उनीहरूले यो महासन्धि कार्यान्वयन गर्नु पर्छ। प्रत्येक पक्षराष्ट्रले यो महासन्धि कार्यान्वयन गर्नको लागि राष्ट्रिय कानून बनाउनु पर्छ। यही राष्ट्रिय दायित्व अन्तर्गत नेपालले यसको कार्यान्वयनको लागि "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३" बनाएको छ।

यस ऐनले "महासन्धि" भन्नाले संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.मा सन् १९७३ को मार्च ३ तारेखका दिन सम्पन्न भएको सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी महासन्धि (कन्भेन्सन अन इन्टरनेशनल ट्रेड इन इण्डेन्जर्ड स्पेसिस अफ वाइल्ड फाउना एण्ड फ्लोरा) सम्झनु पर्ने भनि परिभाषा गरेको छ। यसले "लोपोन्मुख वन्यजन्तु वा वनस्पति" "वैज्ञानिक निकाय" "व्यवस्थापन निकाय" "सङ्कटापन्न वन्यजन्तु वा वनस्पति" जस्ता शव्दहरुको पनि परिभाषा गरेको छ।

यस ऐनले सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूनाको कारोवार सम्वन्धी व्यवस्थामा, दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पति वा सोको नमूनाको कारोवार वा व्यापार गर्न वा गराउन नहुने, संरक्षित वन्यजन्तु वा वनस्पतिको नमूनाको कारोवार गर्न सकिने सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूनाको दर्ता सम्वन्धी व्यवस्था र व्यवस्थापन निकाय तथा वैज्ञानिक निकाय सम्वन्धी व्यवस्था गरेको छ। यस ऐनको पहिलो संशोधन २०७५ ले कुनै व्यक्तिले निजी जग्गामा लोपन्मुख वनस्पति रोप्न, त्यसरी रोपिएको र निजी जग्गामा प्राकृतिक रुपमा उम्रिएको लोपन्मुख वनस्पति हुर्काउन, सोको नमूना उत्पादन गर्न, राख्न र प्रयोग गर्न सक्ने गरि कानूनी व्यवस्था गरेको छ।

यसको साथै ऐनले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पति राष्ट्रिय समन्वय समितिको गठनको समेत व्यवस्था गरेको छ।

यस ऐनले देहायको कुनै काम गरे गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिने र कैद तथा जरिवानाको सजाय हुने व्यवस्था गरेको छ।

- दुर्लभ, लोपोन्मुख वा संरक्षित वन्यजन्तु वा वनस्पति वा सोको नमूना खरीद बिक्री गर्ने, आफूसंग राख्ने, प्रयोग गर्ने, पालनपोषण गर्ने, रोप्ने, हुर्काउने, नियन्त्रित प्रजनन गर्ने, ओसारपसार गर्ने, निकासी वा पैठारी गर्ने कार्य,
- सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूना दर्ता नगर्ने,
- अनुमति नलिई सङ्कटापन्न वन्यजन्तु वा वनस्पति वा सोको नमूना हक हस्तान्तरण वा नामसारी गराउने,
- यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कुनै कार्य गर्ने,
- उपर्युक्त कुनै कसूर गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने र कुनै किसिमले सहयोग पुऱ्याउने,
- यस ऐन अन्तर्गतको कसूरको अनुसन्धान सम्वन्धी कार्यमा बाधा विरोध गर्ने।

यो ऐन अन्तर्गतको कसूर सम्वन्धी मुद्दा नेपाल सरकार वादी हुन्छ। यो ऐन अन्तर्गतको कसूर सम्वन्धी मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई छ।

यो ऐन अन्तर्गतको कसूरको अनुसन्धान गर्ने अधिकार राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको हकमा सम्बन्धित संरक्षक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र अन्य क्षेत्रको हकमा डिभिजन वन कार्यालय रहेको जिल्लामा डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी तथा डिभिजन वन कार्यालय नरहेको जिल्लामा नेपाल सरकारले तोकेको अधिकृतस्तरको कर्मचारीलाई हुन्छ। नेपाल सरकारले यस ऐन अन्तर्गतको कसूरको अनुसन्धानको लागि संयुक्त अनुसन्धान टोली गठन गर्न वा नेपाल सरकारको कुनै अधिकृतलाई तोक्न सक्छ।

## ४. वन ऐन, २०७६

वन ऐन, २०७६ को प्रस्तावनामा वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गरि राष्ट्रिय समृद्धिमा योगदान गर्न उद्देश्यले वन

सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले यो ऐन बनाइएको भन्ने उल्लेख भएको छ। वन ऐन, २०४९ लाई खारेज गरि जारी भएको यो नयाँ ऐनले साविकको ऐन भन्दा कतिपय नयाँ व्यवस्थाहरु गरेको छ। राष्ट्रिय वनमा भू-उपयोग योजना, सिमसार क्षेत्रको व्यवस्थापन, सशस्त्र वन रक्षक सम्वन्धी व्यवस्था जस्ता पहिले नभएका व्यवस्थाहरुलाई यसले कानूनी रुप दिएको छ।

वन ऐन, २०७६ ले वन सम्वन्धी कसूर र सजाय सम्वन्धी साविकको कानूनी व्यवस्थामा भने धेरै परिवर्तन गरेको देखिँदैन।

वन्यजन्तु संरक्षण र वन्यजन्तु सम्वन्धी कसूरको सन्दर्भमा हेर्दा यस ऐनले शिकार खेल्ने, वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने कार्यलाई कसूर मानेको छ। यस्तो निषेधित काम गरेमा वन्यजन्तु संरक्षण सम्वन्धी प्रचलित कानून बमोजिमको सजाय हुने व्यवस्था गरेको छ।

यस ऐन अन्तर्गतको कसूर गर्ने कसूरदारलाई उम्काउने व्यक्तिलाई वा कसूर गर्न दुरुत्साहन दिने वा मिलोमतो गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सरहको सजाय हुन्छ। कसूर गर्न उद्योग गर्नेलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुन्छ।

वन ऐन, २०७६ ले कसूरको जाँचबुझ र कार्यविधि सम्बन्धमा पनि व्यवस्था गरेको छ। यसले साविकको व्यवस्था प्रकारान्तरले यथावत कायम राखेको छ। अनुसन्धान र मुद्दाको दायरी सम्बन्धमा यसले कम्तिमा वन सहायक वा सहायक प्रहरी निरीक्षक दर्जाको कर्मचारीले कुनै स्थानको खानतलासी लिन सक्ने व्यवस्था गरेको छ।

यस ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसूर सम्वन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले तोकेको प्रदेश सरकारको कर्मचारीले र एक वर्षभन्दा बढी कैद सजाय हुने कसूर सम्वन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले तोकेको नेपाल सरकारको कर्मचारीले गर्ने व्यवस्था छ।

यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुन्छ। दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारवाही र किनारा गर्दछ। यो भन्दा बढी सजाय हुने मुद्दा सम्बन्धित जिल्ला अदालतले कारवाही र किनारा गर्दछ। डिभिजन वन अधिकृतले कारवाही गरेको मुद्दामा जिल्ला अदालतमा पुनरावेदन लाग्दछ।

# खण्ड - तीन

## अनुसन्धान अधिकारीले ध्यान दिनु पर्ने विशेष कानूनी व्यवस्था

### १. नेपालको संविधान

नेपालको संविधानले नेपाली नागरिकलाई विभिन्न मौलिक हकहरु प्रत्याभूत गरेको छ। ती मौलिक हकहरु मध्ये केही हक न्याय प्रशासनसँग सम्बन्धित छन्। कुनै पनि कसूरको अनुसन्धान वा मुद्दाको कारवाही गर्ने अधिकारीले यी हकहरुको बारेमा स्पष्ट जानकारी राख्नु पर्दछ र कानून कार्यान्वयनको सिलसिलामा यी हकहरुको पूर्ण सम्मान गर्नु पर्दछ।

o **न्याय सम्वन्धी हक:**[२]

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई देहाय बमोजिमको न्याय सम्वन्धी हक प्रत्याभूत गरेको छ।

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।
- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ।
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन।

[२] नेपालको संविधानको धारा २०

- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।
- कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन।
- कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन।
- प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारवाहीको जानकारी पाउने हक हुनेछ।
- प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाईको हक हुनेछ।
- असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ।

- **अपराध पीडितको हकः**[३]
  - अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्वन्धी जानकारी पाउने हक हुनेछ।
  - अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ।
- **यातना विरुद्धको हकः**[४]
  - पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन।
  - त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

[३] नेपालको संविधानको धारा २१

[४] नेपालको संविधानको धारा २२

## २. मुलुकी अपराध संहिता, २०७४

- **फौजदारी न्यायका सामान्य सिद्धान्तहरु:**

१. **कानून बमोजिमको काम कसूर नहुने:** कानून बमोजिम गर्नु पर्ने वा कानूनले क्षम्य मानेको कामलाई कसूर मानिदैन।[५]

२. **कानून बमोजिम बाहेक सजाय नहुने:** कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुँदैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएकोभन्दा बढी सजाय हुँदैन।[६]

३. **तथ्यको भ्रममा परि गरेको काम कसूर नहुने:** तथ्यको भ्रममा परि कानून बमोजिम गर्नु पर्ने वा क्षम्य मानिएको विश्वास गरि असल नियतले गरेको कुनै काम कसूर मानिदैन।[७]

४. **कानूनको अनभिज्ञतामा गरिएको काम क्षम्य नहुने।**[८]

५. **एउटै कसूरमा दोहोरो सजाय नहुने:** कुनै व्यक्ति विरुद्ध अदालतमा एउटै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिदैन।[९]

६. **स्वच्छ सुनुवाईबाट वञ्चित नहुने:** कुनै व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट हुने कारवाहीमा स्वच्छ सुनुवाईबाट वञ्चित गर्नु हुँदैन।[१०]

७. **आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने:** कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्दैन।[११]

८. **कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने:** कुनै कसूको अभियोग लागेको व्यक्तिलाई त्यस्तो कसूर गरेको प्रमाणित नभएसम्म कसूरदार मानिदैन।[१२]

---

[५] मुलुकी अपराध संहिता, २०७४ को दफा ६
[६] मुलुकी अपराध संहिता, २०७४ को दफा ७
[७] मुलुकी अपराध संहिता, २०७४ को दफा ८
[८] मुलुकी अपराध संहिता, २०७४ को दफा ८
[९] मुलुकी अपराध संहिता, २०७४ को दफा ९
[१०] मुलुकी अपराध संहिता, २०७४ को दफा १०
[११] मुलुकी अपराध संहिता, २०७४ को दफा ११
[१२] मुलुकी अपराध संहिता, २०७४ को दफा १२

९. **बालबालिकाले गरेको काम कसूर नहुनेः** दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर मानिंदैन।[१३]

१०. **होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर नमानिनेः** कुनै काम गर्दाका बखत मानसिक अस्वस्थताको कारणले त्यस्तो कामको प्रकृति, गुण, दोष वा परिणाम बुझ्न नसक्ने गरि होस ठेगानमा नरहेको व्यक्तिले गरेको काम कसूर मानिंदैन। [१४]

११. **निजी रक्षाको लागि गरेको काम कसूर नमानिनेः** प्रत्येक व्यक्तिलाई आफ्नो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउने अधिकार हुन्छ। तत्काल कुनै काम नगरेमा आफ्नो वा अरु कसैको जिउ, ज्यान वा सम्पत्तिलाई कुनै गैरकानूनी क्षतिबाट बचाउन सकिंदैन भन्ने मनासिव विश्वास भए वा विश्वास गर्नु पर्ने मनासिव कारण भएको अवस्थामा निजी रक्षाको अधिकार प्रयोग गर्दा भएको कुनै काम कसूर मानिंदैन।[१५]

१२. **बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकालाई सजाय हुनेः** कसैले कुनै बालबालिकालाई फकाई, सिकाई वा प्रभावमा पारी कुनै कसूर गर्न लगाएको रहेछ भने त्यसरी कसूर गर्न लगाउने व्यक्तिलाई निज आफैंले त्यस्तो कसूर गरे सरह सजाय हुन्छ।[१६]

१३. **अपराध पीडितलाई मुद्दाको कारवाहीको जानकारी र क्षतिपूर्ति पाउने हक हुनेः** अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्वन्धी जानकारी पाउने हक हुन्छ। अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ।[१७]

- **सान्दर्भिक केही फौजदारी कसूरहरु**

    १. **वदनियतपूर्वक अनुसन्धान तथा अभियोजन गर्न नहुनेः** कानून बमोजिम अनुसन्धान तथा अभियोजन गर्ने जिम्मेवारी भएको अधिकारीले निर्दोष

---

[१३] मुलुकी अपराध संहिता, २०७४ को दफा १३
[१४] मुलुकी अपराध संहिता, २०७४ को दफा १४
[१५] मुलुकी अपराध संहिता, २०७४ को दफा २४
[१६] मुलुकी अपराध संहिता, २०७४ को दफा २८
[१७] मुलुकी अपराध संहिता, २०७४ को दफा ३२

व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले वदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन हुँदैन।[१८]

२. **भेदभावपूर्ण व्यवहार गर्न नहुनेः** कानून बमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकारको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन।[१९]

३. **यातना दिन नहुनेः** कानून बमोजिम कसूरको अनुसन्धान गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन, दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न गराउन हुँदैन।[२०]

४. **मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राख्न नहुनेः** कानून बमोजिम थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई पनि कानून बमोजिम उपलब्ध गराउनु पर्ने सुविधा नदिई वा थुनामा राखिएको ठाउँमा उपलब्ध न्यूनतम मानवोचित सुविधा नदिई थुनामा राख्न वा राख्न लगाउन हुँदैन।[२१]

५. **गोप्य तरिकाले थुनामा राख्न नहुनेः** अधिकार प्राप्त अधिकारीले कुनै व्यक्तिलाई थुनामा राख्दा निज थुनिएको कुरा वा थुनिएको ठाउँको जानकारी नहुने गरि वा पत्ता नलाग्ने गरि गोप्य रुपमा थुनामा राख्न हुँदैन।[२२]

६. **व्यक्ति बेपत्ता पार्ने काम गर्न गराउन नहुनेः** कसैले कसैलाई बेपत्ता पार्ने कार्य गर्न वा गराउन हुँदैन। कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान

[१८] मुलुकी अपराध संहिता, २०७४ को दफा ९९
[१९] मुलुकी अपराध संहिता, २०७४ को दफा १६०
[२०] मुलुकी अपराध संहिता, २०७४ को दफा १६७
[२१] मुलुकी अपराध संहिता, २०७४ को , २०७४ को दफा २०१
[२२] मुलुकी अपराध संहिता, २०७४ को दफा २०३

गर्न वा कानून कार्यान्वयन गर्न अख्तियार पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई पक्राउ गरेको वा नियन्त्रणमा लिएको मितिले बाटोको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई वा सरोकारवालालाई भेटघाट गर्न नदिई निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने जानकारी नदिने कार्यलाई व्यक्ति बेपत्ता पार्ने कार्य भनि परिभाषित गरिएको छ। यसरी व्यक्ति वेपत्ता पारिएको अवस्थामा पक्राउ गर्न, थुनामा राख्न वा नियन्त्रणमा लिन आदेश दिने र त्यस्तो आदेश कार्यान्वयन गर्ने दुबै थरी व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिन्छन्।[२३]

## ३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

- **कुनै ऐनमा छुट्टै व्यवस्था भएकोमा असर नपर्ने**

कुनै कसूरको सन्दर्भमा अनुसन्धान, अभियोजन, सुनुवाई, फैसला वा अन्य कुनै कारवाहीको सम्बन्धमा छुट्टै ऐनमा व्यवस्था गरिएको रहेछ भने त्यस्तो विषय कार्यविधि संहिताको कुराले असर नपर्ने र छुट्टै ऐनमा व्यवस्था नभएको विषयमा संहिताको व्यवस्था लागू हुन्छ।[२४]

- **महान्यायाधिवक्ताले निर्देशन दिन सक्नेः**

नेपाल सरकारबाट दायर हुने कुनै फौजदारी मुद्दामा भई रहेको अनुसन्धानको बारेमा महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन सक्छ। त्यस्तो जानकारी लिँदा कसूरको अनुसन्धान अपर्याप्त भएको वा अनुसन्धानमा खास विधि, उपाय वा तरिका नअपनाइएको वा थप अनुसन्धान गर्नुपर्ने भन्ने लागेमा महान्यायाधिवक्ताले अनुसन्धान अधिकारी वा निजको विभागीय प्रमुखलाई आवश्यक निर्देशन दिन सक्छ। महान्यायाधिवक्ताले दिएको त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुन्छ।[२५]

---

[२३] मुलुकी अपराध संहिता, २०७४ को दफा २०६

[२४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३

[२५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २७

- **सरकारी वकीलसंग राय सल्लाह माग्न सक्नेः**

  वन्यजन्तु कसूरको अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीलाई अनुसन्धान सम्वन्धी कुनै विषयमा राय सल्लाहको आवश्यकता परेमा निजले सरकारी वकीलसँग राय सल्लाह माग गर्न सक्छ। त्यसरी राय सल्लाह माग भएकोमा सरकारी वकीलले अनुसन्धान अधिकारीलाई आफ्नो राय सल्लाह दिनु पर्छ। त्यसरी राय सल्लाह दिने सिलसिलामा सरकारी वकीलले अनुसन्धानको विषयमा कुनै निर्देशन दिन आवश्यक देखेमा अनुसन्धान अधिकारीलाई त्यस्तो निर्देशन दिन सक्छ। सरकारी वकीलले दिएको अनुसन्धान सम्वन्धी निर्देशन पालना गर्नु अनुसन्धान अधिकारीको कर्तव्य हुन्छ।[२६]

- **सरकारी वकीलको निर्देशन बमोजिम अनुसन्धान गर्नु पर्नेः**

  १- कुनै जाहेरी दरखास्त वा सूचनामा उल्लिखित कसूरको सम्बन्धमा सूचनादाता र अन्य व्यक्ति समेतलाई बुझ्दा उक्त सूचनाको सत्यता प्रमाणित हुन नसकेकोले तत्काल अनुसन्धानको कारवाही अगाडि बढाउन आवश्यक नहुने भनि अनुसन्धान अधिकारीले सूचना तामेलीमा राख्ने प्रयोजनको लागि सरकारी वकील कार्यालयमा प्रतिवेदन पठाउँदा सरकारी वकील कार्यालयबाट उक्त कसूर सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने भनि कारण खुलाई निर्देशन प्राप्त भएमा अनुसन्धान अधिकारीले सरकारी वकीलको निर्देशन बमोजिम त्यस्तो कसूरको सम्बन्धमा थप अनुसन्धान गर्नु पर्छ।[२७]

- सरकारी वकीलले अनुसन्धान अधिकारीले पठाएको प्रारम्भिक अनुसन्धान प्रतिवेदन अध्ययन गर्दा कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न आवश्यक निर्देशन दिनु पर्ने देखेमा त्यसको कारण खुलाई अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्छ। सरकारी वकीलले दिएको त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुन्छ।

---

[२६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २६

[२७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११(२) र (३)
कार्यविधि संहिताको दफा १०(३) र (४)

- **अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिनेः**

वन्यजन्तु सम्वन्धी कुनै कसूर सम्बन्धमा कसूरको गम्भीरताको कारणले सम्बन्धित अनुसन्धान अधिकारीबाट मात्र त्यस्तो कसूरको अनुसन्धान हुन नसक्ने भई छुट्टै अनुसन्धान टोली गठन गर्न उपयुक्त हुने कुरा अनुसन्धान अधिकारीको तालुक अधिकारीलाई लागेमा निजले आफू मातहतका कर्मचारीहरु संलग्न रहने गरि र महान्यायाधिवक्ताको परामर्श लिएर अन्य विशेषज्ञ समेत रहने गरि अनुसन्धान टोली गठन गर्न सक्छ। यस्तो विशेष अनुसन्धान टोली गठन भएमा अनुसन्धान अधिकारीले गरेको अनुसन्धान सम्वन्धी विवरण उक्त टोलीलाई हस्तान्तरण गर्नु पर्छ।[२८]

- **अर्को निकायको कार्यक्षेत्रमा प्रवेश गर्न सकिनेः**

तत्काल कारवाही नगरेमा कसूरदार भाग्ने उम्कने वा प्रमाण लोप हुने सम्भावना भएमा अनुसन्धान अधिकारीले आफ्नो कार्यक्षेत्रभन्दा बाहिरको अर्को अधिकारीको कार्यक्षेत्रमा गएर पनि आवश्यक कारवाही गर्नु पर्दछ। त्यसरी अर्को निकाय वा अधिकारीको कार्यक्षेत्र भित्र गई कुनै कारवाही गर्नु पर्ने भएमा सम्बन्धित अधिकारी वा निकायलाई र आफूभन्दा माथिल्लो निकायलाई त्यसको जानकारी दिनु पर्छ।[२९]

- **अनुसन्धान गर्नको लागि अन्य निकायमा पठाउन सकिनेः**

वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान गर्दै जाँदा उक्त मुद्दा अन्य कानून अन्तर्गत अरु नै अधिकारी वा निकायबाट अनुसन्धान गर्नु पर्ने देखिएमा अनुसन्धान अधिकारीले आफूले गरेको अनुसन्धानको प्रगति विवरण सहित त्यस्तो कसूरको अनुसन्धान गर्ने सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्छ।[३०]

वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान गर्दा सो कसूर ***संगठित अपराध*** देखिएमा उजूरी, आरोप लागेको व्यक्ति र अनुसन्धानको सिलसिलामा तयार भएका कागजात

---

[२८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२(१), (२) र (४)

[२९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(२), (३) र (४)

[३०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २९

तथा संकलित प्रमाण सम्बन्धित प्रहरी कार्यालयमा पठाउनु पर्ने भनि कानूनी व्यवस्था छ।[३१]

- **<u>झुट्टा वा काल्पनिक सूचनालाई तामेलीमा राख्न सकिने:</u>**

  वन्यजन्तु सम्वन्धी कुनै कसूर भएको वा हुन लागेको भनि प्राप्त भएको जाहेरी दरखास्त वा सूचनाको विषयमा जाहेरवाला वा सूचनादाता वा अन्य सम्बन्धित व्यक्तिलाई बुझ्दा जाहेरी दरखास्त वा सूचनामा उल्लेख भएको विवरण काल्पनिक, भ्रमपूर्ण वा झुट्टा रहेछ भन्ने देखिन आएमा अनुसन्धान अधिकारीले त्यस्तो जाहेरी दरखास्त वा सूचनाको सम्बन्धमा थप अनुसन्धान गर्न आवश्यक नभएको वा अनुसन्धान गर्न निरर्थक हुने भनि सबै व्यहोरा खुलाई सामान्यतया तीन दिनभित्र ***सरकारी वकील कार्यालयमा*** प्रतिवेदन पठाउनु पर्छ। त्यस्तो प्रतिवेदन प्राप्त भएमा सरकारी वकीलले अध्ययन गरि तत्काल अनुसन्धान गर्न मनासिव आधार नदेखिएमा त्यसको कारण खुलाई थप प्रमाण प्राप्त हुन आएका बखत अनुसन्धान गर्न सकिने गरि तत्काल सो कारवाहीलाई तामेलीमा राख्न निर्देशन दिन सक्छ। त्यस्तो निर्देशन प्राप्त भएमा अनुसन्धान अधिकारीले तदनुरुप उक्त दरखास्त वा सूचना उपरको कारवाही तामेलीमा राख्नु पर्छ।[३२]

- **<u>प्रमाण संरक्षण गर्ने:</u>**

  वन्यजन्तु कसूरको अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारी वा त्यस्तो कसूरको अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारीले वन्यजन्तु सम्वन्धी कुनै पनि कसूर भएको, भइरहेको वा हुन लागेको भन्ने सूचना वा जानकारी पाएमा कसूरदारलाई कसूर गर्नबाट रोक्ने र कसूरसँग सम्बन्धित प्रमाण नाश हुन नदिने र कसूर गर्ने व्यक्ति भाग्न उम्कन नपाउने व्यवस्था यथाशीघ्र गर्नुपर्छ।[३३]

- **<u>कुनै व्यक्ति, निकाय वा अधिकारीको मद्दत लिन सकिने:</u>**

  अनुसन्धान अधिकारीले कुनै प्रमाण लोप हुन नदिन वा कसूरदारलाई पक्राउ गर्न कुनै निकाय, अधिकारी वा व्यक्तिसँग मद्दत माग्न सक्छ। त्यसरी सहयोग मागेमा

---

[३१] संगठित अपराध निवारण ऐन, २०७० को दफा २०(२)

[३२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११(१) र (२)

[३३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(१) र (४)

सम्बन्धित व्यक्ति, निकाय वा अधिकारीले अनुसन्धान अधिकारीलाई आवश्यक मद्दत दिनु निजको कर्तव्य हुन्छ।[३४]

- **विशेषज्ञको राय लिन सकिनेः**

- वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा कुनै कुरा निश्चित गर्न त्यस्तो विषयका विशेषज्ञसँग अनुसन्धान अधिकारीले राय लिन सक्छ। त्यस्तो विशेषज्ञ सरकारी वा गैरसरकारी जुनसुकै क्षेत्रको व्यक्ति हुन सक्छ।[३५]

- **साक्षी वा पीडितको संरक्षण गर्नेः**

कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा बकपत्र गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले त्यसको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत (मुद्दा हेर्ने अधिकारी) समक्ष निवेदन दिन सक्छ। अदालत (मुद्दा हेर्ने अधिकारी) ले त्यस्तो साक्षीको सुरक्षाको प्रवन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्छ। अदालतले आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुनेछ।[३६]

- **असल नियतले गरेकोमा कारवाही नहुनेः**

कुनै कसूर सम्वन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले असल नियतले गरेको काम कारवाही उपर कुनै कारवाही हुन सक्ने छैन।[३७]

[३४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(५)
[३५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २३
[३६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११४
[३७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८८

# खण्ड — चार
# वन्यजन्तु कसूरको अनुसन्धान र मानव अधिकार संरक्षण

## १. मानव अधिकारको अवधारणा

वन्यजन्तु संरक्षणको क्षेत्रमा खटिने संरक्षणकर्मीको प्रमुख कर्तव्य वन्यजन्तुको जीवन बचाउने, तिनको वासस्थानको संरक्षण, व्यवस्थापन र विस्तार गर्ने, वन्यजन्तुको सम्पूर्ण जीवन चक्रमा नै बाह्य हस्तक्षेप हुन नदिई प्राकृतिक जीवन प्रणालीलाई हर तरहले संरक्षित र सुरक्षित राख्ने हो। यसैसँग जोडिएको विषय वन्यजन्तुको अवैध शिकार र तिनको आखेटोपहारको अवैध व्यापार, वासस्थान अतिक्रमण गर्ने व्यक्ति पत्ता लगाई कानूनी कारवाहीमा ल्याउने कार्यमा पनि संरक्षणकर्मीको जवाफदेहिता रहेको हुन्छ।

वन्यजन्तु कसूरको अनुसन्धान र अभियोजनको क्रममा अधिकारप्राप्त अधिकारीले आशङ्कित व्यक्तिलाई पक्राउ गर्ने, थुनामा राख्ने, कसूर सम्वन्धी प्रमाण सङ्कलन गर्ने, परिक्षण गराउने लगायतका काम गर्नु पर्ने हुन्छ। यी काम गर्दा अधिकारप्राप्त अधिकारीले कानूनले निर्धारण गरेको कार्यविधिलाई अक्षरशः पालना गर्दै अगाडि बढ्नु पर्ने हुन्छ। अनुसन्धान कार्य गर्दा आशङ्कित व्यक्ति वा अभियुक्तको मानव अधिकारको उल्लङ्घन नहुने गरि गर्नु पर्दछ।

मानिसलाई मानिस भएर बाँच्नका लागि नभई नहुने अधिकारहरुलाई विश्वव्यापी रुपमा मानव अधिकारको रुपमा मान्यता दिईएको छ। मानव अधिकार प्राकृतिक अधिकार भएको कारणले यो जन्मसिद्ध अधिकार पनि हो। मानव अधिकार मानिस भएकै कारण स्वतः प्राप्त हुने हुँदा राज्यले दिने होइन राज्यले त संरक्षण मात्र गर्ने हो। मानव अधिकार अविभाज्य हुने मान्यता छ।

सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्र संघबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ पारित भएको हो। मानव अधिकारको विश्वब्यापी घोषणापत्रमा मुख्यतः सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुने एवं कुनै पनि किसिमको भेदभाव विना प्रत्येक व्यक्तिले यी अधिकार र स्वतन्त्रताहरुको उपभोग गर्न पाउने घोषणा गरिएको छ।

घोषणापत्रले हरेका व्यक्तिको जीवनको स्वतन्त्रता र सुरक्षाको अधिकार, शारीरिक यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यबहार वा सजाय विरुद्धको अधिकार, समान कानूनी संरक्षणको अधिकार, स्वेच्छाचारी गिरफ्तारी विरुद्धको अधिकार, स्वतन्त्र र सक्षम न्यायाधिकरणबाट निष्पक्ष र सार्वजनिक सुनुवाई गरि पाउने अधिकार हुने उद्घोष गरेको छ।

## २. पक्राउ परेका व्यक्तिका आधारभूत मानव अधिकारहरु

पक्राउ परेका व्यक्तिको मानव अधिकारको सन्दर्भमा संयुक्त राष्ट्र संघबाट जारी भएको नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (International Covenant on Civil and Political Rights, 1966) को विशेष कानूनी महत्व रहेको छ। यो प्रतिज्ञापत्रलाई नेपालले १४ मे, १९९१ मा अनुमोदन गरेको छ। नेपालको सन्धि ऐन, २०४७ को दफा ९ ले कुनै अन्तर्राष्ट्रिय सन्धि वा महासन्धि र नेपालको कानून एक आपसमा बाझिएमा अन्तर्राष्ट्रिय सन्धिले प्राथमिकता पाउने व्यवस्था गरेको छ। प्रस्तुत महासन्धि नेपालको कानून सरह लागू हुन्छ। सर्वोच्च अदालतले पनि कैयौं मुद्दामा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि महासन्धि नेपालको कानून सरह लागू गर्नु पर्ने फैसला गरेको छ।

मुद्दाको कारवाहीको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्ने र हिरासतमा राख्ने अधिकारीले यस महासन्धिले प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरेका आधारभूत मानव अधिकारका कुराहरु स्पष्टसँग बुझ्नु पर्छ। पक्राउ गरेको वा थुनामा रहेको व्यक्तिसँग मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजमा रहेका प्रायः सबैजसो व्यवस्थालाई हामीले नेपालको संविधान र नेपाल कानूनमा समावेश गरिसकेकोले पनि यी कानूनी व्यवस्थासँग परिचित हुनुपर्छ। त्यस्ता अधिकारको संरक्षण र सम्मान गर्नु पर्छ। त्यसो हुन नसकेमा व्यक्तिगत दायित्व बहन गर्नु पर्छ भन्ने कुरा समेत थाहा पाउनु पर्छ।

यस प्रसङ्गमा नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ का केही प्रावधानहरु यहाँ उल्लेखनीय छन्। यो प्रतिज्ञापत्रका केही व्यवस्थाहरु अनुसन्धान अधिकारीले आशंङ्कित वा आरोपित व्यक्तिलाई पक्राउ गर्ने, थुनामा राख्ने र मुद्दा चलाउने विषयसँग सम्बन्धित रहेका छन्। अनुसन्धान अधिकारी वा अधिकारप्राप्त अधिकारीले वन्यजन्तु सम्वन्धी कुनै कसूरको अनुसन्धान वा अभियोजनको कार्य गर्दा मानव अधिकारको उल्लङ्घन आफूले नगर्न र आफ्नो मातहतका कर्मचारीबाट

पनि उल्लङ्घन हुन नदिन यी व्यवस्थाहरुको बारेमा जानकारी राख्ने मात्र नभई मानव अधिकार संरक्षणमा पूर्ण प्रतिवद्ध रहनु पर्ने हुन्छ।

प्रतिज्ञापत्रमा उल्लिखित सान्दर्भिक व्यवस्थाहरु निम्नानुसार रहेका छन् -

- कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्नु हुँदैन।[३८]
- कसैलाई पनि स्वेच्छाचारी रुपले पक्राउ गर्न वा थुनामा राख्न पाइदैन। कानूनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रता अपहरण गरिनु हुँदैन।[३९]
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारण सहितको सूचना दिनुपर्छ र निज विरुद्ध लगाइएको आरोपको जानकारी तुरुन्त दिनुपर्छ।[४०]
- कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा मुद्दा हेर्ने अधिकारी समक्ष तुरुन्त उपस्थित गराउनु पर्छ। त्यस्तो व्यक्तिलाई मुनासिव समयभित्र सुनुवाई गरि पाउने वा छुटकारा पाउने अधिकार हुन्छ।[४१]
- गैरकानूनी पक्राउ वा थुनाबाट पीडित व्यक्तिलाई क्षतिपूर्तिको अधिकार हुन्छ।[४२]
- स्वतन्त्रताको अपरहरण गरिएको अर्थात पक्राउ गरिएको व्यक्तिलाई मानवीय रुपले तथा मानिसको अन्तर्निहित प्रतिष्ठा प्रति सम्मान गर्ने किसिमले व्यवहार गर्नुपर्छ।[४३]
- बाल अभियुक्तलाई वयस्कहरुबाट अलग राख्नु पर्छ र उनीहरुको उमेर तथा कानूनी अवस्था सुहाउँदो व्यवहार गर्नु पर्छ।[४४]

---

[३८] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ७

[३९] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९

[४०] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९

[४१] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९

[४२] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ९

[४३] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १०

[४४] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १०

- सबै व्यक्तिहरु अदालत तथा न्यायाधिकरणको अगाडि समान हुन्छन्।[४५]
- फौजदारी कसूरको आरोप लागेको प्रत्येक व्यक्तिलाई देहाय बमोजिमको अधिकार प्राप्त हुन्छ।[४६]
  - कानून बमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरि पाउने,
  - आफू विरुद्धको अभियोगको बारेमा आफूले बुझ्ने भाषामा जानकारी पाउने,
  - आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह गर्न पाउने,
  - आफू स्वयंले वा आफूले रोजेको कानूनी प्रतिनिधि मार्फत प्रतिरक्षा गर्न पाउने,
  - भाषा नबुझ्ने भएमा दोभाषेको निःशुल्क सेवा पाउने,
  - आफ्नो विरुद्ध प्रमाण दिन वा कसूर स्वीकार गर्न बाध्य पार्न नपाउने,
- कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गर्नु हुँदैन।[४७]
- सबै व्यक्ति कानूनको दृष्टिमा समान छन् र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणको हकदार छन्।[४८]

---

[४५] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४

[४६] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १४

[४७] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १७

[४८] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २६

# खण्ड - पाँच

# यातना विरुद्धको कानूनी व्यवस्था, शून्य सहनशीलता र व्यक्तिगत उत्तरदायित्व

## १. सान्दर्भिकता

कुनै कसूरको अनुसन्धानको सिलसिलामा मौकामा पक्राउ परेको वा पछि गिरफ्तार गरिएको आरोपित वा आशङ्कित व्यक्तिलाई अनुसन्धान अधिकारीले कुटपिट गरेको, यातना दिएको, यातनाको कारणले पक्राउ परेको व्यक्तिको ज्यान गएको भन्ने जस्तो विषयहरु बेलाबेलामा चर्चामा आइरहेका हुन्छन्। कतिपय अवस्थामा अनुसन्धान अधिकारीको विरुद्ध नै अर्को मुद्दा चलेको र त्यस्तो अधिकारी उपर कारवाही समेत भएको देखिन्छ। कानून बमोजिमको कर्तव्य पूरा गर्दा पनि किन अनुसन्धान अधिकारीले व्यक्तिगत रुपमा फौजदारी कारवाही व्यहोर्नु पर्ने हुन्छ। यस्तो हुन नदिन के गर्नु पर्छ भन्ने प्रश्नको उत्तर थाहा पाउन यातनाको कानूनी परिभाषा, यातना प्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिकोण र प्रचलित नेपाल कानूनले गरेको व्यवस्थाको बारेमा जानकारी राख्नु पर्ने हुन्छ। यस खण्डमा यातनाको परिभाषा, पीडितका अधिकार र क्षतिपूर्ति सम्वन्धी व्यवस्थाको बारेमा संक्षेपमा उल्लेख गरिएको छ।

यातनाको बारेमा चर्चा गर्दा “यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धी १९८४” (Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment 1984 (CAT Convention)) बाट थालनी गर्नु प्रासंगिक हुन्छ। यो महासन्धिमा नेपालले मे १४, १९९१ मा सम्मिलन गरेको हो। यो महासन्धिको पक्ष भएपछि राष्ट्रिय रुपमा सिर्जना भएको कानूनी दायित्व पूरा गर्न नेपालले संविधान र कानूनमा तदनुरुपका व्यवस्थाहरु समावेश गरेको छ। यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ नामको छुट्टै ऐन बनाएको छ। मुलुकी अपराध संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा सो अनुसारका व्यवस्थाहरु राखिएका छन्।

## २. संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा २२ मा यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा राखिएको छ। यसको उपधारा (१) मा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन भनि स्पष्ट उल्लेख भएको छ।

यसैगरि धारा २२ को उपधारा (२) मा उपधारा (१) बमोजिमको कार्य अर्थात पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई यातना दिने कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था रहेको छ।

## ३. यातनाको परिभाषा

कानूनी अर्थमा यातना के हो भन्ने बुझ्नको लागि सर्वप्रथम यातना विरुद्धको उपर्युक्त महासन्धि र यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ र मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ ले गरेको यातनाको परिभाषालाई बुझ्नु पर्छ। महासन्धिको धारा — १ मा "सम्बन्धित व्यक्ति वा तेस्रो व्यक्तिबाट सूचना वा साविती प्राप्त गर्ने वा निजले वा तेस्रो पक्षले गरेको वा गरेको भनि आशङ्का गरिएको कसूर वापत निजलाई वा तेस्रो पक्षलाई सजाय गर्ने उद्देश्यले जानीजानी सार्वजनिक पदाधिकारी आफैंले वा त्यस्तो पदाधिकारीको मञ्जुरी, आदेश वा उक्साहटमा त्यस्तो व्यक्तिलाई शारीरिक वा मानसिक दुःख वा पीडा दिने कार्य" लाई यातनाको परिभाषामा राखेको छ।

यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ ले "यातना" भन्नाले "अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहार समेत जनाउँछ।" भनि यातनाको परिभाषा गरेको छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ ले सो दफाको प्रयोजनका लागि यातना भन्नाले पक्राउ गरेको, नियन्त्रणमा रहेको, हिरासत, थुना, कैद वा नजरबन्दमा रहेको वा आफ्नो सुरक्षामा रहेको कुनै व्यक्ति वा त्यस्तो व्यक्तिको कारणले अन्य कुनै व्यक्तिबाट कुनै जानकारी हासिल गर्नु, कसूरमा सावित गराउने, दण्ड दिने उद्देश्यले

जानी जानी शारीरिक वा मानसिक पीडा वा कष्ट पुऱ्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिएमा यातना दिएको मानिने छ भनि परिभाषा गरेको छ।

यी परिभाषालाई समष्टिमा बुझ्दा पक्राउ परेको व्यक्ति स्वयम् वा अर्को कुनै व्यक्तिको आपराधिक क्रियाकलाप बारे थाहा पाउनको लागि पक्राउमा रहेको व्यक्तिलाई दिइने शारीरिक वा मानसिक यातना वा निज प्रति गरिने निर्मम, अमानवीय तथा अपमानजनक व्यवहार यातनाको परिभाषा भित्र पर्दछ।

## ४. यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ को व्यवस्था

यो ऐन अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यतना दिए वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरे वापत क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले बनेको हो। यसले मूल रुपमा कुनै मुद्दाको अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा थुनामा रहेको व्यक्तिलाई दिइने शारीरिक वा मानसिक यातना र निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई यातनाको परिभाषा भित्र समावेश गरेको छ।

यस ऐनले स्पष्ट रुपमा अनुसन्धान, तहिककात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको वा हिरासतमा राखिएको व्यक्तिलाई यातना दिने कार्यलाई पूर्ण तवरले निषेध गरेको छ।

यस ऐनले थुनामा रहँदा कुनै पनि व्यक्ति उपर यातना दिने अवस्था सिर्जना हुन नसकोस् र यातना दिएको अवस्थामा त्यस्तो यातना दिने अधिकारीले कानूनी दायित्वबाट उन्मुक्ति पाउन नसकोस् भन्ने अभिप्रायले यस ऐनले हिरासतमा राख्ने अधिकारीले कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजका शारीरिक स्थितिका जाँच गरि गराई सोको अभिलेख खडा गरि राख्नु पर्ने दायित्व निरोपित गरेको छ।

## ५. क्षतिपूर्ति

नेपाल सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा पीडित व्यक्तिलाई यस ऐन बमोजिमको क्षतिपूर्ति दिइने व्यवस्था छ। यस्तो क्षतिपूर्तिको रकम

एकलाख रुपैयाँसम्म हुन सक्छ। यसका साथै अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न सम्बन्धित निकायलाई आदेश दिनुपर्छ।

पीडित व्यक्तिले यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दावी गरि आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजूरी दिन सक्छ। कुनै कारणबाट पीडित व्यक्ति आफैले उजरी दिन नसक्ने अवस्था भएमा त्यसको कारण खोली निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले उजुरी दिन सक्छ। थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानून व्यवसायीले पनि निवेदन दिन सक्छ।

## ६. मुलुकी अपराध संहिता, २०७४ को व्यवस्था

मुलुकी अपराध संहिता, २०७४ ले यातना दिने कार्यलाई फौजदारी कसूरको रुपमा राखि त्यसको लागि सजाय समेतको व्यवस्था गरेको छ। स्मरणीय के छ भने यसमा त्यस्तो कार्य गर्ने व्यक्ति व्यक्तिगत रुपमा उत्तरदायी हुन्छ। अपराध संहिताले यस सन्दर्भमा कसूरको रुपमा राखेको कार्यहरु र तिनमा हुन सक्ने सजायहरु निम्नानुसार रहेका छन्।

**यातना दिन नहुनेः** प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजना गर्ने वा कानून बमोजिम कसैलाई नियन्त्रणमा लिने वा हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रूर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न गराउन हुँदैन। यस्तो कसूर गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुन्छ। यस्तो कसूर गर्ने व्यक्तिबाट पीडितलाई पुगेको क्षति वा पीडा वापत मनासिब क्षतिपूर्ति भराई दिनु पर्छ।[४९]

---

[४९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९

**वदनियतपूर्वक थुनछेक गर्न नहुनेः** कसैले कुनै व्यक्तिलाई कानून बमोजिम बाहेक वदनियतपूर्वक अन्य कुनै किसिमले थुनामा राख्न वा राख्न लगाउन हुँदैन। यस्तो कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुन्छ।[५०]

**मानवोचित न्यूनतम सुविधा नदिई थुनामा राख्न नहुनेः** कानून बमोजिम थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई पनि कानून बमोजिम उपलब्ध गराउनु पर्ने सुविधा नदिई वा थुनामा राखिएको ठाउँमा उपलब्ध न्यूनतम मानवोचित सुविधा नदिई थुनामा राख्न वा राख्न लगाउन हुँदैन। यस्तो कसूर गर्ने व्यक्तिलाई डेढ वर्षसम्म कैद र पन्ध्र हजार रुपैयाँसम्म जरिबाना हुन्छ।[५१]

**छाड्ने आदेश भएकोमा थुनी राख्न नहुनेः** थुनामा रहेको कुनै व्यक्तिलाई थुनाबाट छाड्न कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट आदेश प्राप्त भएपछि त्यस्तो व्यक्तिलाई थुनाबाट नछाडी थुनी राख्न हुँदैन। यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म हुन्छ।[५२]

**गोप्य तरिकाले थुनामा राख्न नहुनेः** अधिकार प्राप्त अधिकारीले कुनै व्यक्तिलाई थुनामा राख्दा निज थुनिएको कुरा वा थुनिएको ठाउँको जानकारी नहुने वा पत्ता नलाग्ने गरि गोप्य रुपमा थुनामा राखु हुँदैन। यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई चार वर्षसम्म कैद र चालीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।[५३]

यी चारवटै कसूर मध्ये कुनै पनि कसूर ठहर भएमा यस बमोजिमको कसूर गर्ने वा गराउने कसूरदारबाट पीडित व्यक्तिलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्ने व्यवस्था छ।[५४]

यस अतिरिक्त अपराध संहितामा कानून बमोजिम पक्राउ गर्न, अनुसन्धान गर्न वा कानून कार्यान्वयन गर्न अख्तियारी पाएको व्यक्ति वा सुरक्षाकर्मीले पक्राउ गरेको, हिरासतमा राखेको वा अन्य कुनै किसिमले नियन्त्रणमा लिएको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष त्यसरी पक्राउ गरेको वा नियन्त्रणमा लिएको मितिले बाटोको म्याद बाहेक

---

[५०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २००

[५१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०१

[५२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०२

[५३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०३

[५४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०४

चौबीस घण्टाभित्र उपस्थित नगराई वा सरोकारवालालाई भेटघाट गर्न नदिई निजलाई कहाँ, कसरी र कुन अवस्थामा राखिएको छ भन्ने सम्बन्धमा जानकारी नदिने कार्यलाई "व्यक्ति बेपत्ता पार्ने कार्य" को रुपमा परिभाषित गरिएको छ। संहिताले यस्तो कार्यलाई फौजदारी कसूर मानी सजायको व्यवस्था समेत गरेको छ।

कुनै व्यक्तिलाई जुन व्यक्तिको आदेशले पक्राउ गरि, थुनामा राखि वा नियन्त्रणमा लिई वेपत्ता पारेको हो त्यस्तो आदेश दिने र त्यस्तो आदेशको कार्यान्वयन गर्ने व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिन्छ। व्यक्ति बेपत्ता पार्ने कार्य कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिको आदेश वा निर्देशन बमोजिम भए गरेको रहेछ भने त्यस्तो आदेश वा निर्देशन दिने व्यक्ति बेपत्ता पार्ने मुख्य कसूरदार मानिन्छ। कसैले आफू मातहतको पदाधिकारी, निकाय वा समूहद्वारा व्यक्ति बेपत्ता पार्ने कार्य गर्न वा गराउन लागेको कुरा थाहा पाएर पनि त्यसको उपेक्षा गरेमा वा त्यस्तो कार्य रोक्ने सम्बन्धमा आवश्यक उपाय नअपनाएमा निजले समेत कसूर गरेको मानिन्छ। एकभन्दा बढी व्यक्तिले सामूहिक रुपमा व्यक्ति बेपत्ता पारेमा त्यस्तो कार्यमा संलग्न प्रत्येक व्यक्ति समान रुपमा कसूरदार मानिन्छन्।

व्यक्ति बेपत्ता पार्नेलाई बेपत्ता पारेको अवधि र अवस्थालाई समेत विचार गरि त्यस्तो काम गर्ने मुख्य कसूरदार मतियार बन्ने वा षड्यन्त्र गर्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिबाना हुन्छ। महिला वा बालबालिका विरुद्ध यस्तो कार्य गरिएको रहेछ भने थप दुई वर्ष कैद सजाय हुन्छ। सरकारी साधन, भवन, हातहतियार वा मालसामान प्रयोग गरि व्यक्ति बेपत्ता पार्ने कसूरदारलाई यस दफामा हुने सजायमा थप एक वर्ष कैद हुन्छ।

यसरी बेपत्ता पारिएको ठहर भएको व्यक्ति पछि सार्वजनिक भएमा वा गरिएमा निजले बेपत्ता पार्ने व्यक्तिबाट मनासिब क्षतिपूर्ति भराई लिन पाउँछ। बेपत्ता पारिएको व्यक्तिको मृत्यु भइसकेको भए यस्तो क्षतिपूर्ति निजको नजिकको हकवालाले भराई लिन पाउँछ।

### ७. यातना विरुद्धको शून्य सहनशीलता

सार्वजनिक अधिकारी आफ्नो नियन्त्रणमा लिएको व्यक्तिलाई कुनै पनि शारीरिक तथा मानसिक यातना दिने वा उसलाई निर्मम, अमानवीय तथा अपमानजनक व्यवहार गर्ने कार्यलाई निषेध गर्ने, त्यस्तो कार्यलाई कसूर घोषित गर्ने, यतना दिने व्यक्तिका विरुद्ध

कानूनी कारवाही गर्ने र यातना पीडितलाई क्षतिपूर्ति दिने सम्वन्धी व्यवस्था गर्ने यातना विरुद्धको महासन्धिमा नेपाल सम्मिलित भएको छ। यस महासन्धि अनुसारको राष्ट्रिय दायित्व बहन गर्ने प्रतिवद्धता जनाएको छ।

यातना विरुद्धको संरक्षणलाई नेपालको संविधानले व्यक्तिको मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। यातना पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हक राख्ने कुरालाई संवैधानिक प्रत्याभूति दिएको छ।

यातना पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने उद्देश्य प्राप्तिको लागि यातना सम्वन्धी क्षतिपूर्ति ऐन तर्जुमा भई कार्यान्वयनमा छ। यस ऐन अन्तर्गत विभिन्न सरकारी अधिकारी विरुद्ध चलेका मुद्दामा अदालतबाट क्षतिपूर्ति भराउने र विभागीय कारवाहीको लागि आदेश दिने गरेको छ।

मुलुकी अपराध संहिता, २०७४ ले हिरासत लिएको वा थुनामा रहेको व्यक्तिबाट कुनै विषयमा जानकारी हासिल गर्ने, कुनै कसूरमा सावित गराउने, कुनै कार्यको लागि दण्ड दिने, जोर जुलुम वा त्रास देखाउने वा कानून विपरितका अन्य कुनै कार्य गर्ने उद्देश्यले त्यस्तो व्यक्तिलाई शारीरिक वा मानसिक कष्ट वा पीडा पुऱ्याएमा वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरेमा वा सजाय दिएमा यातना दिएको मानिने र त्यस्तो यातना दिने व्यक्तिलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवानाको साजय हुन सक्ने र कसूर गर्ने व्यक्तिबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था गरेको छ।

यी संवैधानिक तथा कानूनी प्रावधानले कुनै कसूर अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको वा थुनामा राखिएको व्यक्तिलाई कुनै पनि प्रकारको शारीरिक वा मानसिक यातना दिनु हुँदैन भनि स्पष्ट रुपमा निषेध गरेको छ। हुँदैन भनेको हुँदैन नै हो। यसमा कुनै तर, पनि, तापनि, आदि इत्यादि केही छैन। थुनामा रहेको व्यक्तिलाई यातना दिने वा दिन लगाउने अधिकारी व्यक्तिगत रुपमा उत्तरदायी हुन्छ। यसबाट यातना प्रतिको शून्य सहनशीलता स्पष्ट हुन्छ।

# खण्ड — छ
# वन्यजन्तु कसूर सम्वन्धी मुद्दामा न्यायिक दृष्टिकोण

## १. विषय प्रवेशः

कानूनको शासन भनेको सरकारी निकायबाट हुने सबै काम कानून बमोजिम हुन्छन्, नागरिक व्यवहार कानून बमोजिम चलेको हुन्छ, कानून उल्लङ्घन गर्ने जो कोहीले पनि कानूनी कारवाही व्यहोर्नु पर्छ, कसूर गर्नेलाई कानून बमोजिम सजाय हुन्छ भन्ने प्रत्याभूति हो। यसैलाई कानूनी राज्यको मूल्य मानिएको छ। नेपालको संविधानले प्रस्तावनामा नै कानूनी राज्यको अवधारणाको मूल्य र मान्यतामा आधारित रहेर समृद्ध राष्ट्र निर्माण गर्ने कबुल गरेको छ।

कुनै काम कारवाही कानून बमोजिम भएको छ छैन भन्ने अन्तिम व्याख्या अदालतबाट हुने गर्दछ। कुनै देशमा कानूनको प्रयोग कसरी गरिएको छ वा कस्तो कानूनी प्रावधानको प्रयोग कसरी भएको छ भन्ने कुराको मापन अदालतको निर्णय र व्याख्याबाट गरिने हो। हाम्रो सन्दर्भमा पनि वन्यजन्तु कसूरको बारेमा के कस्तो कानूनी प्रावधानलाई कसरी व्याख्या गरिएको छ भन्ने कुरा थाहा पाउन अदालतका निर्णयहरुको आधारमा हेरिनु पर्छ। नेपालको संविधानले संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने व्यवस्था गरेको छ। यसै गरि मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्ने भनि संविधानिक व्यवस्था छ।

यस पृष्ठभूमिमा वन्यजन्तु कसूरको अनुसन्धान, अभियोजन र मुद्दाको कारवाहीको क्रममा अदालतबाट के कस्ता व्याख्या, निर्णय र आदेश भएका छन् भन्ने थाहा पाउन सकेमा सम्बन्धित अधिकारीले कुनै खास विषयमा न्यायिक दृष्टिकोण के कस्तो रहेको छ भन्ने बुझेर त्रुटि रहित ढङ्गले आफ्ना काम कारवाहीहरु सम्पादन गर्न सक्ने भएकोले यस सम्बन्धमा सर्वोच्च अदालतबाट भएका केही निर्णयको सार तल उल्लेख गरिएको छ।

## २. अधिकारक्षेत्रको प्रश्नः

नेपाल सरकार वि. जंगबहादुर ठेडी मगर भएको[५५] मुद्दामा जंगबहादुरले कपिलवस्तु वाणगङ्गा गा.वि.स. अन्तर्गत वेठनीको राष्ट्रिय वनको अन्दाजी एक कट्ठा जग्गामा झाडी काटी रहेको अवस्थामा वन कर्मचारीद्वारा पक्राउ परि कारवाही चलेको थियो। उनले अदालतमा बयान गर्दा विवादित जग्गा कपिलवस्तु जिल्ला अन्तर्गतको होइन अर्घाखाँची जिल्ला सिमलपानी गा.वि.स. अन्तर्गतको आफूले राजिनामा पास गरि लिएको जग्गा हो भन्ने उल्लेख गरेका थिए। श्री ५ को सरकारको (मन्त्रीस्तरको) मिति २०४७।१२।७ को निर्णयअनुसार चुरे फेदीसम्मको मुद्दाको निर्णय दिने कार्य गर्न अर्घाखाँची जिल्ला वन कार्यालयलाई लेखी पठाएको थियो। प्रस्तुत विवाद उत्पन्न भईसकेपछि विवादको छिनोफानो जिल्ला वन कार्यालय कपिलवस्तुले अधिकारक्षेत्र ग्रहण गरि निर्णय गरेको थियो।

अधिकार क्षेत्र सम्वन्धी विवाद रहेको सो मुद्दामा सर्वोच्च अदालतबाट *"मन्त्रीस्तरको निर्णयको आदेशबाट अधिकारक्षेत्र सिर्जना हुन सक्ने हुँदैन। मुद्दा चलाउने अधिकारी तथा मुद्दा हेर्ने निकाय समेत विधिसम्मत रुपमा हुनुपर्दछ नत्र जसलाई पनि जसले पनि अधिकारक्षेत्र बाहिर गई मुद्दा चलाए पनि हुने अवस्था रहने हुन्छ। अधिकार क्षेत्र कानूनद्वारा नै स्थापित हुने यस्तो अवस्थामा मन्त्रीबाट भएको भनिएको निर्णयको आधारमा अधिकारक्षेत्र स्थापित हुन नसक्ने भएबाट उक्त मन्त्रीको आदेशबाट स्थापित अधिकारक्षेत्रको आधारमा निर्णय हुने कार्य समेत कानूनसम्मत देखिन आउँदैन। अतः अर्घाखाँची जिल्लाभित्रको जग्गा भएको भन्ने तथ्य भई आएको नक्सा मुचुल्काबाट समेत देखिएको स्थितिमा आफैले अधिकारक्षेत्र ग्रहण गरि निर्णय गरेको जिल्ला वन कार्यालय कपिलवस्तुको निर्णय अधिकारक्षेत्रको अभावमा त्रुटिपूर्ण देखिएकोले वदर हुने"* भन्ने पुनरावेदन अदालत बुटवलको फैसला सदर भयो।

## ३. मुद्दा हेर्ने अधिकारी समक्ष गरेको बयानको मान्यताः

यो प्रश्नमा बमबहादुर प्रजा वि. नेपाल सरकार[५६] भएको मुद्दामा सर्वोच्च अदालतले व्याख्या गरेको छ। यस मुद्दामा *"प्रमाण ऐन, २०३१ को दफा ९ मा अदालत बाहेक अन्यत्र गरेको कागज स्वतन्त्रपूर्वक भएको छैन भनि प्रमाणित भएको स्थितिमा मात्र*

---

[५५] नेपाल कानून पत्रिका, २०६७ अंक १२, नि.नं. ८५२४

[५६] नेपाल कानून पत्रिका, २०६७ अंक ११ नि. नं. ८५०३

*त्यस्तो बयान वा कागजलाई मान्यता दिन नमिल्ने हो। मौकाको बयान नै स्वेच्छाले भएको होइन भनि प्रतिवादीले पुष्टि गर्न नसकेको स्थितिमा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयानलाई स्वेच्छापूर्वक भएको होइन भनेकै आधारमा प्रतिवादीको बयान स्वेच्छापूर्वक भएको छैन र सो बयान निजको विरुद्ध प्रमाणमा लिन मिल्दैन भन्न मिल्दैन।*

*अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान नै स्वतन्त्र छैन भन्ने कुरा मान्ने हो भने समग्र न्याय प्राणली र कानूनी पद्धति नै परिवर्तन गर्नुपर्ने स्थिति आउँछ। त्यसैले अदालत र मुद्दा हेर्ने अधिकारी समक्ष गरेको बयान स्वतन्त्रपूर्वक भएको छैन भन्ने जिकिरलाई कानूनी मान्यता र सिद्धान्तको आधारमा नै स्वीकार गर्न नसकिने।"* भन्ने व्याख्या भएको छ।

यसैगरि नेपाल सरकार वि. दलबहादुर प्रजा समेत[५७] भएको मुद्दामा *"कानूनले नै मुद्दा सुन्ने अधिकारी तोकिसके पश्चात् त्यस्तो अधिकारीले मुद्दा सुनुवाइको क्रममा गरे गराएको कार्य अन्यथा प्रमाणित नभएसम्म स्वच्छ सुनुवाइको सिद्धान्त अनुसार नै गराएको मान्नु पर्ने"* भनि निर्णय भएको छ।

## ४. धेरै जनालाई जरिवाना गर्दा दामासाहीले गर्नेः

नेपाल सरकार वि. बाजे राना समेत भएको[५८] मुद्दामा सर्वोच्च अदालतले *"वन सम्वन्धी मुद्दामा जरिवाना गर्दा दामासाहीले जरिवाना गर्नुपर्ने"* निर्णय गरेको थियो। उक्त मुद्दामा कसूर गर्ने एक भन्दा बढी कसूरदार भएको अवस्थामा प्रत्येकलाई बिगोको दोब्बर सजाय गरिंदा जरीवाना र कैदको कुल मात्रा कानूनमा तोकिए भन्दा बढी हुन जाने भएकोले कसूर ठहरी सजाय गर्दा सोही बमोजिम उक्त सजाय सामूहिक रुपमा नै गरिनु पर्ने व्याख्या भएको छ।

## ५. पछि गरिएको परिक्षण विवादरहित रुपमा स्वीकार गर्न नसकिनेः

प्रकाश बुढा समेत वि. नेपाल सरकार[५९] भएको मुद्दामा *"सक्कली खागको रुपमा अवैध कारोवार गरेको अवस्थामा पछि मुद्दा हेर्ने अधिकारीको आदेश विना गरिएको परिक्षण*

[५७] नेपाल कानून पत्रिका, २०७५ अंक २, नि. नं. ९९४९

[५८] नेपाल कानून पत्रिका, २०६५, अंक १०, नि.नं. ८०२८

[५९] नेपाल कानून पत्रिका, २०७१ अंक ७ नि.नं. ९२११

*प्रतिवेदनलाई विवादरहित स्वीकार गर्न नसकिने हुँदा कसूर कायम हुने"* भनि सर्वोच्च अदालतले निर्णय गरेको छ। सो मुद्दामा मुद्दा हेर्ने अधिकारीको आदेश नै नभई गैंडाको खाग परिक्षण भएर आएको प्रतिवेदन मिसिल संलग्न रहेको देखिएको थियो।

## ६. एक अर्कालाई पोल गरि भएको साविती बयानलाई प्रमाण लिनुपर्नेः

सर्वोच्च अदालतले नेपाल सरकार वि. ओमबहादुर राना समेत[६०] भएको मुद्दामा *"आरोपित कसूर गरेको तथ्यमा सावित भई एक अर्कालाई पोलसमेत गरि अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र उक्त बयान व्यहोरा सर्जीमिनका मानिस तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्र समेतबाट समर्थित भएको अवस्थामा साविती बयानलाई प्रमाणमा लिन मिल्ने"* भनेको छ।

## ७. बरामदी मुचुल्काको मूल्याङ्कनः

नेपाल सरकार वि. दिनेशकुमार मण्डल समेत[६१] भएको मुद्दामा सर्वोच्च अदालतले *"बरामदी मुचुल्कामा मौकामा पक्राउ परेका प्रतिवादीहरु रोहवरमा बसेको र निजहरूले उक्त बरामदी मुचुल्कालाई अन्यथा भन्न नसकेको अवस्थामा इन्कारी बयान पुष्टि नहुने"* भनि निर्णय गरेको छ।

## ८. कसूरमा प्रयोग भएका वस्तु वा साधन जफत हुनेः

नेपाल सरकार वि. वेलबहादुर थापा मगर समेत[६२] भएको मुद्दामा *"साधनधनी स्वयंको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मञ्जुरी वा जानकारीमा वन ऐन अन्तर्गतको कसूरमा बोझबाहक साधनको प्रयोग भएको ठहरिएमा त्यस्तो साधन जफत हुनु कानूनसम्मत मात्र नभई न्यायोचित र विवेकसम्मत समेत हुने"* भन्ने निर्णय भएको छ।

## ९. अन्तर्राष्ट्रिय कानूनको प्रयोगः

होमनाथ अधिकारी समेत वि. नेपाल सरकार[६३] भएको मुद्दामा दुर्लभ वनस्पति र वन्यजन्तुको अवैध ब्यापार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, (Convention on International Trade in Endangered Species of Fauna and Flora, 1973

---

[६०] नेपाल कानून पत्रिका, २०६९ अंक ११, नि.नं. ८९११ (पूर्ण इजलास)

[६१] २०५९ सालको स.फौ.पु.नं. ३२०६, सर्वोच्च अदालत बुलेटिन २०६६ वर्ष १८ अंक २२

[६२] नेपाल कानून पत्रिका, २०६८ अंक ६, नि.नं. ८६२९ (पूर्ण इजलास)

[६३] नेपाल कानून पत्रिका, २०७४ अंक ८, नि.नं. ९८५५

(CITES)) लाई कसूर कायम गर्ने आधारको रुपमा ग्रहण गरि बरामद रक्त चन्दनलाई कसूर कायम गरि सजाय हुने ठहर गरेको थियो। यो मुद्दाको कारवाही प्रारम्भ हुँदा हामी कहाँ सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बनेको थिएन।

## १०. वन्यजन्तु कसूरलाई संगठित अपराधको रुपमा हेर्न सकिनेः

सर्वोच्च अदालतले वन्यजन्तु सम्वन्धी कसूरलाई **संगठित अपराधको एउटा कडी**को रुपमा हेर्न सकिने भन्ने मान्यता राखेको छ। नेपाल सरकार वि. सूर्यमान पुन समेत[६४] भएको मुद्दामा गैंडाको खाग तस्करी गर्ने उद्देश्यले आपसमा सल्लाह गरि नियोजित रुपमा गैंडा मारेको कार्य संगठित अपराधको रुपमा घटाएको देखिएको भन्दै यस्तो वारदातलाई संगठित अपराधको कडीको रुपमा हेर्न सकिने भनिएको छ। नेपाल सरकार वि. दिनेशकुमार मण्डल समेत[६५] भएको मुद्दामा *"वन्यजन्तु सम्वन्धी कसूरलाई संगठित रुपमा गरिने अपराधको रुपमा ग्रहण गरि संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने"* भन्दै सबै प्रतिवादीहरुलाई हदैसम्मको सजाय गरेको छ।

## ११. आपराधिक दायित्वको आधारमा घटीबढी सजाय हुने

सर्वोच्च अदालतबाट वन र वन्यजन्तु सम्वन्धी मुद्दामा **सजाय निर्धारणको मापदण्ड** समेत निर्देश गरेको छ। मुन्ना प्रजा समेत वि. नेपाल सरकार[६६] भएको मुद्दामा *"कुनै कसूरमा एकभन्दा बढी प्रतिवादीहरुलाई तत् सम्बन्धी ऐनको एउटै दफाको सजायको माग गरिएको भए पनि मिसिल संलग्न कागज प्रमाणहरुको विश्लेषण गरि कुनै प्रतिवादीको के कति भूमिका र हिस्सा छ त्यही आधारमा कसूरको मात्रा अनुसार सजाय निर्धारण हुने हो"* भनिएको छ।

---

[६४] नेपाल कानून पत्रिका, २०६९ अंक ३ नि.नं. ८७८४

[६५] २०५९ सालको स.फौ.पु.नं. ३२०६, सर्वोच्च अदालत बुलेटिन २०६६ वर्ष १८ अंक २२

[६६] नेपाल कानून पत्रिका, २०७३ अंक ११, नि.नि. ९७१४

नेपाल सरकार विरूद्ध कुलमान घले गुरुङ्ग समेत भएको [६७]मुद्दामा *"दण्डको निर्धारण न्यायकर्तालें समन्याय (equity), शुद्ध अन्तस्करण (good conscience), प्राकृतिक न्याय (natural justice) का आधारमा कसूरको मात्रा वा गाम्भीर्यता, घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलानात्मक रूपमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको छ छैन ख्याल गरि न्यायिक रूपमा सम्पादन हुनुपर्छ"* भनिएको छ।

रणबहादुर कुमाल वि. नेपाल सरकार[६८] भएको मुद्दामा तजबिजी सजाय गर्दा कसूरमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ भनिएको छ। विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरि खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ। सबै कसूरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै कसूरले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भीर प्रकृतिको मान्नुपर्छ।

प्रतिवादीहरुले सल्लाह, योजना बनाई आपराधिक कार्य गरेको देखिएकोमा भने हदैसम्मको सजाय हुने भनि सर्वोच्च अदालतले मान्यता राखेको देखिन्छ।[६९]

## १२. थाहा नपाएर राखेको भन्ने जिकिर स्वीकार्य नहुने

कसैबाट कुनै अवैध सामग्री बरामद भएमा थाहा नपाएर राख्ने काम गरेको हो भने पनि कसूरबाट सहजरुपमा छुटकारा मिल्ने हुँदैन, थाहा पाएर गरे पनि थाहा नपाएर गरे पनि कसूर त कसूर नै हुन्छ। अन्यथा जिकिर लिने हो भने सो प्रमाणित गर्ने भार प्रतिवादीमै रहन्छ। थाहा नपाएको तथ्यको जिकिरले मात्र निर्दोषिता सावित गर्न पर्याप्त हुँदैन, तसर्थ कुनै तथ्यको गलत बुझाईबाट आफूसँग अवैध सामग्री रहन गएको हो भन्दैमा निर्दोष भनि मानिँदैन। अपितु निर्दोष भएको प्रमाण प्रतिवादीले दिनुपर्ने हुन्छ। त्यस्तो कुनै प्रमाण प्रतिवादीहरुबाट आउन सकेको देखिँदैन। पुनश्चः रक्तचन्दन स्वाभाविक रुपमा बाहिर देखिने गरि राखेको नभई जमिनमा खनी खाल्टोमा गाडेको तथ्यबाट प्रतिवादीहरुले गरेको कार्य लुकाए छिपाएको देखिई प्रतिवादीहरुको नियत सफा रहेको भन्न सकिने अवस्था रहदैन।

---

[६७] नेपाल कानून पत्रिका, २०७३, अङ्क ५, निर्णय नं९६०२ .

[६८] नेपाल कानून पत्रिका, २०७४ अंक ८, नि.नं. ९८६२

[६९] रामकृष्ण चौधरी समेत वि. नेपाल सरकार, सर्वोच्च अदालत बुलेटिन, २०७१, वर्ष २३, अङ्क ५, पूर्णाङ्क ५२७

कुनै वस्तु बरामद भएको हो होइन भन्ने कुरा प्रमाणित गर्नु पर्दा बरामदी मुचुल्काको प्रसङ्ग आउँछ। बरामदी मुचुल्का बरामदी भएको तथ्यलाई सावित गर्नको लागि बनेको प्रमाण हो। बरामद भएको तथ्यमा विवाद भएको अवस्थामा बरामदी मुचुल्काको सत्यता जाँचिने हुँदा बरामदी मुचुल्का तयार हुँदा रीत बेरीत के भयो भनि हेरिने अवस्था आउँछ भनि होमनाथ अधिकारी वि. नेपाल सरकार[७०] भएको अवैध रक्तचन्दन ओसारपसार मुद्दामा व्याख्या भएको छ।

## १३. शङ्काशङ्काको सुविधा अभियुक्तले पाउने

शङ्काशङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने सर्वमान्य फौजदारी न्यायको सिद्धान्त हो। यस सिद्धान्त अनुसार शङ्काशङ्का रहित तरिकाबाट कसूर प्रमाणित गर्ने भार वादीमा रहन जान्छ। त्यस्तो प्रमाणको भार पुऱ्याउन नसके प्रतिवादीलाई कसूर र स्थितिको लाभ पुग्दछ भन्ने हो। यसको व्याख्या नेपाल सरकार वि. मन्जु श्रेष्ठ समेत[७१] को मुद्दामा भएको छ।

## १४. कसूरको मात्रा अनुसार अधिकतम सजाय हुने

शिव नारायण महतो वि. नेपाल सरकार[७२] भएको गैडा मारी खाग विक्री गरेको मुद्दामा कसूरको मात्रा अनुसार अभियुक्तहरूलाई अधिकतम अर्थात १५ वर्ष कैद ठहर भएको छ भने वीर बहादुर गुरूङ वि. नेपाल सरकार[७३] भएको बाघको छालाको अवैध व्यवसाय गरेको मुद्दामा पनि अधिकतम १५ वर्ष कैद ठहर भएको छ।

दुर्लभ तथा संरक्षित एक सिंगे गैडा मारी खाग काटी लैजाने र बिक्री गरि रकम बाँडी खाने कार्यमा संलग्न अभियुक्तहरूलाई कसूरको गाम्भीर्यताका आधारमा हदैसम्म १५ वर्ष सजाय गर्दा तजविजी अधिकारको अन्यथा प्रयोग भएको मान्नु पर्ने अवस्था नदेखिने व्याख्या सूर्यमान पुन समेत[७४] को मुद्दामा भएको छ।

---

[७०] ने.का.प.२०७२, अंक ८, नि.नं.९४५५

[७१] नेपाल कानून पत्रिका, २०५७, अंक ८, ९ नि.नं. ६९३२

[७२] २०६६ सालको CR-०७५१, फै. मि. २०६७। १०। १९

[७३] २०६६ सालको फौ. पु. नं. ०३११, फै. मि. २०६७। १०। १९

[७४] नेपाल कानून पत्रिका, २०६९ अंक ३ नि.नं. ८७८४

# परिच्छेद – दुई

## वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान

१. **वन्यजन्तु सम्वन्धी मुद्दाको प्रकृतिः** राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २९ ले यस ऐन अन्तर्गको मुद्दामा नेपाल सरकार वादी हुने व्यवस्था गरेको छ। यो ऐनले यस ऐन अन्तर्गतको कसूरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश हुने भनि तोकेको छैन। वन्यजन्तु सम्वन्धी मुद्दा नेपाल सरकार वादी भई चल्ने भए पनि मुलुकी फौजदारी संहिता, २०७४ को अनुसूची-१ मा समावेश नभएकोले यस्तो मुद्दा यो संहिताको अनुसूची २ को क्रमसंख्या २ अनुसार उक्त संहिताको अनुसूची-२ मा समावेश भएको मुद्दा भित्र पर्छ।

२. **वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान र अभियोजनमा अवलम्बन गर्नु पर्ने कार्यविधिः** वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान र अभियोजन गर्दा अपनाउनु पर्ने कार्यविधिको सम्बन्धमा वन्यजन्तु सम्वन्धी विशेष ऐन वा नियमावलीमा छुट्टै व्यवस्था भएको विषयमा सोही विशेष ऐन वा नियम बमोजिम गर्नुपर्छ। तर कसूर सम्वन्धी विशेष ऐन वा नियममा त्यस्तो छुट्टै कार्यविधि नभएको विषयमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को सामान्य कार्यविधि अपनाउनु पर्छ। त्यसैले वन्यजन्तु सम्वन्धी कुनै कसूरको अनुसन्धानको सिलसिलामा तत्काल गर्नु पर्ने काम कसरी गर्ने वा कुन रीत पुऱ्याउने भन्ने कुराको निर्णय गर्दा पहिले वन्यजन्तु संरक्षण सम्वन्धी ऐन वा वन्यजन्तु संरक्षण सम्वन्धी नियमावलीमा कुनै कार्यविधि तोकिएको छ छैन भनि हेर्नु पर्छ। उक्त ऐन वा नियममा कुनै कार्यविधि तोकिएको भए सोही कार्यविधि अनुसार गर्नु पर्छ। त्यस्तो छुट्टै कुनै कार्यविधि तोकिएको रहेनछ भने मुलुकी फौजदारी कार्यविधि संहितामा लेखिए अनुसारको कार्यविधि अपनाउनु पर्छ।[७५]

---

[७५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(१) र (२)

३. <u>लिखत तयार गर्दा पुऱ्याउनु पर्ने रीतः</u> अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धानको क्रममा तयार गर्ने लिखत मूलतः मुद्दाको मिसिलमा संलग्न गरि अदालत वा मुद्दा हेर्ने निकायमा पेश गरिने लिखत हो। यस्तो लिखत तयार गर्दा कस्तो कागजमा कस्तो मसिले कुन आकारमा तयार गर्नु पर्छ भन्ने कुरा पनि अनुसन्धान अधिकारीले थाहा पाउनु पर्ने हुन्छ।

- अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष पेश हुने लिखत ए फोर (चौडाई ८.३ इञ्च र लम्बाई ११.७ इञ्च) साइजको सादा नेपाली कागजमा प्रत्येक पृष्ठमा शिर र पुछारमा एक एक इञ्च, बायाँतर्फ डेढ इञ्च र दायाँतर्फ आधा इञ्च तथा पहिलो पृष्ठको हकमा शिरतर्फ तीन इञ्च ठाउँ छोडेको हुनु पर्दछ। कागजको एकापट्टी मात्र युनिकोड नेपाली फन्टको बाह्र साइजमा कम्प्युटर टाइप वा मुद्रण गरिएको तथा लाइन वीचको फरक एक दशमलव एक पाँच रहेको हुनु पर्छ। लिखतमा उल्लेख भएको प्रत्येक व्यक्ति पहिचान हुने गरि पूरा ठेगाना स्पष्ट उल्लेख गर्नु पर्छ।[७६] यसरी उल्लेख गर्दा निजको मोबाइल नम्बर समेत खुलाउनु पर्छ।
- लिखतमा सहीछाप गर्दा वा गराउँदा लेख्न जान्नेले आफ्नो पूरा नाम, थर, वतन लेखी हस्ताक्षर गर्नु पर्छ। लेख्न नजान्ने व्यक्तिले ल्याप्चे सहीछाप गर्नु पर्छ।[७७]
- लिखतमा सहीछाप गर्दा गराउँदा नउड्ने पक्का रङ्ग भएको छाप वा अन्य साधनबाट औंलाको शङ्ख चक्रको रेखा रङ्गाई त्यसको छाप लिखतमा गर्नु गराउनु पर्छ। हस्ताक्षर गर्ने व्यक्तिले हस्ताक्षर गर्दा नउड्ने पक्का मसीले गर्नु पर्छ।[७८]
- हातले लेखिने लिखत पनि माथि उल्लिखित आकारको नेपाली कागजमा नउड्ने पक्का मसीले लेख्नु पर्छ। कुनै अशुद्ध व्यहोरा सच्याउनु पर्ने भएका त्यो व्यहोरा देखिने गरि केरी सङ्केत दिई त्यसको माथि वा तल आवश्यक व्यहोरा लेखी सच्याउनु पर्छ।[७९]

---

[७६] मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ४२

[७७] मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २९

[७८] मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४०

[७९] मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८

४. **अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारीः** वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान तहकिकातको कार्य कानून बमोजिम अधिकारप्राप्त अधिकारीले मात्र गर्न सक्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले यस्तो कसूरको अनुसन्धान तहकिकात सम्बन्धित रेञ्जर वा वन्यजन्तु व्यवस्थासित सम्बन्धित सुवेदार वा कम्तिमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कर्मचारी वा प्रहरी नायव निरीक्षक दर्जासम्मको प्रहरी कर्मचारीले गर्न पाउने व्यवस्था गरेको छ।[८०]

५. **कसूरको सूचनाः** राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, डिभिजन वन कार्यालय र अधिकार प्राप्त अधिकारी समक्ष वन्यजन्तु सम्वन्धी कसूर बारेको सूचना विभिन्न माध्यमबाट प्राप्त हुन सक्छ।

१. **कसूरको बारेमा जानकारी राख्ने व्यक्तिले सूचना दिन सक्नेः** वन्यजन्तु सम्वन्धी कुनै पनि कसूर वा कसूर भएको, हुन लागेको वा भईसकेको बारेमा थाहा पाउने कुनैपनि व्यक्तिले त्यस्तो कसूरको सम्बन्धमा अनुसन्धान गर्न अधिकार प्राप्त कार्यालय वा अधिकारी समक्ष आफैं उपस्थित भएर मौखिक वा लिखित रुपमा त्यस सम्वन्धी सूचना दिन सक्छ। त्यस्तो लिखित सूचनालाई जाहेरी दरखास्त भनिन्छ। लिखित सूचना दिन चाहने व्यक्तिले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ५ मा दिइएको जाहेरी दरखास्तको ढाँचामा त्यस्तो सूचना दिनु पर्छ। आफैं उपस्थित हुन नसक्ने अवस्थामा कुनै अर्को व्यक्ति मार्फत पनि जाहेरी दरखास्त पठाउन सकिन्छ। जाहेरी दरखास्तको ढाँचा *परिशिष्ट—२* मा दिइएको छ।[८१]

२. **मौखिक सूचनालाई लिपिबद्ध गर्नेः** कसूर सम्बन्धमा मौखिक रुपमा दिइएको सूचनालाई अधिकारप्राप्त अधिकारीले / अधिकारप्राप्त निकायको सम्बन्धित कर्मचारीले *परिशिष्ट—२* को ढाँचामा लेखी त्यसको व्यहोरा सूचनादातालाई सुनाई निजको सहीछाप गराई राख्नु पर्छ।[८२]

---

[८०] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३०

[८१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(१) र (३)

[८२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(२)

३. **<u>विद्युतीय माध्यमबाट सूचना प्राप्त हुन सक्ने:</u>** कसैले विद्युतीय माध्यम (टेलिफोन, फ्याक्स, इमेल, एमएसएस आदि) बाट पनि कसूर सम्वन्धी सूचना दिन सक्छ।[८३]

४. **<u>कर्मचारी वा प्रहरीको प्रतिवेदनको रुपमा सूचना प्राप्त हुन सक्ने:</u>** संरक्षण कार्यमा संलग्न कर्मचारी वा प्रहरी कर्मचारीको प्रतिवेदनको रुपमा पनि यस्तो सूचना प्राप्त हुन सक्छ।[८४]

५. **<u>प्रहरी कार्यालय वा जिल्ला प्रसाशन कार्यलय मार्फत सूचना प्राप्त हुन सक्ने:</u>** कुनै प्रहरी कार्यालय वा प्रमुख जिल्ला अधिकारीको कार्यालय मार्फत पनि कसूर सम्वन्धी सूचना वा जाहेरी दरखास्त प्राप्त हुन सक्छ।[८५]

६. **<u>संरक्षणमा संलग्न कर्मचारीले कसूरको बारेमा सूचना दिने:</u>** संरक्षण कार्यमा संलग्न अधिकृत वा कर्मचारीले वन्यजन्तु सम्वन्धी कुनै कसूरको बारेमा कुनै जानकारी वा सूचना प्राप्त गरेमा सो सम्वन्धी विवरण *परिशिष्ट—२* को ढाँचामा तयार गरि आफ्नो कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्छ।[८६]

६. <u>जाहेरी दरखास्त वा सूचना दर्ता:</u> वन्यजन्तु सम्वन्धी कुनै कसूर सम्बन्धमा कार्यालयमा प्राप्त भएको जाहेरी दरखास्त वा सूचना वा प्रतिवेदन कसूर दर्ता किताबमा दर्ता गर्नु पर्दछ। कसूर दर्ता किताबको नमूना *परिशिष्ट—४* मा दिइएको छ।

७. <u>जाहेरी दरखास्त वा सूचनाको भरपाई:</u> कसूर अनुसन्धान गर्ने अधिकारप्राप्त अधिकारी वा कार्यालय समक्ष प्राप्त भएको जाहेरी दरखास्त वा कसूरको सूचना त्यस्तो कार्यालयले दर्ता गरि सम्बन्धित सूचनादातालाई त्यसको भरपाई दिनु पर्छ। भरपाईको नमूना *परिशिष्ट—३* मा दिइएको छ। विद्युतीय माध्यमबाट प्राप्त भएको सूचना दर्ता भएको जानकारी सोही माध्यमबाट सूचनादातालाई दिनु पर्छ।[८७]

---

[८३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(१)

[८४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(४)

[८५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(९), (१०) र ५(५)

[८६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(४)

[८७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(३)

८. <u>जाहेरी वा सूचना दर्ता गर्न इन्कार गर्न नहुने:</u> वन्यजन्तु कसूर सम्वन्धी अनुसन्धान गर्न अधिकार पाएको कार्यालयले कसूरको सूचना दर्ता गर्न इन्कार गर्नु हुँदैन। सूचना दर्ता गर्न इन्कार गरेमा सूचना दिन चाहने व्यक्तिले सोही कुरा खुलाई कसूरको सूचना सहित प्रमुख जिल्ला अधिकारी समक्ष उजुर दिन सक्छ। त्यस्तो उजुरी प्राप्त भएमा प्रमुख जिल्ला अधिकारीले तीन दिन भित्र निर्णय गरि सम्बन्धित कार्यालयमा निर्णय बमोजिम गर्न निर्देशन दिनु पर्छ। प्रमुख जिल्ला अधिकारीको निर्देशन प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो निर्देशन बमोजिम गर्नु पर्छ।[८८]

९. <u>अनुसन्धान अधिकारी तोक्ने:</u> वन्यजन्तु कसूर सम्वन्धी जाहेरी दरखास्त वा सूचना दर्ता भएपछि सम्बन्धित कार्यालय प्रमुखले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० बमोजिम दर्जा पुगेको कुनै कर्मचारीलाई सो कसूरको अनुसन्धान गर्न अनुसन्धान अधिकारी तोक्नु पर्छ। अनुसन्धान अधिकारी तोक्ने पत्रको ढाँचा *परिशिष्ट—५* मा दिइएको छ।[८९]

१०. <u>अनुसन्धान डायरी राख्नु पर्ने:</u>

१. वन्यजन्तु कसूरको अनुसन्धान गर्ने अधिकारीले अनुसन्धान सम्बन्धमा आफूले गरेको प्रत्येक काम कारवाही तत्कालै अभिलेख गर्नको लागि *परिशिष्ट—१५* बमोजिमको ढाँचामा अनुसन्धान डायरी खडा गर्नु पर्छ। त्यसमा उल्लेख भए अनुसारको आवश्यक विवरण भर्नु पर्छ।[९०]

२. अनुसन्धान अधिकारीले खडा गरेको अनुसन्धान डायरी आवश्यकता अनुसार सरकारी वकील वा मुद्दा हेर्ने अधिकारीले झिकाई हेर्न सक्छ।[९१]

३. अनुसन्धान अधिकारीभन्दा माथिल्लो अधिकारीले अनुसन्धान डायरीमा उल्लिखित विषयवस्तु सम्बन्धमा आवश्यक निर्देशन दिन सक्छ।[९२]

११. <u>प्रमाण संरक्षण गर्ने:</u> वन्यजन्तु कसूरको अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारी वा त्यस्तो कसूरको अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारीले वन्यजन्तु

---

[८८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५(४), (५) र (६)
[८९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(१)
[९०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २५(१)
[९१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २५(३)
[९२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २५(४)

सम्वन्धी कुनै पनि कसूर भएको, भइरहेको वा हुन लागेको भन्ने सूचना वा जानकारी पाएमा कसूरदारलाई कसूर गर्नबाट रोक्ने र कसूरसँग सम्बन्धित प्रमाण नाश हुन नदिने र कसूर गर्ने व्यक्ति भाग्न उम्कन नपाउने व्यवस्था यथाशीघ्र गर्नुपर्छ।[९३]

१२. <u>अर्को निकायको कार्यक्षेत्रमा प्रवेश गर्न सकिने:</u> तत्काल कारवाही नगरेमा कसूरदार भाग्ने उम्कने वा प्रमाण लोप हुने सम्भावना रहेमा आफ्नो कार्यक्षेत्रभन्दा बाहिरको अर्को अधिकारीको कार्यक्षेत्रमा गएर पनि आवश्यक कारवाही गर्नु पर्दछ। त्यसरी अर्को निकाय वा अधिकारीको कार्यक्षेत्र भित्र गई कुनै कारवाही गर्नु पर्ने भएमा सम्बन्धित अधिकारी वा निकायलाई र आफूभन्दा माथिल्लो निकायलाई त्यसको जानकारी दिनु पर्छ।[९४]

१३. <u>प्रारम्भिक अनुसन्धान गर्ने:</u> वन्यजन्तु कसूरको जाहेरी दरखास्त वा सूचना दर्ता हुनासाथ अनुसन्धान गर्न तोकिएको अधिकारीले तुरुन्त त्यस्तो कसूरको प्रारम्भिक अनुसन्धान गर्नु पर्छ। प्रारम्भिक अनुसन्धान भनेको घटनास्थलको विवरण, वस्तुस्थिति मुचुल्का, खानतलासी वा बरामदी मुचुल्का वा अवस्था अनुसार मरेको वा मारिएको वन्यजन्तुको लाश जाँच मुचुल्का वा कसूरको प्रकृति अनुसार खडा गर्नु पर्ने विवरण, मुचुल्का वा प्रतिवेदन तयार गर्ने कार्य हो।[९५]

१४. <u>प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउने:</u> कसूर अनुसन्धान गर्न तोकिएको अधिकारीले प्रारम्भिक अनुसन्धान प्रारम्भ गरेको तीन दिन भित्र त्यसको प्रतिवेदन सरकारी वकील कार्यालयमा पठाउनु पर्छ। प्रारम्भिक प्रतिवेदनको ढाँचा *परिशष्ट–११* मा दिइएको छ।[९६]

१५. <u>सरकारी वकीलको निर्देशन र त्यसको पालना:</u> अनुसन्धान अधिकारीले पठाएको प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले त्यसको अध्ययन गरि कसूरसँग सम्बन्धित कुनै विषयमा थप अनुसन्धान गर्न आवश्यक निर्देशन दिनु पर्ने देखेमा त्यसको कारण खुलाई अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन

---

[९३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(१) र (४)

[९४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(२)(३) र (४)

[९५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०

[९६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०(२)

दिन सक्छ। सरकारी वकीलले दिएको त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित अनुसन्धान अधिकारीको कर्तव्य हुन्छ।[९७]

१६. **घटनास्थल मुचुल्का तयार गर्नेः** वन्यजन्तु सम्वन्धी कुनै कसूर भएको देख्ने अधिकारप्राप्त अधिकारी वा कुनै कसूरको अनुसन्धान गर्न तोकिएको अनुसन्धान अधिकारीले वन्यजन्तु सम्वन्धी कुनै कसूरको अनुसन्धान गर्दा कसूर र कसूरदार रहेको ठाउँको यथार्थ चित्रण हुने गरि सम्भव भएसम्म मुलुकि फौजदारी कार्यविधि संहिताको दफा ८(२) र (४) मा उललेखित कुराहरु खुलाई *परिशिष्ट–१* बमोजिमको घटनास्थलको विवरण सहितको मुचुल्का तयार गर्नु पर्छ। यो मुचुल्कालाई घटनास्थल मुचुल्का भनिन्छ। त्यस्तो मुचुल्कामा तत्काल उपस्थित स्थानीय व्यक्तिका साथै कसूर गर्ने व्यक्ति वा आशंकित व्यक्ति उपस्थित भए निजको परिचय खुल्ने विवरण उल्लेख गरि निजको समेत सहिछाप गराउनु पर्छ।[९८]

१७. **घटनास्थलको फोटो खिच्नेः** घटनास्थलको मुचुल्का तयार गरेपछि अनुसन्धान अधिकारीले घटनास्थलमा अरु मानिस प्रवेश गर्न नपाउने गरि घेरा हाली कसूर भएको ठाउँ, सो ठाउँमा पाइएको वा देखिएको हत्केला, औंला वा पाइलाको चिन्ह, निशाना वा कसूर संग सम्बन्ध राख्ने अन्य दसी वस्तु समेत देखिने गरि घटनास्थलको फोटो खिच्न सक्छ।[९९]

१८. **दसीको मालसामान कब्जामा लिनेः** अनुसन्धान अधिकारीले घटनास्थलमा कसूरसँग सम्बन्धित दसीको कुनै मालसामान वा कुनै प्रमाण लाग्ने वस्तु फेला पारेमा त्यस्तो प्रमाण वा मालसामान घटनास्थलमा उपस्थित व्यक्तिको रोहवरमा कब्जामा लिनुपर्छ। त्यसको मुचुल्का बनाउनु पर्छ। घटनास्थलमा फेला परेको दसीको मालसामान कब्जामा लिएको अवस्थामा छुट्टै मुचुल्का नबनाई सो व्यहोरा घटनास्थल मुचुल्कामा नै उल्लेख गर्न पनि सकिन्छ। त्यस्तो मुचुल्का तयार नगर्दासम्म घटनास्थल, घटनास्थलमा पाइएको वस्तु र घटनास्थलको अवस्थालाई जस्ताको तस्तै सुरक्षित राख्नु पर्छ।[१००]

---

[९७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०(३ र ४)

[९८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(२) र (४)

[९९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ८(३)

[१००] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(७) र (८) एवं दफा ८(५)

१९. कब्जामा लिएको सामानको भरपाई दिनु पर्नेः अनुसन्धान अधिकारीले अनुसन्धानको सिलसिलामा कसैको जिम्मा वा स्वामित्वको कुनै वस्तु दसीको रुपमा कब्जामा लिएमा त्यसको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्छ। त्यस्तो भरपाईको नमूना *परिशिष्ट—१४* मा दिइएको छ।

२०. दसीको मालसामान सुरक्षित राख्न जिम्मा दिन सकिनेः घटनास्थलमा पाइएको कुनै दसीको मालसामान वा कसूरसँग सम्बन्धित दसीको वस्तु तत्काल आफ्नो जिम्मा वा कब्जामा लिन नसकिने अवस्थाको भएमा अनुसन्धान अधिकारीले त्यस्तो माल वस्तु सुरक्षित साथ राख्नको लागि स्थानीय तह (नगरपालिका, गाउँपालिका वा वडा कार्यालय) लाई अनुरोध गर्न सक्छ। त्यसरी अनुरोध भएमा सम्बन्धित स्थानीय तह वा कार्यालयले उक्त मालसामान जिम्मामा लिई त्यसको भरपाई दिनु पर्छ।[१०१]

२१. खानतलासी गर्न सकिनेः

- कसैले वन्यजन्तु सम्वन्धी कुनै कसूर गरेको भन्ने विश्वास हुने मनासिव कारण भएमा अधिकार प्राप्त अधिकारीले वारेण्ट प्राप्त गरि जुनसुकै समयमा त्यस्तो व्यक्तिको घर, जग्गा जमिन र सबै प्रकारको सवारी साधनमा प्रवेश गर्न र खानतलासी गर्न सक्छ।[१०२]
- वन्यजन्तु कसूरको अनुसन्धानको सिलसिलामा त्यस्तो कसूरसँग सम्बन्धित कुनै लिखत, दसी प्रमाण, अभियुक्त वा अन्य कुनै आशंकित व्यक्ति कुनै ठाउँमा छ भन्ने शङ्का गर्नु पर्ने मनासिव कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन र त्यस्तो लिखत वा दसी प्रमाण बरामद गर्न सक्छ।[१०३]

२२. खानतलासी लिँदा पूरा गर्नु पर्ने कार्यविधिः

कुनै ठाउँ वा व्यक्तिको खानतलासी लिँदा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्छ। १ कुनै व्यक्ति वा कुनै घर, कोठा, गोठ वा खास ठाउँको खानतलासी

---

[१०१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६(९)

[१०२] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२० को दफा २३

[१०३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(१)

लिनु अघि खानतलासी लिने अधिकारीले सम्बन्धित घर धनी, ठाउँको धनी वा सम्बन्धित व्यक्तिलाई आफू कानून बमोजिम खानतलासी लिन पाउने अधिकारी भएको परिचयपत्र देखाउनु पर्छ।[१०४]

१. कुनै घर, कोठा, गोठ वा खास ठाउँको खानतलासी लिनु अघि त्यस्तो घर कोठामा तत्काल बसोबास गरिरहेको व्यक्तिलाई खानतलासी लिनु पर्नाको कारण सहितको लिखित सूचना दिनु पर्छ। यस्तो सूचनाको नमूना *परिशिष्ट—१२* मा दिइएको छ।[१०५]

२. खानतलासी गर्न त्यस्तो ठाउँमा प्रवेश गर्नुभन्दा पहिले खानतलासी गर्ने अनुसन्धान अधिकारीले सम्बन्धित घरधनी वा व्यक्तिलाई आफ्नो र आफ्नो साथमा प्रवेश गर्ने अन्य व्यक्ति र रोहवरमा बस्नु पर्ने व्यक्तिको समेत तलासी दिनु पर्छ। खानतलासी गर्ने व्यक्ति र रोहवरमा बस्ने व्यक्तिले खानतलासीको लागि आवश्यक पर्ने वस्तु बाहेक अन्य चिज वस्तु आफ्नो साथमा लैजान, राख्न हुँदैन।[१०६]

३. खानतलासी लिने घर कोठामा महिलामात्र बस्ने गरेको भए सम्भव भएसम्म अर्को महिलालाई समेत साथमा लिई घर कोठामा प्रवेश गर्नुपर्छ।[१०७]

४. कुनै महिलाको शरीर तलासी लिनु पर्ने भए महिला प्रहरी वा महिला कर्मचारी वा अन्य महिलाद्वारा तलासी लिनुपर्छ।[१०८]

५. खानतलासी लिंदा *परिशिष्ट—१३* बमोजिमको ढाँचामा खानतलासी मुचुल्का बनाउनु पर्छ।[१०९]

६. खानतलासी लिएपछि खानतलासी गर्दा कसूरसँग सम्बन्धित कुनै वस्तु फेला परे त्यस्तो वस्तुको विवरण, वस्तु रहेको ठाउँ र अवस्था समेत खुलाई र कुनै वस्तु फेला नपरे सोही व्यहोरा खुलाई दुई प्रति खानतलासी मुचुल्का तयार गरि एक

---

[१०४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(१५)

[१०५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(२)

[१०६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(४) र (१४)

[१०७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(५)

[१०८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(५)

[१०९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(३)

प्रति सम्बन्धित व्यक्ति घर वा कोठा धनीलाई दिई अर्को प्रति मिसिलमा संलग्न गर्नुपर्छ।[११०]

७. खानतलासी गर्दा कसूरसँग सम्बन्धित सवुद प्रमाण बरामद हुन नसकेको अवस्थामा सम्बन्धित व्यक्ति (घर, जग्गा वा सवारी धनी) लाई खानतलासी गरेको कुराको प्रमाणपत्र दिनु पर्छ।[१११]

८. खानतलासी गर्दा कसूरसँग सम्बन्धित कुनै वस्तु फेला परेमा र त्यस्तो वस्तु अनुसन्धान अधिकारी आफ्नो साथमा लैजाने भएमा सो वस्तुसंग सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई गरि दिनु पर्छ। यस्तो भरपाईको ढाँचा *परिशिष्ट—१४* मा दिइएको छ।[११२]

९. खानतलासी लिँदा सामान्यतया सूर्योदयदेखि सूर्यास्त हुनुभन्दा अघिको समयमा गर्नु पर्दछ। तर तत्काल खानतलासी नलिएमा कसूरसँग सम्बन्धित दसी वस्तु नाश वा लोप हुन सक्ने वा आशङ्कित व्यक्ति भाग्न उम्कन सक्ने सम्भावना भएमा सूर्यास्त पछिको समयमा पनि खानतलासी लिन सकिन्छ।[११३]

१०. खानतलासी लिने अधिकारीलाई खानतलासी लिनु पर्ने ठाउँमा प्रवेश गर्दा त्यस्तो घर, कोठा वा ठाउँको स्वामित्व भएको वा त्यस्तो घर, कोठा वा ठाउँको हेरविचार गर्ने जिम्मा लिएको वा सो स्थानमा तत्काल बसोबास गरिरहेको व्यक्तिले प्रवेश गर्न नदिएमा खानतलासी लिने अधिकारीले सो घर, कोठा वा ठाउँको झ्याल, ढोका, छाना वा भित्ता आदि मध्ये प्रवेश गर्नको लागि आवश्यक पर्नेसम्म भत्काई, फुटाई वा ताल्चा लगाएकोमा ताल्चा फोडी सकेसम्म कम हानि नोक्सानी हुने गरि भित्र प्रवेश गर्न वा बाहिर निस्कन सक्छ।[११४]

---

[११०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(६)

[१११] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा २३ को स्पष्टीकरण खण्ड

[११२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(१०)

[११३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(११)

[११४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(१२) र (१३))

११.खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अर्को कार्यालय वा अधिकारीको क्षेत्र भित्र पर्ने भएमा सम्बन्धित कार्यालय वा अधिकारीलाई त्यस्तो व्यक्ति वा ठाउँ खानतलासी गरि पठाइदिन लेखेर पठाउनु पर्छ।[११५]

१२.कुनै अर्को कार्यालय वा पदाधिकारीबाट आफ्नो क्षेत्रभित्र रहेको कुनै व्यक्ति वा ठाउँको खानतलासी गर्न अनुरोध भई आएमा सम्बन्धित कार्यालय प्रमुखले कसूर अनुसन्धान गर्न दर्जा पुगेको अधिकारीलाई त्यस्तो खानतलासी गर्न लगाई *परिशिष्ट—१३* बमोजिमको खानतलासी मुचुल्का र बरामद भएको वस्तु त्यसरी अनुरोध गरि पठाउने कार्यालयमा पठाइदिनु पर्छ।[११६]

१३.अर्को निकाय वा अधिकारीलाई खानतलासीको लागि अनुरोध गरि पठाउँदा कुनै प्रमाण लोप वा नाश हुने सम्भावना भएमा अनुसन्धान अधिकारी आफै खानतलासी लिनु पर्ने ठाउँ वा व्यक्ति समक्ष गई माथि लेखिएको रीत पुऱ्याई खानतलासी लिन सक्छ। त्यसरी अर्को कार्यालयको क्षेत्र भित्र गई खानतलासी गर्नु परेको अवस्थामा त्यसको सूचना सम्बन्धित कार्यालयलाई दिनु पर्छ।[११७]

२३.**बरामदी मुचुल्का तयार गर्नेः** बरामद भनेको खोजतलाश गरेर खोजिएको वस्तु फेला परेमा कब्जामा लिने काम हो। कसूर अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले दसी वा प्रमाणको रुपमा महत्व राख्ने मालसामान खोज्ने र फेला परेमा कब्जामा लिने गर्नु पर्दछ। यसरी खोजिएको वस्तु फेला पार्नु र कब्जामा लिनु नै बरामद गर्नु हो। साधारणतया प्रमाणको वस्तु खोजी गर्ने क्रममा आशङ्कित ठाउँ वा स्थानमा खानतलासी गरिन्छ। त्यस्तो तलासीको सिलसिलामा खोजिएको दसी वा मालसामान वा प्रमाणको वस्तु फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो वस्तु खानतलासीको क्रममा बरामद गरेको र कब्जामा लिएको व्यहोरा खानतलासी मुचुल्कामा नै उल्लेख गरिन्छ। यसमा छुट्टै बरामदी मुचुल्का तयार गरिदैन। कतिपय अवस्थामा कुनै घर कोठा वा ठाउँ विशेषको खानतलासी गर्नु नपरि अभियुक्तले देखाइ दिएको ठाउँ वा अवस्थाबाट दसीको मालसामान वा प्रमाणको वस्तु फेला पार्नु पर्ने वा कब्जामा लिनु पर्ने हुन्छ। त्यस्तो अवस्थामा बरामदी

[११५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(७)
[११६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(८)
[११७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८(९)

मुचुल्का तयार गरिन्छ। उदाहरणको लागि अभियुक्तले सोधपुछको क्रममा आफूले वारदातमा प्रयोग गरेको हतियार वा कसूरसँग सम्बन्धित कुनै वस्तु यो यस्तो ठाउँमा लुकाएको छु वा फालि दिएको छु। त्यो ठाउँ र वस्तु देखाइदिन सक्छु भन्ने जवाफ दिन सक्छ। त्यस्तो अवस्थामा अनुसन्धान अधिकारीले अभियुक्तलाई लिएर निजले देखाएको ठाउँमा गई उक्त मालसामान वा दसीको वस्तुको खोजी गर्दा फेला परेमा त्यो मालसामान वा दसीको वस्तु बरामद भएको व्यहोराको बरामदी मुचुल्का तयार गर्नु पर्दछ। दसीको वस्तु वा प्रमाण लाग्ने मालसामान कब्जामा लिनु पर्दछ। यसरी कुनै वस्तु फेला परेको कुरा स्थापित गर्न बरामदी मुचुल्का तयार गरिन्छ। बरामदी मुचुल्काको नमूना *परिशिष्ट—१३* मा दिइएको छ।

माथि प्रकरण १६ मा घटनास्थल मुचुल्का, प्रकरण १८ मा दसीको मालसामान कब्जामा लिँदाको मुचुल्का, प्रकरण २२ मा खानतलासी मुचुकल्का र यस प्रकरणमा बरामदी मुचुल्काको बारेमा उल्लेख भएको छ। हामीले बोलीचालीमा मौकाको कागज वा ठाडो कागज भन्ने जस्ता शब्दहरु प्रयोग गर्ने गरेको पनि पाउँछौ। कुनै कसूरको अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारीले वन्यजन्तु कसूर सम्वन्धी कुनै घटना भई रहेको अवस्थामा कसूरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्नु पर्दा जरुरी पक्राउ पूर्जी दिए पुग्छ कि छुट्टै कागज वा मुचुल्का पनि तयार गर्नु पर्छ भन्ने जिज्ञासा रहन्छ। यस्तोमा सम्बन्धित कानूनी व्यवस्थालाई स्पष्टसँग बुझेर तदनुरुप लिखत तयार गर्नु पर्ने हुन्छ। सर्वप्रथम मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ९ ले कसूर गर्दा गर्दैको अवस्थामा कसूरसँग सम्बन्धित कुनै व्यक्ति फेला परेमा अनुसन्धान अधिकारीले निजलाई पक्राउ गर्न सक्ने व्यवस्था गरेको छ। त्यसरी तत्काल पक्राउ गर्नु परेको अवस्थामा जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गर्नु पर्छ। सोही संहिताको दफा ८ अनुसार कुनै कसूर भएको, भइरहेको वा हुन लागेको जानकारी पाउने अनुसन्धान अधिकारीले कसूर भएको मिति, समय, ठाउँ, वस्तुस्थिति र उक्त ठाउँमा पाइएको दसी प्रमाण समेत खुलाई घटनास्थल मुचुल्का तयार गर्नु पर्छ। त्यसरी पक्राउ गरिएको व्यक्तिको शरीर वा निजको साथमा रहेको झोला आदि खानतलासी गर्नु पर्ने भएमा खानतलासी मुचुल्का

बनाउनु पर्छ। खानतलासी गरिएको र खानतलासीबाट दसीको वस्तु फेला परेकोमा बरामदी मुचुल्का बनाउनु पर्छ। कुन ठाउँमा के कस्तो अवस्थामा आशंकित व्यक्ति फेला परेको हो, के कस्तो दसीको मालसामान बरामद गरिएको हो भन्ने कुरा स्पष्ट गर्न घटनास्थल मुचुल्का आवश्यक पर्छ। यसरी कुनै ठाउँमा आशङ्कित व्यक्ति फेला परेको, निजलाई तत्काल पक्राउ गरिएको, निजको शरीर र साथमा रहेको वस्तुको खानतलासी गरिएको, निजबाट दसीको वस्तु बरामद भएको अवस्थामा विभिन्न प्रकारका मुचुल्का र लिखतको आवश्यकता पर्ने जस्तो देखिए पनि यस्तोमा मूलतः दुईवटा लिखतको अनिवार्यता रहन्छ। एउटा आशङ्कित व्यक्तिलाई तत्काल पक्राउ गर्नु परेको कारणबाट जारी गर्नु परेको जरुरी पक्राउ पूर्जी र अर्को घटनास्थल, खानतलासी र बरामदी समेतको व्यहोरा खुलेको संयुक्त मुचुल्का। यसलाई आवश्यकता अनुसार खानतलासी बरामदी मुचुल्का भन्न सकिन्छ।

२४. **मुचुल्का खडा गर्दा रोहवरमा राख्नु पर्ने व्यक्तिहरुः** वन्यजन्तु कसूरको अनुसन्धानको सिलसिलामा घटनास्थल मुचुल्का, खानतलासी मुचुल्का, बरामदी मुचुल्का जस्ता धेरै प्रकारका मुचुल्काहरु तयार गर्नु पर्ने हुन्छ। यस्ता मुचुल्काहरु अनुसन्धान अधिकारी एक्लैले तयार गरेर पुग्दैन। यस्ता मुचुल्काको सत्यतामा प्रश्न उठेको अवस्थामा त्यसको सत्यता प्रमाणित गर्न पनि यस प्रकारका मुचुल्का तयार गर्दा अनुसन्धान अधिकारीले खास खास व्यक्तिहरुको रोहवर वा उपस्थितिमा गर्नु पर्दछ। त्यो उपस्थिति प्रमाणित गर्न उनीहरुलाई मुचुल्काको रोहवरमा राख्नु पर्दछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले घटनास्थल मुचुल्का, खानतलासी मुचुल्का, लाश जाँच मुचुल्का वा कसूरको प्रकृति अनुसार आवश्यक पर्ने अन्य कुनै मुचुल्का तयार गर्दा देहायका व्यक्तिहरुलाई रोहवरमा राख्नु पर्ने व्यवस्था गरेको छः

- तत्काल उपलब्ध स्थानीय व्यक्ति कम्तीमा दुई जना,
- स्थानीय तहका सदस्य एक जना,
- स्थानीय तहका सदस्य उपलब्ध नभएमा कुनै सरकारी कार्यलयको कर्मचारी एक जना,

- पक्राउ परेसम्मका अभियुक्त, र
- कसूरको सूचना दिने व्यक्ति।
- कुनै व्यक्तिको स्वामित्व वा जिम्मामा रहेको कुनै ठाउँको खानतलासी मुचुल्का तयार गर्दा त्यस्तो व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्छ। (कार्यविधि संहिताको दफा १९)

२५. **मृत वन्यजन्तुको लाश, मृत शरीरको अंश वा आखेटोपहारको जाँच गर्नु पर्नेः** कुनै पनि संरक्षित वन्यजन्तु मृत अवस्थामा भेटिएमा अनुसन्धान अधिकारीले त्यस्तो मृत वन्यजन्तुको लाश, लाशको कुनै अंश वा आखेटोपहार जाँच गरि त्यसको मुचुल्का तयार गर्नु पर्छ। वन्यजन्तुको लाश जाँच मुचुल्काको नमूना *परिशिष्ट—१* मा दिएको छ।[११८]

२६. **वन्यजन्तुको लाशको पोष्टमर्टम जाँच गराउनु पर्नेः** अनुसन्धान अधिकारीले मृत अवस्थामा भेटिएको वन्यजन्तुको लाश जाँच मुचुल्का तयार गरेपछि वन्यजन्तुको मृत्युको कारण निश्चित गर्नु पर्ने अवस्थामा सम्भव भएसम्म उक्त लाशको पशु चिकित्सक वा पशु लाश परिक्षण विशेषज्ञबाट पोष्टमार्टम जाँच गराउनु पर्छ।[११९]

२७. **कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्ने कार्यविधिः** कसूरसँग सम्बन्धित कुनै व्यक्ति कसूर गर्दागर्दैको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारी वा संरक्षण कार्यसँग सम्बन्धित कर्मचारी वा प्रहरीले त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्छ। यसको साथै कुनै कसूर गरेको हुन सक्ने भनि आशङ्का गरिएको तर तत्काल पक्राउ नपरेको कुनै व्यक्तिलाई कसूर अनुसन्धानको सिलसिलामा पक्राउ गर्न आवश्यक भएमा पनि अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई पक्राउ गर्न सक्छ। यसरी कुनै पनि व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा देहाय बमोजिमको कानूनी प्रक्रिया पूरा गर्नु पर्छ।[१२०]

---

[११८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०(१)

[११९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २०(३)

[१२०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९

१. **पक्राउ पूर्जी जारी गर्न अनुमति लिनु पर्नेः**

- वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान गर्ने अधिकारीले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनु पर्छ।[१२१] यस्तो निवेदनको ढाँचा *परिशिष्ट—६* मा दिइएको छ।

- कसूर अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्ने भएमा अनुसन्धान अधिकारीले त्यसरी पक्राउ गर्नु परेको कारण र पक्राउ गर्नु पर्ने व्यक्तिको परिचय खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि निवेदन दिनु पर्छ। [१२२]

२. **पक्राउ पूर्जी जारी गर्नु पर्नेः** मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिएमा अनुसन्धान अधिकारीले *परिशिष्ट—७* बमोजिमको पक्राउ पूर्जी जारी गर्नुपर्छ।[१२३]

३. **पक्राउ गर्ने अनुमति सार्वजनिक गर्न नहुनेः** कुनै मुद्दाको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नको लागि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति प्राप्त भएको कुरा त्यस्तो व्यक्ति पक्राउ नपरेसम्म सार्वजनिक गर्न हुँदैन।[१२४]

४. **जरुरी पक्राउ पूर्जी जारी गर्नु पर्नेः**

- वन्यजन्तु सम्वन्धी कसूर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले प्रमाण दसी वा सवुत नष्ट गर्ने मनासिव कारण भएमा वा कसूरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा वा कसूर

---

[१२१] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(१)

[१२२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(२)

[१२३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(४)

[१२४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(५)

गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गर्न सक्छ।[१२५]

- कुनै व्यक्तिलाई तत्काल पक्राउ नगरेमा त्यस्तो व्यक्ति भाग्ने उम्कने वा निजले दसी प्रमाण नष्ट गर्न सक्ने मनासिव कारण भएमा त्यस्तो व्यक्तिलाई पक्राउ गर्न अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गर्न सक्छ। जरुरी पक्राउ पूर्जीको ढाँचा *परिशिष्ट–१६* मा दिइएको छ।[१२६]

५. **<u>जरुरी पक्राउ पूर्जी जारी गरि व्यक्ति पक्राउ गरेकोमा मुद्दा हेर्ने अधिकारीको स्वीकृति लिनु पर्नेः</u>**

- अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी जारी गरि गिरफ्तार गरेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि उपस्थित गराउनु पर्छ।[१२७]
- अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई तत्काल पक्राउ गर्नु परि जरुरी पक्राउ पूर्जी जारी गरेर पक्राउ गरेको अवस्थामा त्यस्तो व्यक्ति उपरको अनुसन्धान कारवाही अगाडि बढाउनुभन्दा पहिले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरि स्वीकृति लिनु पर्छ। मुद्दा हेर्ने अधिकारीबाट स्वीकृति नलिई त्यस्तो कसूर सम्वन्धी अन्य अनुसन्धान कारवाही गर्न सकिंदैन। मुद्दा हेर्ने अधिकारीको स्वीकृतिको लागि दिने निवेदनको ढाँचा *परिशिष्ट–१८* मा दिइएको छ।[१२८]

६. **<u>पक्राउ गर्नु पर्ने व्यक्तिलाई आत्मसमर्पण गर्न आदेश दिनु पर्नेः</u>** अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु परेको कारण खुलाई सम्झाई बुझाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्छ।[१२९]

---

[१२५] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(४)
[१२६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६)
[१२७] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(४)
[१२८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(६) र (७)
[१२९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(९)

७. **पक्राउ गर्दा आवश्यक बल प्रयोग गर्न सकिनेः**

- कसूर गर्ने व्यक्तिलाई गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजको मदतगार कसैले हुलहुज्जत गरि भागी जाने वा भगाई लैजाने अवस्था गरेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिई हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुँडादेखि मुनी लाग्ने गरि सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ। सो बमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्दैन।[१३०]
- कुनै व्यक्तिलाई पक्राउ गर्नको लागि सम्झाई बुझाई गरि आत्मसमर्पण गर्न आदेश दिँदा निजले आत्मसमर्पण नगरि भाग्ने उम्कने प्रयत्न गरेमा वा जोर जुलुम गरेमा निजलाई सम्बन्धित अधिकारीले आवश्यक बल प्रयोग गरि पक्राउ गर्न सक्छ।[१३१]

८. **महिलालाई पक्राउ गर्ने प्रक्रियाः** अनुसन्धानको सिलसिलामा कुनै महिलालाई पक्राउ गर्नु पर्ने भएमा सम्भव भएसम्म महिला प्रहरी वा महिला कर्मचारीद्वारा पक्रन लगाउनु पर्छ। महिला प्रहरी वा महिला कर्मचारी उपलब्ध नभएको अवस्थामा महिलालाई पक्राउ गर्नु पर्ने भएमा महिलाको इज्जत वा प्रतिष्ठामा आँच नआउने गरि महिलाको शारीरिक सम्वेदनशिलताको सम्मान गर्दै पुरुष प्रहरी वा पुरुष कर्मचारीले पक्राउ गर्न सक्छ।[१३२]

९. **घर कोठा खानतलासी लिई पक्राउ गर्न सकिनेः** पक्राउ गर्नु पर्ने व्यक्ति कुनै घर कोठा वा कुनै ठाउँमा बसेको छ भन्ने शङ्का गर्नु पर्ने आधार भएमा अनुसन्धान अधिकारीले त्यस्तो घर कोठा वा ठाउँमा खानतलासी गरि सम्बन्धित व्यक्तिलाई पक्राउ गर्न सक्छ।[१३३]

१०. **पक्राउ परेको व्यक्तिको शरीर तलासी लिन सकिनेः** पक्राउ गरिएको व्यक्तिको साथमा कसूरसँग प्रमाण लाग्ने कुनै वस्तु विशेष रहेको हुन सक्ने आशङ्का

---

[१३०] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा २४(५)
[१३१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१०)
[१३२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(११)
[१३३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१३)

गरिएको अवस्थामा अनुसन्धान अधिकारीले निजको खानतलासी वा शरीर तलासी लिन सक्छ।[१३४]

११. **<u>पक्राउ परेको व्यक्तिसँग फेला परेको लिखत वा दसीको वस्तु कब्जामा लिन सकिने:</u>** पक्राउ परेको व्यक्तिको खानतलासी वा शरीर तलासी गर्दा प्रमाण लाग्ने कुनै लिखत वा दसीको वस्तु फेला परेमा अनुसन्धान अधिकारीले त्यस्तो लिखत वा दसीको वस्तु कब्जामा लिई सम्बन्धित व्यक्तिलाई त्यसको भरपाई दिनु पर्छ। भरपाईको ढाँचा *परिशिष्ट—१४* मा दिइएको छ।[१३५]

१२. **<u>प्रहरी कर्मचारी, अधिकारी वा कार्यालय प्रमुखले पक्राउ गर्न सक्ने अवस्था:</u>** कुनै व्यक्तिले कुनै प्रहरी कर्मचारी वा अधिकारीको उपस्थितिमा वा कुनै सरकारी कार्यालयमा वन्यजन्तु सम्वन्धी कुनै कसूर गरेमा त्यस्तो व्यक्तिलाई सो प्रहरी कर्मचारी वा अधिकारी वा उक्त सरकारी कार्यालयको कार्यालय प्रमुखले पक्राउ गर्न सक्छ।[१३६]

१३. **<u>कसूर भएको देख्ने व्यक्तिले कसूरदारलाई बुझाउन सक्ने अवस्था:</u>** वन्यजन्तु सम्वन्धी कुनै कसूर भएको अवस्थामा तत्काल संरक्षण सम्वन्धी कुनै कर्मचारी वा प्रहरी उपलब्ध नभएमा त्यस्तो कसूर भएको स्थानमा उपस्थित रहेको वा कसूर भएको देख्ने कुनै पनि व्यक्तिले कसूर गर्ने व्यक्तिलाई भाग्न उम्कन नदिई निजलाई संरक्षित क्षेत्र कार्यालय, डिभिजन वन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्छ।[१३७] यसरी पक्राउ गरि ल्याएको व्यक्तिलाई सम्बन्धित अनुसन्धान अधिकारीले जरुरी पक्राउ पूर्जी दिई मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिका लागि पेश गर्नु पर्दछ।[१३८]

## २८. <u>पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने कार्यविधि:</u>

वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको वा अन्य व्यक्ति वा निकायबाट पक्राउ भई आएको व्यक्तिलाई अनुसन्धान अधिकारीले

[१३४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१४)
[१३५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१५)
[१३६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१६)
[१३७] कार्यविधि संहिताको दफा ९(८)
[१३८] कार्यविधि संहिताको दफा ९(१७)

हिरासतमा राख्नु पर्ने भएमा निश्चित कानूनी कार्यविधि पूरा गर्नु पर्छ। यस्तो कार्यविधि पूरा नगरि हिरासतमा राखिएमा त्यस्तो हिरासत वा थुनामा राख्ने कार्य गैरकानूनी हुन्छ। पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्दा देहायको प्रक्रिया पूरा गर्नु पर्छ।

१. **हिरासतमा राख्ने:** कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ भएको व्यक्तिलाई हिरासतमा राख्नु पर्नेछ।[१३९]

२. **थुनुवा पूर्जी दिने:** पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्दा पक्राउ गरिएको ठाउँ उल्लेख गरि हिरासतमा राख्नु पर्ने कारण सहितको **थुनुवा पूर्जी** दिनु पर्छ।[१४०] थुनुवा पूर्जीको ढाँचा *परिशिष्ट–८* मा दिइएको छ।

३. **हिरासतमा लिइएको व्यक्तिको स्वास्थ परिक्षण गराउने:** कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा संभव भएसम्म सरकारी चिकित्सक र सरकारी चिकित्सक उपलब्ध नभएमा अनुसन्धान अधिकारी आफैंले थुनामा राखिने व्यक्तिको शारीरिक अवस्थाको जाँच गरि गराई त्यसको अभिलेख खडा गरि राख्नु पर्छ।[१४१]

४. **व्यक्तिगत अभिलेख राख्ने:** हिरासतमा राखिएको व्यक्तिको नाम, थर, उमेर, स्पष्ट ठेगाना, बाबु आमाको नाम, निजको नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने राहदानी, सवारीचालक इजाजतपत्र जस्ता अन्य प्रमाणपत्र, निजको टेलिफोन भए टेलिफोन नं. लगायत कागजातको प्रतिलिपि लिई त्यस्तो विवरण हिरासत अभिलेख कितावमा जनाई **निजको अभिलेख** राख्नु पर्छ। हिरासत अभिलेखको ढाँचा *परिशिष्ट–१९* मा दिइएको छ।[१४२]

५. **फोटो र औंलाको छाप लिने:** आवश्यकता अनुसार हिरासतमा राखिएको व्यक्तिको फोटो र औंलाको छाप समेत लिन सकिन्छ।[१४३]

---

[१३९] कार्यविधि संहिताको दफा १३(१)

[१४०] कार्यविधि संहिताको दफा १३(२)

[१४१] यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३(२)

[१४२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३(३)

[१४३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३(४)

६. **रोजेको व्यक्तिलाई जानकारी दिनेः** हिरासतमा राखिएको व्यक्तिको माथि लेखिएअनुसारको अभिलेख तयार भएपछि निजलाई हिरासतमा राखिएको भनि निजले जानकारी दिन **अनुरोध गरेको व्यक्तिलाई जानकारी** दिनु पर्छ। त्यस्तो जानकारी पत्रको ढाँचा *परिशिष्ट—२०* मा दिइएको छ।[१४४]

७. **कानून व्यवसायीसँग सल्लाह लिन दिनेः** हिरासतमा राखिएको व्यक्तिले कानून व्यवसायीसँग सल्लाह लिन चाहेमा अनुसन्धान अधिकारीले निजलाई **कानून व्यवसायीसँग सल्लाह** लिन दिनु पर्छ।[१४५]

८. **हिरासतमा राखिएको व्यक्तिलाई मानवोचित सुविधा उपलब्ध गराउनेः** नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक, स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने, स्वास्थ्य सेवामा समान पहुँच पाउने, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच पाउने हक प्रदान गरेको छ। कुनै कसूर गरेको भन्ने अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने र पक्राउ परेको वा थुनामा राखिएको व्यक्तिलाई अमानवीय वा अपमानजनक व्यवहार नगरिने गरि संवैधानिक प्रत्याभूति गरेको छ। यातना सम्वन्धी क्षतिपूर्ति ऐन, २०५३ ले अमानवीय र अपमानजनक व्यवहारलाई समेत समेट्ने गरि यातनालाई परिभाषित गरेको छ। कारागार ऐन, २०२० ले कसूरको तहिककात, जाँचबुझ वा पुर्पक्षका लागि अन्य अधिकारीको हिरासतमा रहेको व्यक्तिलाई समेत थुनुवाको परिभाषा भित्र समावेश गरेको छ। कारागार नियमावली, २०२० को नियम ३८ ले थुनुवाको अन्नपानी र शौचालय समेतको राम्रो प्रबन्ध गर्नु पर्ने भन्ने व्यवस्था गरेको छ। यो संवैधानिक र कानूनी व्वस्थाको सन्दर्भमा वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको व्यक्तिलाई पनि मानवोचित बस्ने, खाने, सुत्ने प्रबन्ध र खानेपानी, शौचालय र नुहाउने सुविधा उपलब्ध गराउनु पर्छ।

९. **महिला, बालबालिका र जेष्ठ नागरिकलाई हिरासतमा राख्दाको विशेष व्यवस्थाः** वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा कहिलेकाँही महिला, बालबालिका तथा जेष्ठ नगरिकलाई पनि हिरासतमा राख्नु पर्ने अवस्था आउन

---

[१४४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३(५)

[१४५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३(६)

सक्छ। त्यस्तो अवस्थामा यस विषयमा अनुसन्धान अधिकारीले उनीहरुको थप हक अधिकारको बारेमा विशेष ध्यान दिनु पर्ने र थप प्रबन्ध गर्नु पर्ने हुन्छ।

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(१०) ले सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेका व्यक्तिलाई कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले थुनामा नराखि सोको कारण खुलाई पर्चा खडा गरि तारिखमा राखि अनुसन्धान गर्न सक्ने गरि अनुसन्धान अधिकारीलाई विशेष अधिकार दिएको छ। अनुसन्धान अधिकारीले आफ्नो यो अधिकारको बारेमा स्पष्ट जानकारी राख्नु पर्छ।
- थुनामा राख्दा पुरुष र महिलालाई छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभई एउटै घरमा राख्नु परेमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरि घरको भिन्नाभिन्नै भागमा राख्नु पर्छ।[१४६]
- थुनुवा मध्ये कसैलाई कडा शारीरिक वा मानसिक रोग लागेको भए निजलाई अरु थुनुवाभन्दा छुट्टै भागमा राख्नु पर्छ।[१४७]
- महिला थुनुवाको सुरक्षाको लागि प्रहरी खटाउँदा एक जना महिला प्रहरी समेत खटाउनु पर्छ।[१४८]
- वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा यदाकदा अठार वर्ष उमेर नपुगेका बालबालिकालाई पनि नियन्त्रणमा लिनु पर्ने हुनसक्छ। त्यस्तो अवस्थामा अनुसन्धान अधिकारीले बालबालिका सम्वन्धी ऐन, २०७५ ले बालबालिकाको सम्बन्धमा गरेका विशेष व्यवस्थाको बारेमा जानकारी लिनुपर्ने हुन्छ। बालबालिकालाई नियन्त्रणमा लिइएको अवस्थामा उनीहरुलाई उमेर पुगेका अन्य थुनुवाभन्दा अलग्गै निगरानी कक्षको व्यवस्था गर्नु पर्छ।[१४९]

[१४६] कारागार ऐन, २०१९ को दफा ६(क)
[१४७] कारागार ऐन, २०१९ को दफा ६(ङ) र (च)
[१४८] कारागार ऐन, २०१९ को दफा ६(३)
[१४९] बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २२(२)

## २९. अनुसन्धानको लागि हिरासतमा राख्न सकिने अवधि र तत् सम्बन्धी कार्यविधिः

१. **पक्राउ गरेको चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेः** वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गरेपछि अनुसन्धान अधिकारीले त्यसरी पक्राउ गरेको व्यक्तिलाई पक्राउ गरेको चौबीस घण्टाभित्र जतिसक्दो चाँडो मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ। पक्राउ गरिएको व्यक्तिलाई पक्राउ परेको ठाउँबाट अनुसन्धान अधिकारीको कार्यलयसम्म ल्याउन र उक्त कार्यालयबाट मुद्दा हेर्ने अधिकारीको कार्यालयसम्म पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई चौबीस घण्टामा गणना गरिदैन।[१५०]

२. **मुद्दा हेर्ने अधिकारीबारे स्पष्ट हुनु पर्नेः**

अनुसन्धान अधिकारीले वन्यजन्तु सम्वन्धी कुनै कसूरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई प्रकाउ गर्न र हिरासतमा राख्नु पर्दा पक्राउ पूर्जी जारी गर्ने अनुमति माग्न वा हिरासतमा अनुमति माग्न कहाँ जाने भन्ने कुरा निश्चित गर्न आफूले अनुसन्धान गर्ने कसूर कुन कानून अन्तर्गतको कसूर हो। यो कसूर सम्वन्धी मुद्दाको कारवाही कसले गर्दछ भन्ने स्पष्ट थाहा पाउनु पर्ने हुन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा ३१ अनुसार सो ऐनको दफा २६ को उपदफा (१), (१क) र (२) अन्तर्गत कसूर हुने मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतमा रहेको छ भने सो बाहेक यस ऐन अन्तर्गतको अन्य मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुने भनि सोही दफा ३१ को उपदफा (२) मा उल्लेख भएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३५ ले त्यस्तो मुद्दा हेर्ने अधिकारी राष्ट्रिय निकुञ्ज, आरक्षण, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रको हकमा सम्बन्धित संरक्षकलाई तोकेको छ। यो कानूनी व्यवस्था अनुसन्धान अधिकारीले आफूले अनुसन्धान गर्न लागेको

[१५०] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसंरक्षण ऐनको दफा २४क(१) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(१)

कसूर उक्त ऐनको दफा २६ को उपदफा (१), (१क) र (२) भित्र पर्ने कसूर हो वा त्यो भन्दा बाहेकको कसूर हो भन्ने कुरा निश्चित गर्नु पर्छ।

ऐनको दफा २६ को उपदफा (१) ले संरक्षित वन्यजन्तु मध्येका केही वन्यजन्तुसँग सम्बन्धित कसूरलाई समेटेको छ र यो कसूरलाई कठोर सजायको व्यवस्था गरेको छ। यस अनुसार गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरि लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने कार्यलाई यस दफा बमोजिमको कसूर मानेको छ। यो बाहेक अन्य संरक्षित वन्यजन्तु मार्ने वा घाइते बनाउने कार्यलाई सो ऐनको दफा २६ को उपदफा (२) ले कसूर कायम गरेको छ। त्यसैगरि सो ऐनको दफा २६ को उपदफा (१क) ले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा संरक्षण क्षेत्रलाई कुनै किसिमले अतिक्रमण वा कब्जा गर्ने बिक्री वा सोको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिम हानि, नोक्सानी वा क्षति पुऱ्याउने कार्यलाई कसूर मानेको छ। तसर्थ यी तीन प्रकारका कसूर गरेको भन्ने आरोपमा कसै उपर मुद्दा चलाउनु पर्दा सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्छ।

उपर्युक्त कसूर बाहेक उक्त ऐनको अन्य दफा बमोजिमको कुनै कसूर गरेको भनि मुद्दा दायर गर्नु पर्ने भएमा त्यस्तो मुद्दा तोकिएको अधिकारी अर्थात निकुञ्ज वा आरक्षको सीमा वा मध्यवर्ती क्षेत्र भित्र भए सम्बन्धित निकुञ्ज वा आरक्षको संरक्षक समक्ष र त्यस्तो सीमा बाहिरको कसूर भए सम्बन्धित वन कार्यालयको प्रमुख समक्ष मुद्दा दायर गर्नु पर्ने हुन्छ।

३. **प्रयोग हुने कानून बारे स्पष्ट हुनु पर्नेः**

वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान तथा अभियोजनको विषयमा प्रचलित दुईवटा कानूनहरु अर्थात राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ का केही प्रावधानहरु परस्परव्यापी जस्ता देखिएका छन्। यस्तो अवस्थामा अनुसन्धान अधिकारीलाई यी दुई ऐनहरु मध्ये कुन ऐन बमोजिमको

कारवाही अबलम्बन गर्ने भन्ने सम्बन्धमा द्विविधा उत्पन्न हुन सक्छ। यसको लागि अनुसन्धान अधिकारीले सबैभन्दा पहिले आफूलाई कुन ऐन अन्तर्गतको कुन कसूरको अनुसन्धान गर्न अनुसन्धान अधिकारी तोकिएको हो भन्ने कुरा हेर्नु पर्दछ। सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ ले सो ऐन अन्तर्गतको कसूरको अनुसन्धान गर्ने अधिकार निकुञ्ज तथा आरक्षको क्षेत्रको हकमा सम्बन्धित संरक्षक वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र अन्य क्षेत्रको हकमा डिभिजनल वन अधिकृत वा डिभिजन वन कार्यालय नरहेको जिल्लामा नेपाल सरकारले तोकेको अधिकृतस्तरको कर्मचारीलाई हुने व्यवस्था गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले भने सो ऐन अन्तर्गतको कसूरको तहकिकात रेञ्जर वा सुवेदार वा प्रहरी नायव निरीक्षक वा राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीले गर्ने व्यवस्था गरेको छ। यसैले अनुसन्धान अधिकारीले आफूलाई जुन कानून अन्तर्गतको कसूरको अनुसन्धान तहकिकातको लागि नियुक्त गरिएको वा तोकिएको हो सोही ऐन अन्तर्गतको कसूरको अनुसन्धान गर्नु पर्दछ।

## ४. **हिरासतमा राख्ने अनुमति (म्याद थप) को लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेः**

- गिरफ्तार गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखि तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्छ।[१५१]

## ५. **हिरासतमा राख्ने अनुमतिको दिइने निवेदनमा खुलाउनु पर्ने कुराः**

- पक्राउ परेको व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी अवधि थुनामा राख्नु पर्ने भई त्यसको लागि मुद्दा हेर्ने अधिकारी समक्ष अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखि तहकिकात

[१५१] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा २४क(२)। यस्तै व्यवस्था कार्यविधि संहिताको दफा १४(३) पनि गरेको छ।

गर्नु पर्ने कारण र निजको बयान भईसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्छ।[१५२]

- अनुसन्धान अधिकारीले पक्राउ गरिएको व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी अवधि हिरासतमा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष दिने निवेदनमा हिरासतमा रहेको व्यक्ति (पक्राउ गरिएको व्यक्ति) उपर लागेको अभियोग, त्यसको आधार, निजलाई हिरासतमा राखेर अनुसन्धान गर्नु पर्ने कारण र निजको बयान भई सकेको भए सो बयान कागज अनुसारको व्यहोरा समेत उल्लेख गर्नु पर्छ। निवेदनको ढाँचा *परिशिष्ट—९* मा दिइएको छ।[१५३]

६. **हिरासतमा राखेर अनुसन्धान गर्न आवश्यक देखिएको अवस्थामा अनुमति प्राप्त हुने:** पक्राउ परेको व्यक्तिलाई चौबीस घण्टाभन्दा बढी अवधि हिरासतमा राख्नको लागि अनुमति माग गरेको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सबै कागजात हेरी अनुसन्धान सन्तोषजनक रुपमा भए नभएको विचार गरि, पक्राउ परेको व्यक्तिलाई हिरासतमा राखेर अनुसन्धान गर्न आवश्यक देखिएमा एकै पटक वा पटक पटक गरि बढीमा पैंतालीस दिनसम्म हिरासतमा राख्न अनुमति दिन सक्छ। अनुसन्धान अधिकारीले उल्लेख गरेको आधार र कारण तथा अनुसन्धानको कारवाही सन्तोषजनक देखिएमा मात्र मुद्दा हेर्ने अधिकारीले त्यस्तो अनुमति दिने भएकोले यसरी म्याद थपको लागि दिइने निवेदनमा यी विवरणहरु स्पष्ट रुपले उल्लेख गर्नु पर्छ।[१५४]

७. **हिरासतमा राखिएको व्यक्तिले शारीरिक जाँचको माग गर्न सक्ने:** हिरासतमा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएको व्यक्तिले चाहेमा निजले आफ्नो शारीरिक जाँच गराउनको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्छ।[१५५]

---

[१५२] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क(२)

[१५३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(४)

[१५४] राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४क(३) र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६)

[१५५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(५)

८. **तारेखमा राखेर अनुसन्धान गर्न सकिनेः** सात महिनाभन्दा बढी अवधिको गर्भवती महिला, बालबालिका र पचहत्तर वर्ष नाघेका व्यक्तिको हकमा कसूरको प्रकृति हेरी अनुसन्धान अधिकारीले निजलाई थुनामा नराखि अनुसन्धान गर्न मनासिव देखेमा सोको कारण खुलाई पर्चा खडा गरि तारेखमा राखेर पनि अनुसन्धान गर्न सक्छ।[१५६]

९. **जाहेरी दरखास्तको प्रतिलिपि मुद्दा हर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेः**

अनुसन्धानको सिलसिलामा पक्राउ परेको व्यक्तिलाई हिरासतमा राख्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिँदा अनुसन्धान अधिकारी समक्ष प्राप्त भएको जाहेरी दरखास्त वा सूचनाको एक प्रति अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ।[१५७]

## ३०. अनुसन्धान अधिकारीले हिरासतमा रहेको व्यक्तिलाई धरौट वा जमानीमा छाड्न सक्नेः

१. अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकीलको सहमति लिएर वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभए सोही कुरा खुलाई पर्चा खडा गरि थुनामा रहेको व्यक्तिबाट धरौट वा जमानत लिई निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्छ।[१५८]

२. अनुसन्धान अधिकारीले थुनामा रहेको कुनै व्यक्तिलाई धरौट, जमानत वा तारिखमा छाडेकोमा त्यसको जानकारी सरकारी वकील कार्यालय र आफ्नो माथिल्लो निकायलाई समेत दिनु पर्छ।[१५९]

[१५६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(१०)
[१५७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २८
[१५८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५(१)
[१५९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५(५)

३. अनुसन्धान अधिकारीले थुनामा रहेको व्यक्तिलाई धरौट, जमानत वा तारिखमा छाड्दा निज उपर मुद्दा चल्ने भएमा उपस्थित हुने गरि निजको कागज गराउनु पर्छ।[१६०]

४. हाजिर जमानी दिने व्यक्तिले हाजिर जमानीमा छाडिएको व्यक्तिलाई अनुसन्धान अधिकारी वा सरकारी वकीलले उपस्थित गराउन भनि तोकेको समयमा उपस्थित गराउनु पर्छ। तोकिएको समयमा मानिस उपस्थित नगराएमा हाजिर जमानि दिने व्यक्तिलाई पचास हजार रुपैयाँ जरिवाना हुन्छ।[१६१]

## ३१. हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट गर्न वा यातना दिन नहुने:

१. हिरासतमा लिएको व्यक्तिलाई अनुसन्धान अधिकारीले कुटपिट गर्ने वा कुनै प्रकारको यातना दिने कार्य गर्नु गराउनु हुँदैन। कसूर अनुसन्धानको सिलसिलामा हिरासतमा राखिएको व्यक्तिलाई कुटपिट गरिएको, यातना दिइएको वा निजको विरुद्ध अरु कुनै कसूर भएको प्रमाण निजको शारीरिक जाँचबाट उपलब्ध हुन सक्ने मनासिव आधार देखाई हिरासतमा राखिएको व्यक्ति वा निजको तर्फबाट अरु कसैले निवेदन दिएमा अदालतले सरकारी चिकित्सक वा स्वास्थ्यकर्मीबाट त्यस्तो व्यक्तिको शारीरिक जाँच गराउने आदेश दिन सक्छ।[१६२]

२. शारीरिक जाँचको प्रतिवेदनबाट हिरासतमा लिएको व्यक्तिलाई कुटपिट गरेको वा यातना दिएको देखिएमा अदालतले निजलाई उपचार गराई अन्तरिम राहत उपलब्ध गराउन र त्यसरी कुटपिट गर्ने वा यातना दिने व्यक्तिलाई कानून बमोजिम विभागीय कारवाही गर्न सम्बन्धित कार्यालयलाई आदेश दिनुपर्छ।[१६३]

## ३२. अभियुक्तको बयान लिने प्रक्रिया:

अनुसन्धान अधिकारीले कसूर अनुसन्धानको सिलसिलामा पक्राउ परेको आशङ्कित व्यक्तिको बयान लिएर कसूरमा निजको संलग्नता रहे नरहेको र संलग्न रहेको भए के कुन रुपमा संलग्न रहेको भन्ने बारेमा स्पष्ट गर्नु पर्ने हुन्छ। यस्तो बयान वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान गर्ने अधिकारीले लिनु पर्दछ। राष्ट्रिय निकुञ्ज तथा

[१६०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५(२)
[१६१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५(४)
[१६२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २२(२)
[१६३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २५(५)

वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० ले वन्यजन्तु सम्वन्धी कसूरको तहकिकात गर्ने अधिकारी तोकेको र तहकिकात भित्र बयान लिने लगायतको कार्य पनि पर्ने भएकोले बयान लिने निजको अधिकार रहेको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६ ले बयान लिने र सोधपुछ गर्ने सम्बन्धमा व्यवस्था समेत गरेको छ। यस्तो कसूरमा अभियुक्त वा आशंकित व्यक्तिको बयान लिंदा अनुसन्धान अधिकारीले देहाय बमोजिमको प्रक्रिया अनुसार गर्नु पर्छ।

१. जो व्यक्तिसँग बयान लिन लागिएको हो निजसँग सहज वातावरणमा प्रश्न गर्न र जवाफ लिन सकिने र सोधिएका प्रश्नको जवाफ निजले सजिलोसँग दिन सक्ने परिवेश निर्माण गरेर बयान लिनु पर्छ।

२. अनुसन्धान अधिकारीले कसूर सम्बन्धमा सोधेको प्रश्नको जानेसम्मको जवाफ दिई सम्बन्धित व्यक्तिले सहयोग गर्नु पर्ने व्यवस्था उक्त संहिताको दफा १७ मा रहेको कुरा अनुसन्धान अधिकारीले अभियुक्तलाई सम्झाउनु पर्छ। आफू उपर कुनै कसूरको अभियोग लाग्न सक्ने किसिमको जवाफ दिन कुनै व्यक्तिलाई कर लाग्ने छैन भनि सोही दफामा भएको कुरा अनुसन्धान अधिकारीले आफूले पनि बुझ्नु पर्छ र सो अनुसार अभियुक्तलाई पनि बुझाउनु पर्छ।

३. बयान लिन लागिएको व्यक्तिले अनुसन्धान अधिकारीको भाषा नबुझ्ने भएमा अनुसन्धान अधिकारीले दोभाषे वा साङ्केतिक भाषा बुझ्ने व्यक्तिको सहयोग लिने प्रबन्ध गर्नु पर्छ।

४. शारीरिक रुपले अस्वस्थ रहेको कारणले वा सुरक्षाको कारणले अनुसन्धान अधिकारी समक्ष उपस्थित गराउन नसकिने अवस्थाको व्यक्तिको बयान लिनु परेमा श्रव्यदृश्य संवादको माध्यमबाट समेत बयान लिन सकिन्छ।[१६४]

५. यसरी श्रव्यदृश्य संवादको माध्यमबाट बयान लिएकोमा त्यसको अभिलेख राख्नु पर्छ।[१६५]

[१६४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६(६)

[१६५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६(७)

६. बालबालिका वा शारीरिक रुपमा असमर्थ व्यक्तिको बयान लिनुपर्दा निजको संरक्षक वा उपलब्ध अन्य व्यक्तिको रोहवरमा बयान लिनु पर्छ।[१६६]

७. एक पटक अभियुक्तको बयान लिई सकेपछि कसूरको अनुसन्धान गर्दै जाँदा अभियुक्तसँग कुनै कुरा सोध्न छुटेको वा नयाँ तथ्य वा जानकारी प्राप्त भई थप सोधपुछ गर्नु पर्ने भएमा अनुसन्धान अधिकारीले पहिले बयान लिई सकेको अभियुक्तसँग फेरी बयान लिन सक्दछ। त्यस्तो बयानलाई **तितिम्बा बयान** भनिन्छ। तितिम्बा बयानको प्रारम्भमा नै पहिले बयान लिई सकेर पनि किन दोस्रो पटक बयान लिनु परेको हो सो कुरा खुलाउनु पर्छ। तितिम्बा बयान पहिलेको बयानको पूरकको रुपमा रहन्छ। पहिलेको बयान केरमेट गरेर वा त्यसलाई बदलेर अर्को लिखत तयार गरिने होइन। त्यस्तो गर्नु हुँदैन। अनुसन्धान अधिकारीले अभियुक्तसँग लिने बयानको ढाँचा *परिशिष्ट–१०* मा दिइएको छ।[१६७]

## ३३. अनुसन्धानको अन्य प्रक्रियाः

१. **कसूर बारेमा जानकारी राख्ने व्यक्तिहरु बुझ्नेः** प्रारम्भिक अनुसन्धान अन्तर्गत घटनास्थल मुचुल्का, खानतलासी / बरामदी मुचुल्का लगायतका कागजात तयार गरेर अभियुक्तको बयान लिने र अभियुक्तलाई हिरासतमा राखेर अनुसन्धान गर्ने गरि मुद्दा हेर्ने अधिकारीबाट अनुमति प्राप्त गरे पछि अनुसन्धान अधिकारीले मुद्दाको विस्तृत अनुसन्धान गर्ने क्रममा अवस्था अनुसार विभिन्न काम पूरा गर्नु पर्ने हुन्छ। त्यस मध्येको एउटा महत्वपूर्ण काम आफूले अनुसन्धान गरिरहेको कसूरको बारेमा जानकारी राख्ने व्यक्तिहरुसँग बुझ्ने काम हो। आफूले अनुसन्धान गरिरहेको कसूरको सम्बन्धमा विभिन्न प्रकारको जानकारी अनुसन्धान अधिकारीलाई आवश्यक पर्न सक्छ।

अभियुक्तले बयानमा लेखाएको कुरा साँचो हो भन्ने पुष्टि गर्नको लागि अभियुक्तको त्यो बयान व्यहोरालाई परिपूरक हुने आधारहरु अनुसन्धान अधिकारीले खोज्नु पर्ने हुन्छ। यसलाई परिपूरक प्रमाण (Corroborative Evidence) भनिन्छ। अभियुक्तले अनुसन्धान अधिकारी समक्ष भनेको कुरा

[१६६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६(५)

[१६७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १७

उसले मुद्दा हेर्ने अधिकारी समक्ष नभन्न पनि सक्छ। बोली फेर्न सक्छ। त्यस्तो अवस्थामा निजको मौकाको अर्थात पहिले अनुसन्धान अधिकारी समक्षको अभिव्यक्ति नै साँचो अभिव्यक्ति हो भन्ने पुष्टि गर्न मौकामा त्यो विषयमा जानकारी राख्ने व्यक्तिको भनाई अनुसन्धान अधिकारीले अभिलेखीकृत गर्नु पर्छ। त्यस्तो व्यक्तिको कागज गराउनु पर्ने हुन्छ। यस्तो कागजको नमूना *परिशिष्ट—२१* मा दिइएको छ।

२. **भौतिक प्रमाण विशेषज्ञद्वारा परिक्षण गराउनेः** अनुसन्धान गरिएको कसूरमा कुनै अभियुक्तको संलग्नता छ छैन अथवा बरामद भएको वस्तु संरक्षित वन्यजन्तुको आखेटोपहार हो होइन भन्ने जस्ता कुरा वैज्ञानिक प्रमाणको आधारमा सुनिश्चित गर्न कतिपय अवस्थामा आशंकित व्यक्तिको रौं, वीर्य, रगत वा निजको डिएनए परिक्षण समेत गर्नुपर्ने अवस्था आउन सक्छ। यसै गरि अनुसन्धानको क्रममा बरामद भएको आखेटोपहार वा वन्यजन्तुको मासु, हाड, नङ्ग्रा, सिङ, रौं वा छालाको परिक्षण गराउनु पर्ने हुन्छ। यसका साथै कतिपय अवस्थामा घटनास्थलमा बञ्चरो, खुकुरी, बन्दुक वा गोलीका खोका जस्ता बस्तु फेला पर्न सक्छ। यी बस्तुहरुमा कसूरदारको औंलाको छाप (Fingerprint) पाइन सक्छ। त्यस्तो ओंलाको छाप अभियुक्तको हो होइन भन्ने निश्चित गर्न विशेषज्ञ परिक्षण गराउनु पर्ने हुनसक्छ। घटनास्थलमा बरामद भएको गोलीको खोका अभियुक्तको बन्दुकबाट प्रहार भएको हो होइन भन्ने निश्चित गर्न हातहतियार सम्बन्धी विशेषज्ञबाट परिक्षण आवश्यक हुन्छ। त्यस्तो अवस्थामा अनुसन्धान अधिकारीले मान्यताप्राप्त विशेषज्ञ वा प्रयोगशालाबाट त्यस्तो भौतिक वस्तु अर्थात भौतिक प्रमाणको परिक्षण गराउनु पर्छ। परिक्षण पछि विशेषज्ञले दिएको विशेषज्ञको राय सहितको प्रतिवेदन मिसिलमा संलग्न गर्नु पर्छ।[१६८]

३. **सनाखत गराउनेः** अनुसन्धान अधिकारीले कुनै मुद्दामा कुनै व्यक्ति वा मुद्दासँग सम्बन्धित दसी वा चीज वस्तुको सनाखत गराउनु पर्ने भएमा मुचुल्का खडा गरि सनाखत गराउनु पर्छ।[१६९] दसीको मालसामान सनाखत गराउने मुचुल्काको

---

[१६८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २१
[१६९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २४(१) र (५)

ढाँचा *परिशिष्ट—१७* मा र व्यक्ति सनाखत गराउने मुचुल्काको ढाँचा *परिशिष्ट—१७क* मा दिइएको छ।

४. **कसूरमा संलग्न अन्य कसूरदारहरुको खोजी गर्ने:** वन्यजन्तु सम्वन्धी कुनै कसूरमा एक भन्दा बढी व्यक्तिको संलग्नता रहेको भन्ने जाहेरी दरखास्त वा कसूरको सूचना प्राप्त भएको वा अनुसन्धानबाट खुलेको अवस्थामा कसूरमा संलग्न सबै व्यक्तिहरु एकै पटक पक्राउ नपरेको हुन सक्छ। अभियुक्तहरु मध्ये अनुसन्धानको क्रममा पक्राउ परेको व्यक्तिको हकमा अनुसन्धान अधिकारीले तत्कालै अनुसन्धान प्रक्रिया थालनी गरि कारवाही अगाडि बढाउनु पर्ने हुन्छ। त्यसका साथै पक्राउ पर्न नसकेको वा अनुसन्धानबाट भागी रहेको व्यक्तिलाई खोज्ने र कानूनी कारवाहीमा ल्याउने कार्यमा पनि अनुसन्धान अधिकारी सक्रिय रहनु पर्छ।

५. **साक्षी वा पीडितको संरक्षण गर्ने:** कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित हुन सुरक्षामा खतरा रहेको अवस्थामा साक्षी वा पीडितको सुरक्षाको आवश्यक प्रबन्ध गर्ने विषयमा पनि अनुसन्धान अधिकारी सजग रहनु पर्दछ।

६. **सरकारी वकीलसंग परामर्श गर्ने:** वन्यजन्तु सम्वन्धी कसूर अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीलाई कुनै पनि कानूनी अस्पष्टता वा द्विविधा लागेमा निजले सरकारी वकीलसँग कानूनी परामर्श लिई अनुसन्धान कार्यलाई अगाडि बढाउनु पर्दछ। अनुसन्धान अधिकारीले मागेको कानूनी परामर्श दिनु सरकारी वकीलको पदीय कर्तव्य हो।

७. **सरकारी वकीलको निर्देशन अनुसारको अनुसन्धान गर्ने:** कुनै कसूरको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले पेश गरेको प्रारम्भिक प्रतिवेदनको आधारमा वा अनुसन्धान अधिकारीले परामर्श माग गरेको विषयमा सरकारी वकीलले दिएको निर्देशन अनुसार अनुसन्धान कारवाही गर्ने कानूनी कर्तव्य अनुसन्धान अधिकारीको हुन्छ। अनुसन्धान अधिकारीले सरकारी वकीलको निर्देशन अनुसार अनुसन्धानको कार्य सम्पन्न गर्नु पर्दछ।

## ३४. सरकारी वकील कार्यालयमा अनुसन्धान प्रतिवेदन सहित मिसिल पठाउनु पर्नेः

१. वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान कार्य पूरा भएपछि अनुसन्धान अधिकारीले मुद्दा चलाउन प्रमाण पुग्ने देखिएको व्यक्तिको हकमा निजलाई कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा खुलाएर र अनुसन्धानबाट कसूर भएको नदेखिएको वा कसूर भएको भएपनि उक्त कसूर गर्ने व्यक्ति यही हो भन्ने निश्चित हुन नसकेको वा कसै उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएको अवस्थामा सोही व्यहोरा खुलाई *परिशिष्ट—२२* को ढाँचामा प्रतिवेदन तयार गरि मिसिल कागजको सक्कल तथा नक्कल प्रति र दसीको वस्तु समेत सरकारी वकील कार्यालयमा पठाउनु पर्छ।[१७०]

२. सरकारी वकील कार्यालयमा त्यस्तो प्रतिवेदन पठाउँदा थुनुवा नभएको मुद्दा भए मुद्दा दायर गर्ने कानूनी हदम्याद पुग्न कम्तीमा पन्ध्र दिन अगाडि पठाउनु पर्छ। थुनुवा भएको मुद्दामा भए मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने र अभियोगपत्र तयार गरि मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्न लाग्ने समयलाई ध्यानमा राखि मुद्दा दायर गर्ने दिनभन्दा सामान्यतया तीन दिन अगाडि पठाउनु पर्छ।[१७१]

३. अनुसन्धान अधिकारीबाट प्राप्त मिसिल अध्ययन गरि सरकारी वकीलले कुनै थप सबुद प्रमाण सङ्कलन गर्न वा थप अनुसन्धान गर्न वा कुनै व्यक्तिसँग थप सोधपुछ गर्न आवश्यक देखेमा अनुसन्धान अधिकारीलाई सो अनुसार गर्न निर्देशन दिन सक्छ। सरकारी वकीलबाट त्यस्तो निर्देशन प्राप्त भएमा अनुसन्धान अधिकारीले पन्ध्र दिन भित्र थप अनुसन्धान गरिसक्नु पर्छ।[१७२]

४. अनुसन्धान अधिकारीले कुनै व्यक्तिको हकमा मुद्दा चलाउन नसकिने कारण सहितको प्रतिवेदन सरकारी वकील समक्ष पेश गरेकोमा त्यस्तो व्यक्ति अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको भए सरकारी वकीलले निजको हकमा मुद्दा चल्ने वा नचल्ने निर्णय नगरेसम्म हिरासतमा नै राख्नु पर्छ।[१७३]

---

[१७०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(१)
[१७१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(२)
[१७२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(४) र (५)
[१७३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(७)

## ३५. अनुसन्धानको सिलसिलामा आउन सक्ने जोखिमको व्यवस्थापन गर्नेः

वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा कहिले काँही अप्रत्यासित समस्या वा व्यवधान आइपर्न सक्दछ। त्यस्तो अवस्थामा कतिपय कुरा कानूनी रुपमा नै सम्वोधन वा समाधान गर्नु पर्ने प्रकृतिका हुन्छन् भने कतिपय कुराहरु प्रशासनिक वा व्यवस्थापकीय बन्दोबस्त गरेर समाधान गर्नु पर्ने खालका हुन्छन्। यसको लागि अनुसन्धान अधिकारीले जोखिम व्यवस्थापन सम्वन्धी प्रबन्धहरुको बारेमा जानकारी राख्ने र पूर्व तयारी गर्नु पर्ने हुन्छ। उदाहरणको लागि हिरासतमा रहेको व्यक्ति अचानक सिकिस्त विरामी हुन्छ, अप्रत्यासित रुपमा हिरासतमा रहँदाकै अवस्थामा उसको मृत्यु हुन्छ वा हिरासत कक्ष भित्रै उसले आत्महत्या गर्छ वा हिरासत कक्षबाट भाग्दछ। थुनुवा व्यक्ति बिरामी भएको अवस्थामा अनुसन्धान अधिकारीले तुरुन्तै उसको उपचारको प्रवन्ध गर्नु पर्छ। अनुसन्धानको क्रममा हिरासतमा लिइएको व्यक्तिलाई कोरोना जस्तो सरुवा रोग वा नियमित औषधी उपचार गर्नु पर्ने मृगौलाले काम नगरेर डायलिसिस गर्नु पर्ने, डायविटिजको कारण नियमित रक्त परिक्षण गर्नु पर्ने वा इन्सुलिन लिनु पर्ने जस्ता दीर्घ रोग लागेको पनि हुन सक्छ। अनुसन्धान अधिकारीले आफ्नो हिरासतमा रहेका व्यक्ति मध्ये कसैको यस्तो अवस्था छ छैन बुझेर आवश्यकता अनुसार थप बन्दोबस्त गर्नु पर्छ। यो व्यवस्थापकीय वा प्रशासकीय तवरले समाधान खोजिनु पर्ने विषय भयो। समयमा उपचारको प्रबन्ध गरिएन भने बिरामी सिकिस्त भएमा वा उसको मृत्यु भएमा अनुसन्धान अधिकारी उपर अरु विभिन्न प्रश्नहरु उठ्न सक्छ।

थुनुवाको मृत्यु भएमा वा निजले आत्महत्या गरेमा भने अनुसन्धान अधिकारीले कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्छ। यस्तो घटनाको जानकारी सम्बन्धित प्रहरी कार्यालयमा गराएर लाश जाँच मुचुल्का, शव परिक्षण आदि कानूनी प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ। यसै गरि हिरासतमा राखिएको कुनै व्यक्ति थुनाबाट भागेमा त्यसको प्रतिवेदन लिने, मुचुल्का खडा गर्ने, खोजतलाशको लागि मानिस खटाउने, सम्बन्धित प्रहरी कार्यालयलाई जानकारी दिई प्रहरी मार्फत खोजतलाश गर्ने, थुनुवालाई भाग्न भगाउन कसैले मदत गरेको भए त्यस्तो व्यक्ति उपर कानूनी कारवाही प्रारम्भ गर्ने समेतका कानूनी कारवाही अगाडि बढाउनु पर्ने हुन्छ।

अनुसन्धानको क्रममा कुनै काम गर्दा स्थानीय समुदायसँग विवाद, विरोध वा आक्रोश सिर्जना भई व्यवधान हुने अवस्थामा अनुसन्धान अधिकारीले स्थानीय प्रशासन र प्रहरीको सहयोग लिएर कार्य सम्पन्न गर्नु पर्ने हुन सक्छ। यी प्रशासनिक, कानूनी र व्यवस्थापकीय विषयमा पनि अनुसन्धान अधिकारी जानकार रहनु पर्दछ।

# परिच्छेद — तीन

## वन्यजन्तु सम्वन्धी मुद्दा अभियोजन

### १. पृष्ठभूमि

अभियोजनको शाब्दिक अर्थ अभियोग लगाउने कार्य भन्ने हुन्छ। अभियोग भनेको कसै उपर कुनै फौजदारी कसूर गरेको भनि लगाइने दोष, आरोप वा दोषारोपण हो। मुद्दाको सन्दर्भमा अभियोजन भनेको कसैको विरुद्ध कुनै कसूर गरेको भनि अभियोग लगाएर मुद्दा हेर्ने अधिकारी समक्ष सजायको माग दावी गरि अभियोगपत्र वा आरोपपत्र पेश गर्ने कार्य हो। कुनै व्यक्तिका विरुद्ध कुनै फौजदारी कसूर गरेको भन्ने अभियोग मा मुद्दा चलाउने निर्णय गर्ने र सजायको माग गर्दै साधिकार निकायमा अभियोगपत्र दायर गर्ने कार्यलाई सरल अर्थमा अभियोजन भनिन्छ।

वन्यजन्तु सम्वन्धी कसूर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० ले वन्यजन्तु सम्वन्धी कसूरको तहकिकात गर्ने अधिकारीले ***"तहकिकातको काम पूरा भएपछि राष्ट्रिय निकुञ्ज कार्यालय वा आरक्ष कार्यालय वा वन्यजन्तु संरक्षण कार्यालय वा वन कार्यालय वा वन सम्वन्धी कार्य गर्ने अन्य कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ "*** भन्ने व्यवस्था गरेको छ। वन्यजन्तु सम्वन्धी कसूरको अभियोजन सम्बन्धमा यो ऐनले गरेको यो विशेष व्यवस्था हो। ऐनको यो विशेष व्यवस्था नै यस विषयको प्रचलित नेपाल कानून हो। तसर्थ वन्यजन्तु सम्वन्धी कसूरसंग सम्बन्धित मुद्दा सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण कार्यालय वा डिभिजन वन कार्यालयको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष दायर गर्नु पर्ने हुन्छ। यस्तो कसूर सम्वन्धी मुद्दा नेपाल सरकार वादी हुने हुँदा नेपालको संविधान तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ बमोजिम मुद्दा चल्ने/नचल्ने कुराको अभियोजन सम्वन्धी निर्णय सम्बन्धित सरकारी वकीलबाट हुनुपर्ने हुन्छ। सरकारी वकीलको अभियोजन निर्णयको आधारमा अनुसन्धान अधिकारीले अभियोगपत्र दायर गर्नुपर्छ।

मुद्दा दायर गर्ने कार्यालयले के कुन प्रक्रिया पूरा गर्नु पर्छ भन्ने विषयमा माथि उल्लिखित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा भएका व्यवस्था जति सोही विशेष व्यवस्था अनुसार र सो ऐन वा सो ऐन अन्तर्गत बनेको नियमावलीमा नभएका कुराहरुमा अनुसन्धान अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले निर्दिष्ट गरेको कार्यविधि अपनाउनु पर्छ।[१७४]

## २. मुद्दा दायर गर्ने प्रक्रियाः

### १. निर्णयको लागि मिसिल सरकारी वकील कार्यालयमा पठाउनेः

- **अनुसन्धान अधिकारीको प्रतिवेदनः** वन्यजन्तु सम्वन्धी कसूरको अनुसन्धान पूरा भएपछि अनुसन्धान अधिकारीले मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि सम्बन्धित सरकारी वकील कार्यालयमा आफ्नो राय सहितको अनुसन्धान प्रतिवेदन, दशी प्रमाण र सक्कल मिसिल पठाउनु पर्छ। त्यसरी पठाइने अनुसन्धान प्रतिवेदनमा देहायका कुराहरु स्पष्ट खुलाउनु पर्छ।
    - अनुसन्धानबाट वन्यजन्तु सम्वन्धी कुनै कसूर भएको भन्ने नदेखिएमा सोही कुरा,
    - कसूर भएको भए पनि त्यस्तो कसूर गर्ने व्यक्ति यही हो भन्ने यकिन हुन नसकेको भए सोही कुरा,
    - कसूर भएको देखिए पनि आशंकित कुनै व्यक्ति उपर मुद्दा चलाउन पर्याप्त प्रमाण नपुग्ने देखिएमा सोही कुरा,
    - कसूर गरेको शङ्काशङ्का गरिएका सबै वा कुनै पक्ष उपर मुद्दा चलाउन पर्याप्त प्रमाण पुग्ने देखिएकोमा निज उपर कुन कानून अन्तर्गत सजाय हुनु पर्ने हो सो कुरा, र
    - अनुसन्धान प्रतिवेदन मुलुकी कार्यविधि संहिता, २०७४ को अनुसूची - १९ को ढाँचामा पठाउनु पर्छ। सो ढाँचा परिशिष्ट २२ मा दिइएको छ।

[१७४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३

- **मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरि मिसिल पठाउनु पर्ने:** सरकारी वकील कार्यालयमा निर्णयको लागि मिसिल पठाउँदा अभियोगपत्र दायर गर्न हदम्याद ननाघ्ने गरि पठाउनु पर्छ भने थुनुवा भएको मुद्दा भए मुद्दा दायर गर्ने अन्तिम दिन भन्दा कम्तिमा तीन दिन अगाडि पठाउनु पर्छ।

- **सजाय कम गर्ने माग दावी लिई अभियोगपत्र दायर गर्नु पर्ने भए सो व्यहोरा खुलाउनु पर्ने:** कुनै कसूरको अभियुक्तले अनुसन्धान अधिकारीलाई त्यस्तो कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याए वापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन आवश्यक देखिएमा अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष त्यस्तो सजाय छुटको दावी लिई अभियोगपत्र पेश गर्नु पर्ने भनि सिफारिश गर्न सक्छ। कुनै अभियुक्तको हकमा यस्तो सजाय छुटको प्रस्ताव गरिएको हो भने यो कुरा पनि राय सहितको पत्रमा खुलाउनु पर्दछ।[१७५]

२. **सरकारी वकीलबाट मिसिल अध्ययन:** अनुसन्धान अधिकारीबाट आफ्नो राय सहितको मिसिल कागजात प्राप्त भएपछि सम्बन्धित सरकारी वकीलले अनुसन्धान अधिकारीको राय अनुसार कसै उपर मुद्दा चलाउने वा नचलाउने तथा कसैको हकमा अनुसन्धान अधिकारीको सिफारिश बमोजिम सजाय छुटको माग गरि अभियोगपत्र पेश गर्नु पर्ने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नको लागि उक्त मिसिलको अध्ययन र संलग्न सवुद प्रमाणको मूल्याङ्कन गर्नु पर्छ।

३. **थप अनुसन्धानको लागि सरकारी वकीलको निर्देशन:** मिसिल अध्ययन गर्दा थप सवुद प्रमाण सङ्कलन गर्न वा थप अनुसन्धान गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा सरकारी वकीलले त्यस्तो सवुद सङ्कलन गर्न वा थप अनुन्धान गर्न वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरि पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिन सक्छ।[१७६]

---

[१७५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३(१)
[१७६] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(४)

४. **<u>थप अनुसन्धान गर्नेः</u>** सरकारी वकीलले थप अनुसन्धानको लागि निर्देशन दिएकोमा अनुसन्धान अधिकारीले निर्देशन प्राप्त मितिले पन्ध्र दिन भित्र त्यस्तो थप अनुसन्धान सम्पन्न गर्नु पर्छ।[१७७]

५. **<u>सरकारी वकीलको निर्णयः</u>** अनुसन्धान अधिकारीले अनुसन्धान सम्पन्न गरि मुद्दा चलाउने वा नचलाउने राय सहित पठाएको मिसिल प्राप्त भएपछि वा आफूले थप अनुसन्धानको लागि निर्देशन दिएको भए सो समेत पूरा भएपछि सरकारी वकीलले अनुसन्धान अधिकारीको राय बमोजिम मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्नु पर्दछ। त्यसरी निर्णय गर्दा कुनै व्यक्ति उपर मुद्दा चलाउनु पर्ने गरि निर्णय भएको भए निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दावी समेत उल्लेख गरि मुद्दा दायर गर्ने म्याद ननाघ्ने गरि मिसिल अनुसन्धान अधिकारी समक्ष फिर्ता पठाउनु पर्छ।

अनुसन्धान अधिकारीबाट कुनै अभियुक्तलाई सजायमा छुटको सिफारिश भई आएमा सरकारी वकीलले यस विषयमा समेत आफ्नो राय व्यक्त गरि अनुसन्धान अधिकारी समक्ष पठाउनु पर्छ।

६. **<u>अभियोगपत्र तयार गर्नेः</u>**

सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय सहित मिसिल प्राप्त भएपछि अनुसन्धान अधिकारीले सरकारी वकीलको निर्णयको आधारमा अभियुक्त उपर लगाइने अभियोग र त्यसको आधार र कारणहरु, अभियुक्त उपरको अभियोग प्रमाणित हुने दसी प्रमाणको विवरण, प्रयोग हुनु पर्ने कानून र त्यसको कारण एवं अभियुक्तलाई हुनु पर्ने सजायको माग दावी र त्यसको कारण समेत खुलाई *परिशिष्ट—२३* को ढाँचामा अभियोगपत्र तयार गर्नु पर्छ।

७. **<u>सजाय कम गर्ने माग दावी लिनु पर्ने भए अभियोगपत्रमा खुलाउनु पर्नेः</u>** कुनै अभियुक्तले अनुसन्धान अधिकारीलाई वन्यजन्तु सम्वन्धी कुनै कसूरको अनुसन्धान गर्न सहयोग पुऱ्याए वापत त्यस्तो अभियुक्तलाई कानून बमोजिम हुने सजायमा छुट हुन अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष गरेको

[१७७] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३१(५)

सिफारिश अनुसार गर्न सरकारी वकीलबाट राय प्राप्त भएमा अनुसन्धान अधिकारीले सो अनुसार कुन अभियुक्तलाई के कारणले कति सजायमा छुट हुनु पर्ने हो सो कुरा अभियोगपत्रमा स्पष्ट उल्लेख गर्नु पर्छ।[१७८]

## ८. <u>मुद्दा दायर गर्नेः</u>

सरकारी वकीलबाट निर्णय सहितको मिसिल प्राप्त भएपछि अनुसन्धान अधिकारीले सरकारी वकीलको निर्णय अनुसार तयार गरिएको *परिशिष्ट–२३* बमोजिमको अभियोगपत्र मुद्दा हेर्ने अधिकारी समक्ष म्यादभित्र पेश गरि मुद्दा दायर गर्नु पर्छ। यसरी अभियोगपत्र दायर गर्दा संकलित दशी प्रमाण, मिसिल र थुनुवा समेत साथै पेश गर्नु पर्छ। वन्यजन्तु कसूर सम्वन्धी मुद्दा राष्ट्रिय निकुञ्ज वा आरक्ष वा संरक्षण क्षेत्र कार्यालय वा वन कार्यालयको नामबाट दायर गरिन्छ। अभियोगपत्रमा सजायको मागदावी लिइएको व्यक्ति अनुसन्धानको क्रममा हिरासतमा रहेको भए अभियोगपत्र सहित निजलाई समेत मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गर्नु पर्छ। अभियोगपत्रमा अनुसन्धान अधिकारीले हस्ताक्षर गरि प्रत्येक पानामा समेत दस्तखत गरि कार्यालय छाप समेत लगाउनु पर्छ।

## ९. <u>मुद्दा दायर भएपछि गर्नु पर्ने कामहरुः</u>

- **<u>नक्कल मिसिल सरकारी वकील कार्यालयमा पठाउनेः</u>** अनुसन्धान अधिकारीले अभियोगपत्र तयार गरेपछि मुद्दा हेर्ने निकायमा मुद्दा दायर गर्ने क्रममा मिसिलमा रहेका कागजातको एक प्रति नक्कल तयार गरि मुद्दा दर्ता भएपछि सो नक्कल मिसिल बहस पैरवीका लागि सरकारी वकील कार्यालयमा बुझाउनु पर्छ।[१७९]
- **<u>छुट सजायको माग रद्द गर्न निवेदन दिनेः</u>** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ बमोजिम सजाय छुट दिने माग गरि अभियोगपत्र दर्ता गरिएकोमा त्यसरी सजाय छुटको माग गरिएको अभियुक्तले मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्दा पहिले अनुसन्धान

---

[१७८] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३(३)

[१७९] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(ग)

अधिकारी समक्ष गरेको बयान भन्दा फरक बयान गरेमा वा प्रतिकूल प्रमाण दिएमा वा कसूरमा इन्कार रहेमा वा न्यायिक कारवाहीमा सहयोग नगरेमा अनुसन्धान अधिकारीले पहिले प्रस्ताव गरेको सजाय छुटको सजाय रद्द गरि थप सजायको माग गरि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिनु पर्छ। यसरी सजाय छुटको माग रद्द गरि थप सजायको माग लिई निवेदन दिनु भन्दा पहिले अनुसन्धान अधिकारीले सरकारी वकीलको राय लिनु पर्दछ।[१८०]

- **<u>थुनछेक आदेश प्राप्ति र निवेदनः</u>** मुद्दा हेर्ने अधिकारीबाट थुनछेक सम्वन्धी आदेश भए पश्चात सो आदेशको प्रतिलिपी प्राप्त गर्नुपर्छ। थुनछेक तर्फ भएको आदेशमा धरौट कम दिइएको वा तारिखमा राखि मुद्दा पुर्पक्ष गर्ने आदेश भएको रहेछ र सो आदेशमा अनुसन्धान अधिकृतको चित्त नबुझेमा पुनरावेदन हेर्ने अदालतमा निवेदन दिने व्यवस्था गर्नु पर्छ।
- **<u>थप दाबी लिनेः</u>** मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भई सकेपछि त्यस्तो मुद्दामा थप प्रमाणहरुबाट मुद्दा दायर भईसकेका अभियुक्त बाहेक अन्य व्यक्ति उपर समेत दाबी लिन पर्ने भएमा वा पहिले सजायको माग दाबी लिइएका अभियुक्त उपर थप अभियोग लगाउनु पर्ने देखिएमा अधिकारप्राप्त अधिकारीले सरकारी वकीलसँग राय लिई निजको राय बमोजिम थप अभियोग वा थप अभियुक्त उपर सजायको माग दाबी लिई मुद्दा दायर गर्न सक्छ।[१८१]
- **<u>अभियोगपत्र संशोधन गर्नेः</u>** मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भईसकेपछि त्यस्तो मुद्दाको सम्बन्धमा थप प्रमाण फेला परि पहिले अभियुक्त उपर लिएको माग दाबी संशोधन गर्नु पर्ने भएमा अधिकारप्राप्त अधिकारीले सरकारी वकीलको राय लिई अभियोगपत्रमा संशोधन गर्न मुद्दा हेर्ने अधिकारी समक्ष कारण खुलाई निवेदन दिन सक्छ। तर यस्तो

[१८०] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(घ)(१)
[१८१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(घ)(२)

निवेदन मुद्दा हेर्ने अधिकारीले उक्त मुद्दामा फैसला गर्नुभन्दा पहिले नै दिनु पर्छ।[१८२]

- **<u>सानातिना त्रुटि सच्याउन निवेदन दिने:</u>** मुद्दा हेर्ने अधिकारी समक्ष दायर भएको कुनै मुद्दाको अभियोगपत्रमा लेखाई सम्वन्धी सानातिना त्रुटि हुन गई त्यस्तो त्रुटि सच्याउनु पर्ने भएमा अधिकारप्राप्त अधिकारीले सरकारी वकीलको राय लिई सो अनुसार मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्छ।[१८३]
- **<u>साक्षी उपस्थित गराउने:</u>** वन्यजन्तु कसूर सम्वन्धी मुद्दामा मुद्दा हेर्ने अधिकारीले तोकेको दिन सम्बन्धित अधिकार प्राप्त अधिकारीले आफ्नो पक्षको साक्षी उपस्थित गराउनु पर्छ। यसरी आफ्नो साक्षी मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउँदा सरकारी वकील मार्फत पेश गर्नु पर्छ।[१८४]

  वन्यजन्तु कसूर सम्वन्धी कतिपय मुद्दा संरक्षण निकायहरुमा कार्यरत कर्मचारीहरुको प्रतिवेदनले अनुसन्धान प्रारम्भ भएका हुन्छन्। कतिपय मुद्दामा अभियुक्तलाई पक्राउ गर्ने, दसीको वस्तु खानतलासी बरामदी गर्ने तथा भौतिक वस्तु सुरक्षणमा लिने जस्ता काममा खटिएका कर्मचारीलाई मुद्दाको कारवाहीको क्रममा अदालत वा मुद्दा हेर्ने निकायले साक्षी वा प्रमाणको रुपमा बुझ्न झिकाउँछ। यस्तो अवस्थामा मुद्दा दायर गर्ने निकायले सम्बन्धित कर्मचारीलाई अदालत वा मुद्दा हेर्ने निकाय समक्ष उपस्थित गराई अभियोग दावीलाई पुष्ट्याई गर्नु पर्दछ। सम्बन्धित कर्मचारी सरुवा भई वा अवकाश पाई अन्यत्र गएको अवस्थामा पनि सम्बन्धित निकाय र व्यक्तिसँग सम्पर्क र समन्वय गरि यस्तो साक्षी वा प्रमाणका व्यक्तिलाई अदालत वा मुद्दा हेर्ने निकायमा उपस्थित गराउनु पर्दछ।

[१८२] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(घ)(३) र ३६

[१८३] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(घ)(४) र ३७

[१८४] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(घ)(५) र १०१

- **<u>साक्षी वा विशेषज्ञलाई दैनिक तथा भ्रमण भत्ता उपलब्ध गराउने:</u>** वन्यजन्तु कसूर सम्वन्धी मुद्दामा मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएका वादी पक्षका साक्षी वा विशेषज्ञलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११३ बमोजिम उपलब्ध गराउनु पर्ने दैनिक तथा भ्रमण भत्ता मुद्दा दायर गर्ने कार्यालयले उपलब्ध गराउनु पर्छ।[१८५]

- **<u>मुद्दाको कारवाहीको स्थिति बारेको जानकारी:</u>** वन्यजन्तु कसूर सम्वन्धी मुद्दा अदालतमा दर्ता भएपछि त्यो मुद्दामा के कारवाही हुँदैछ, मुद्दा कारवाहीको कुन चरणमा छ, अनुसन्धान अधिकारी वा मुद्दा दायर गर्ने निकायले निकट भविष्यमा गर्नु पर्ने कुनै काम छ छैन, साक्षी प्रमाण प्रस्तुत गर्नु पर्ने वा विशेषज्ञलाई उपस्थित गराउने जस्ता कुनै कुरा गर्नु पर्ने भए त्यसको लागि कस्तो तयारी गर्नु पर्ने हुन्छ, मुद्दाको अन्तिम सुनुवाई पछि के निर्णय भयो, विस्तृत फैसला कहिले प्राप्त हुन सक्छ भन्ने जस्ता यावत कुरा अनुसन्धान अधिकारी र मुद्दा दायर गर्ने निकायको सरोकारको विषय बन्दछ। अदालतबाट यस्ता जानकारी लिन मिल्छ कि मिल्दैन र मिल्ने भए त्यस्तो जानकारी कसरी सजिलै लिन सकिन्छ भन्ने विषयमा पनि अनुसन्धान अधिकारी र सम्बन्धित निकाय जानकार हुनुपर्छ। अदालतबाट यस्तो जानकारी प्राप्त गर्न मिल्छ। यसको सहज उपाय भनेको मुद्दा दायर गर्ने निकायका सूचना अधिकारी र सम्बन्धित अदालतका सूचना अधिकारी तथा सरकारी वकील वीचको समन्वय र सहकार्य हुन सक्छ। अदालतमा सूचना अधिकारी तोकिएको हुन्छ। त्यसरी तोकिएका सूचना अधिकारीसँग वा अदालतका प्रशासन प्रमुखको रुपमा काम गर्ने श्रेस्तेदारसंग सम्पर्क र समन्वय गरेर मुद्दाको कारवाहीको चरण र अवस्था बारेमा जानकारी लिन सकिन्छ। यस विषयमा कुनै कानूनी सल्लाह आवश्यक भएमा सम्बन्धित सरकारी वकीलसँग परामर्श गर्न सकिन्छ।

---

[१८५] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(३)(घ)(६) र ११३

# परिच्छेद — चार

**यस परिच्छेदमा दिइएको मुद्दाको तथ्य, विवरण र नाम उदाहरणको लागि मात्र दिइएको हो । कोही कसैसँग मिल्न गएमा संयोग मात्र हुनेछ। अनुसन्धान अधिकारीले आफूले अनुसन्धान गर्ने मुद्दाको सम्बन्धमा लिखत तयार गर्दा यस्तै ढाँचामा उक्त मुद्दाको तथ्य अनुसार व्यहोरा मिलाई आवश्यकता अनुसार लिखत तयार गर्नु पर्दछ।**

## परिशिष्ट—१

## घटनास्थल र लाश जाँच मुचुल्काको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -१४ मा आधारित)

श्री चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा (कार्यालय)बाट चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालीवन क्षेत्र (ठाउँ) मा खडा गरिएको घटनास्थल र मृत गैंडाको लाश जाँच मुचुल्का।

१. जाहेरी दरखास्त वा सूचनाको संक्षिप्त विवरणः

मिति २०७६। १२। १३ गते चि.रा.नि.अन्तर्गत लौखानी प्रवेशद्वारवाट खटी गएको गस्ती टोलीले रा.नि.को कालिवन क्षेत्रमा १५,२० दिन अगाडि मारेको, खाग काटी लगेको, मृत गैंडाको लाश फेला पारेको।

२. घटनास्थलको चार किल्ला सहितको विवरणः

चितवन राष्ट्रिय निकुञ्ज भित्रको पूर्वमा मर्दिघोल, पश्चिममा कुमारवर्ती सामुदायिक वन, उत्तरमा सिर्केटापु, दक्षिणमा बादरझुला यी चौहद्धिभित्र रहेको जि.पी.एस.लोकेशन ..................,............भएको रा.नि.को कालिवन क्षेत्रको वोटे चौरमा करिव १५ ,२० दिन अगाडि मारेको, खाग धारिलो हतियारले काटी लगेको, अन्दाजी १४। १५ बर्षको मृत गैंडा फेला परेको।

३. लाशको विवरणः

पश्चिम तर्फ टाउको र पूर्व तर्फ पुच्छर, दक्षिण तर्फ ढाड र उत्तर तर्फ चारवटै खुट्टा फर्केको, अगाडिको दाहिने खुट्टा घुँडाबाट दोब्रिएको अरु तीनवटै खुट्टा उत्तरतर्फ तन्केको, भुँडी फुलेर डम्म भएको, घाँटीको दायाँ भागमा गोली लागेको घाउ रहेको र सो घाउमा किरा परेको झिङ्गहरु भन्किरहेको, गैडाको खाग कुनै धारिलो हतियारले काटी लगेको जस्तो घाउ देखिएको सो घाउमा किरा परि झिँगाहरु भन्किरहेका, लाशमा खाग नरहेको, पुच्छरदेखि नाकसम्मको जम्मा लम्बाई ...... फुट ... इञ्च रहेको, लाशको अन्य भागमा कुनै घाउ खत केही नदेखिएको, अन्दाजी १४, १५ वर्ष जति उमेर भएको भाले गैंडाको लाश भेटिएको।

४. घटनास्थलको रेखा चित्रः

५. **माथि उल्लेख भए बमोजिमको घटनास्थल र मृत गैंडाको लाश देखि देखे बमोजिम सहिछाप गर्ने साक्षीहरुः**

१) चितवन, भरतपुर नगरपालिका वडा नं. ५ जगतपुर बस्ने वर्ष ३७ को श्रीराम पौडेल

२) ऐ वडा नं. ७ पदमपुर बस्ने वर्ष ३० को पदम बहादुर राना

३) ऐ वडा नं ५ जगतपुर बस्ने वर्ष २५ को हिरा खवास

६. **रोहवरमा बस्ने व्यक्तिहरुः**

१. चितवन भरतपुर नगरपालिका वडा नम्बर ५ का वडा सदस्य श्री हेमचन्द्र चौधरी

२. इलाका हुलाक कार्यालय कसरा चितवनका ना. सु. श्री रघुनन्दन यादव

७. **काम तामेल गर्ने व्यक्तिहरुः**

३. चितवन राष्ट्रिय निकुञ्ज, कसराका सहायक संरक्षण अधिकृत श्री मिठाराम अधिकारी

४. ऐ ऐ का रेञ्जर श्री हिमांशु पनेरु

५. ऐ ऐ का गेम स्काउट श्री रतन पुरी

६. ऐ ऐ का स. फ. गा. श्री रोहन कुमाल

**मितिः** आज २०७६ साल चैत १३ गते शुभम्।

# परिशिष्ट—२

## जाहेरी दरखास्तको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची -१४ मा आधारित)

श्री चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनमा पेश गरेको जाहेरी प्रतिवेदन

१. जाहेरी प्रतिवेदन दिने व्यक्तिको नाम, थर र ठेगानाः सहायक संरक्षण अधिकृत श्री इन्दिवर कुँवर, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय चितवन।

२. कुन मुद्दाबारे प्रतिवेदन गरेको होः गैंडा मारी खाग बिक्री।

३. कसूर गर्ने व्यक्तिको नाम,थर र ठेगानाः

   १. ओमबहादुर प्रजा (गैंडा मारी खाग बिक्री गरेको भन्ने अर्कै मुद्दाको कारवाहीको सिलसिलामा हाल भरतपुर कारागारमा थुनामा रहेको)

   २. बलबहादुर बोटे, चितवन, रत्ननगर नगरपालिका खैरहनी

४. कसूर गर्ने व्यक्तिको बाबु / आमाको नामः हाल थाहा नभएको।

५. कसूर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने विवरणः हाल स्पष्ट हुन नसकेको।

६. कसूर सम्वन्धी विवरणः २०७६ साल फागुन महिनाको अन्तिम हप्तातिर निकुञ्ज क्षेत्रभित्र गैडा मार्न जाने व्यक्ति ओमबहादुर प्रजा समेतलाई आफ्नो घरमा बास बस्न दिई मिति २०७६। १२। १३ को मुचुल्कासँग सम्बन्धित गैंडा मारेको कार्यमा संलग्न भएको एवं त्यस कार्यमा सहयोग पुऱ्याएवापत ओमबहादुर प्रजाबाट चितवन, रत्ननगर नगरपालिका वडा नं. १ खैरहनी बजार बस्ने बलबहादुर बोटेले रु.५०,०००। — (पचास हजार) लिएको भनि सुराकीबाट खुल्न आएकोले निजहरुलाई पक्राउ गरि अनुसन्धान तहकिकात गरि निजहरुबाट कसूर र

कसूरदारको बारेमा यथार्थ विवरण खुलाउन लगाई कसूरदारहरुका विरुद्ध कानूनी कारवाही गरि पाउँ।

७. **यो जाहेरी प्रतिवेदनको व्यहोरा ठिका साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।**

**जाहेरी प्रतिवेदन दिने व्यक्ति**

**नामः** इन्दिवर कुँवर

**पदः** सहायक संरक्षण अधिकृत

**कार्यालयः** चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन।

**मितिः** आज २०७७ साल जेठ १५ गते बिहिवार।

# परिशिष्ट—३

## जाहेरी दरखास्त वा सूचनाको भरपाई

(मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची ६ मा आधारित)

**श्री** इन्दिवर कुँवर ज्यू,

सहायक संरक्षण अधिकृत,

चितवन राष्ट्रिय निकुञ्ज, कसरा, चितवन।

**विषयः** चितवन राष्ट्रिय निकुञ्जको कालीवन क्षेत्रमा गैंडा मारी खाग काटी लगेको **सम्वन्धी कसूर बारे।**

**तपाईले** मिति २०७६ चैत १३ गतेको मुचुल्कामा उल्लेख भए अनुसार चितवन राष्ट्रिय निकुञ्जको कालिवन क्षेत्रमा गैंडा मारी खाग काटी लगेको **कसूरमा संलग्न रहेका व्यक्तिहरुलाई** पक्राउ गरि **कानून बमोजिम कारवाही गरि पाउँ भनि** आज मिति २०७७ साल जेठ १५ गते **यस कार्यालयमा दिनु भएको जाहेरी प्रतिवेदन प्राप्त भई यस कार्यालयको दर्ता कितावको दर्ता नम्बर** ५६ **मा दर्ता भयो। अनुसन्धानको सिलसिलामा तपाईसँग केही कुरा बुझ्नु पर्ने भएमा अनुसन्धान अधिकारीले तपाईलाई सम्पर्क गर्नु हुने व्यहोरा जानकारी गराएको छु।**

दरखास्त वा सूचना दर्ता गर्ने कर्मचारीः

सहीः

नाम, थरः राम प्रसाद शर्मा

पदः रेञ्जर

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज, कार्यालय, कसरा, चितवन

कार्यालयको छापः

मितिः २०७७। ०२। १५ गते बिहिवार

परिशिष्ट—४

# कसूर दर्ता किताब

(मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची ७ मा आधारित)

## चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन

| दर्ता नम्बर | अपराधको किसिम | तोकिएको अनुसन्धान अधिकारी | घटना भएको मिति, समय र स्थान | घटना स्थलमा संरक्षण कर्मी पुगेको मिति र समय | जाहेरी दर्ता मिति र समय | जाहेरवालाको नाम, थर र वतन | घटनाको छोटकरी विवरण | घटनाबाट पुगेको क्षति | पीडितको नाम, थर , वतन |
|---|---|---|---|---|---|---|---|---|---|
| ५६ | गैंडा मारी खाग बिक्री गरेको | स.सं.अ. चित्रबहादुर वन | ०७६ साल चैतको पहिलो हप्तामा चि.रा.नि. भित्रको कालीवन क्षेत्रमा | ०७६।१२।१३ गते | ०७७।०२।१५ | स.सं.अ. इन्दिवर कुँवर | चि.रा.नि. भित्रको कालीवन क्षेत्रमा गैंडा मारी खाग काटी लगेको। | अं. १५-१६ वर्षको भाले गैंडा मारिएको | प्रत्यक्ष पीडित कोही नभएको। |
| अभियुक्त वा आशंकित व्यक्तिको बाबुको नाम, | पक्राउ परेको अभियुक्तको विवरण | कसूर गर्दाको तरिका र प्रयोग | साक्षीहरु | भौतिक सवुद प्रमाण | अनुसन्धान प्रतिवेदनमा प्रस्तावित राय | सरकारी वकीलबाट लगाइएको अभियोग | साक्षी परिक्षण भएको मिति | अदालतबाट भएको फैसला | पुनरावेदन गरे नगरेको विवर |

| आशंकित व्यक्तिको नाम, थर, हुलिया र वतन | | भएका साधन | | | र पेश गरेको मिति | र कानून | | | ण र गरेको भए पुनरावेदन देता मिति। |
|---|---|---|---|---|---|---|---|---|---|
| १. ओमबहादुर प्रजा, कारागार कार्यालय भरतपुरमा थुनामा रहेको।<br>२. बलबहादुर बोटे, रत्ननगर न.पा. खैरहनी<br>३. डरबहादुर बि.क. रत्ननगर न.पा. नयाँ बस्ती | १.बलबहादुर बोटे, रत्ननगर न. पा. खैरहनी<br>२.डरबहादुर बि. क. रत्ननगर न. पा. नयाँ बस्ती | प्रतिवादीहरु ४-५ जनाको समूहमा हातहतियार र बन्दोबस्तीका सामान लिई चोर बाटोबाट निकुञ्ज क्षेत्रमा प्रवेश गरि गैंडालाई गोली हानी | १. हरिबहादुर बस्नेत<br>२. मोहन चौधरी<br>३. सराजुल मियाँ। | ४. . बलबहादुर बोटेको कोठाबाट बरामद भएको झोला समेतका सामानहरु<br>५. . बलबहादुरको घर पछाडी बारी | प्रतिवादीहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र २६ को कसूरमा सोही दफा २६(१) बमोजिम सजाय हुनु पर्ने राय पेश गरिएको।<br>मितिः | प्रतिवादीहरुलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र २६ को कसूरमा सोही दफा २६(१) बमोजिम सजायको माग दावी लिई अभियोग पत्र पेश भएको। | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | मारी खाग काटी लगेका । बन्दक , बञ्चरो समेत का हातह तियार प्रयोग भएको । | | बाट बराम द भएको रौं र छाला | | | | | |

## परिशिष्ट—५

## अनुसन्धान अधिकारी तोकेको पत्रको ढाँचा

श्री चित्रबहादुर वन ज्यू,
सहायक संरक्षण अधिकृत,
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय,
कसरा, चितवन।

**विषयः अनुन्धान अधिकारी तोकिएको।**

**महाशय,**

मिति २०७६ चैत महिनामा चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालिवन क्षेत्रमा चोर शिकारीहरुले गैंडा मारी खाग काटी लगेको घटनामा संलग्न रहेका व्यक्तिहरु समेत उल्लेख गरि मिति २०७७। ०२। १५ मा स.सं.अ. श्री इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन दर्ता भएकोले उक्त कसूरको अनुसन्धान तहकिकात गरि अभियुक्त उपर कानून बमोजिम अभियोगपत्र दर्ता गर्न समेतको लागि तपाईलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० बमोजिम अनुसन्धान अधिकारी तोकिएको छ। सम्बन्धित मिसिल जिम्मामा लिई प्रचलित कानून बमोजिम उक्त कसूर सम्बन्धमा यथाशीघ्र अनुसन्धान तहकिकातको कार्य सम्पन्न गरि कानून कमोजिम अभियोजन कारवाही गर्नु होला।

अनुसन्धान अधिकारी तोक्ने अधिकारीः
सहीः
नाम, थरः दयाराम ढुँगेल
पदः प्रमुख संरक्षण अधिकृत
कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय,
कसरा, चितवन।
मितिः २०७७। ०२। १५। ५

# परिशिष्ट—६

## पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि जिल्ला अदालत / मुद्दा हेर्ने अधिकारी समक्ष दिने निवेदनको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को अनुसूची-१ मा आधारित)

**श्री** चितवन जिल्ला अदालत,

भरतपुर, चितवन।

**विषयः पक्राउ पूर्जी जारी गर्ने अनुमति पाउँ।**

मिति २०७६ साल चैत १३ गतेको स.सं.अ. श्री मिठाराम अधिकारीको प्रतिवेदनमा उल्लेख भए अनुसारको गैंडा मारी खाग बिक्री गर्ने कार्यमा देहायको व्यक्ति संलग्न रहेको भनि स.सं.अ. श्री इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन दर्ता हुन आएकोले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(१) बमोजिम सो कसूरमा संलग्न देहायका व्यक्तिलाई पक्राउ पूर्जी जारी गर्न अनुमति पाउन अनुरोध छः-

क) **पक्राउ गर्नु पर्ने व्यक्तिको नाम, थर, वतन र अन्य परिचयात्मक विवरणः**

- क) बलबहादुर बोटे, चितवन, रत्ननगर नगरपालिका, वडा नं. १, खैरहनी बजार।
- ख) **कसूरको छोटकरी विवरणः** चितवन राष्ट्रिय निकुञ्ज भित्र गैंडा मारी खाग बिक्री गरेको।
- ग) **वारदात मिति, समय र स्थानः** २०७६ साल चैत १३ गते चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालिवन क्षेत्र।
- घ) **पक्राउ गर्नु पर्ने व्यक्तिको संलग्नता पुष्टि गर्ने प्रमाणः** स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन।

ङ) **पक्राउ गर्नु पर्ने आधार र कारणः** उपर्युक्त वारदातमा अन्य अभियुक्तसँग सहभागी भई गैंडा मारी खाग बिक्री गरि रकम बाँडी खाएको भन्ने सुराकीको विश्वसनीय सूचना प्राप्त भएको र निजलाई तत्काल पक्राउ नगरिएमा निज जुनसुकै बेला भागी लुकी कारवाही र सजायबाट उम्कन सक्ने भएको र कसूरमा संलग्न अन्य व्यक्ति र घटनाको विस्तृत विवरणको बारेमा पत्ता लगाउन समेत निजलाई पक्राउ गर्नु पर्ने भएको।

**अनुसन्धान अधिकारी**

(चित्रबहादुर वन)
सहायक संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन
**मितिः** २०७७ साल जेठ १६ गते शुक्रवार।

# परिशिष्ट—७

## मुद्दा हेर्ने अधिकारीको अनुमतिबाट जारी गरिने पक्राउ पूर्जीको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ८ मा आधारित)

श्री बलबहादुर बोटे,

रत्ननगर नगरपालिका, वडा नं. १ खैरहनी बजार।

तपाईलाई गैंडा मारी खाग बिक्री गरेको कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नु पर्ने भएकोले चितवन जिल्ला अदालतको मिति २०७७। २। १६ को अनुमति बमोजिम यो पक्राउ पूर्जी जारी गरिएको छ। यो पक्राउ पूर्जी लिई आउने प्रहरी कर्मचारी वा संरक्षण व्यवस्थापनसँग सम्बन्धित कर्मचारीको साथ लागी तुरुन्त चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा आउनु होला। अन्यथा पूर्जी बाहक प्रहरी वा कर्मचारीले पक्राउ गरि ल्याउने छ।

अनुसन्धान अधिकारी

सही

(चित्रबहानुर वन)

सहायक संरक्षण अधिकृत

चितवन राष्ट्रिय निकुञ्ज कर्यालय

**मितिः** २०७७ साल जेठ १६ गते।

परिशिष्ट—८

## हिरासतमा राख्ने थुनुवा पूर्जीको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १० मा आधारित)

श्री बलबहादुर बोटे,

रत्ननगर नगरपालिका, वडा नं. १ खैरहनी बजार।

तपाईलाई स.सं.अ. श्री इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले गैंडा मारी खाग बिक्री गरेको कसूरको सिलसिलामा कार्यालयको हिरासतमा राखि अनुसन्धान गर्नु पर्ने भएकोले आजैका मितिदेखि हिरासतमा राखि यो थुनुवा पूर्जी दिइएको छ।

अनुसन्धान अधिकारी

सहीः

नाम, थरः (चित्रबहादुर वन)

पदः सहायक संरक्षण अधिकृत

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

मितिः २०७७। ०२। २०।

## परिशिष्ट—९

# हिरासतमा राखि अनुसन्धान गर्ने अनुमति पाउन दिने निवेदनको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को अनुसूची ६ मा आधारित)

श्री चितवन जिल्ला अदालत,

भरतपुर, चितवन।

**विषयः हिरासतमा राखि अनुसन्धान गर्ने अनुमति सम्बन्धमा।**

स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन परेको बलबहादुर बोटे समेत अभियुक्त भएको गैंडा मारी खाग बिक्री गरेको मुद्दामा देहायका व्यक्तिलाई हिरासतमा राखि मुद्दाको अनुसन्धान गर्नु पर्ने भएकोले पहिलो पटकको लागि मिति २०७७। २। २० देखि २०७७। ३। १० सम्म दिन २१ (एक्काइस) अनुसन्धानका लागि हिरासतमा राख्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २४(३) बमोजिम अनुमति पाउन देहायका विवरण र संलग्न कागजात सहित अनुरोध गरिएको छ।

१) **अनुसन्धानको लागि हिरासतमा राख्नु पर्ने व्यक्तिको विवरणः** बलबहादुर बोटे, रत्ननगर नगरपालिका, वडा नं. १ खैरहनी बजार।

२) **हिरासतमा रहेको व्यक्ति उपर लागेको अभियोग र त्यसको आधारः** गैंडा मारी खाग बिक्री गरेको मुद्दामा सम्लग्न रहेको भनि स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन परेको।

३) **हिरासतमा रहेको व्यक्तिको बयान भए नभएकोः** बयान हुँन बाँकी।

४) **सम्पन्न भएका अनुसन्धान कार्यको विवरणः** घटनास्थल र मृत गैंडाको लाश जाँच मुचुल्का तयार भएको, स.सं.अ. श्री इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन प्राप्त भएको।

५) **गर्न बाँकी अनुसन्धान कार्यको विवरणः** पक्राउ परेका अभियुक्तको बयान गराउने, कसूरमा सम्लग्न रहेका अन्य अभियुक्त र दसी प्रमाण संकलन गर्ने, जानकारी राख्ने व्यक्तिहरु बुझ्ने, अनुसन्धान प्रतिवेदन तयार गर्ने समेत।

६) **हिरासतमा राखि अनुसन्धान गर्नु पर्ने कारणः** राष्ट्रिय निकुञ्जको क्षेत्र भित्र प्रवेश गरि संरक्षित दुर्लभ वन्यजन्तु गैंडाको चोरी शिकार गरि मारी खाग काटी विक्री गरेको अति संवेदनशील र जघन्य कसूरमा संलग्न रहेको व्यक्तिलाई थुनामा नराखि अनुसन्धान गर्दा संगठित अपराधको रुपमा रहने यस्तो कसूरमा आरोपित व्यक्तिले आफू विरुद्धको प्रमाण नष्ट गर्ने र अन्य अभियुक्तलाई पनि अनुसन्धानको बारेमा जानकारी दिई लुकाउने भगाउने प्रबल सम्भावना रहेकोले निजलाई अनुसन्धानको क्रममा थुनामा राख्न अनिवार्य भएको।

७) **सम्लग्न कागजातको विवरणः**

१. घटनास्थल र लाश प्रकृति मुचुल्का
२. स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन
३. अभियुक्त बलबहादुर बोटेलाई दिइएको पक्राउ पूर्जी र थुनुवा पूर्जीको कार्यालय प्रति।

अनुसन्धान अधिकारी

सहीः

नाम, थरः (चित्रबहादुर वन)

पदः सहायक संरक्षण अधिकृत

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

मितिः २०७७। ०२। २१।

# परिशिष्ट–१०
# अभियुक्तको बयानको ढाँचा

| स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन परेको गैंडा मारी खाग बिक्री गरेको मुद्दाका अभियुक्त बलबहादुर बोटेले अनुसन्धान अधिकारी चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत चित्रबहादुर वन समक्ष चितवन राष्ट्रिय निकुञ्जको कार्यालयमा गरेको बयान | |
|---|---|
| **सोधिएको प्रश्न** | **बयान गर्ने व्यक्तिले दिएको जवाफ** |
| १ - तपाईको नाम, थर, ठेगाना के हो? तपाईको हजुर बुबा, बुबा र आमाको नाम के हो ? तपाईको उमेर कति भयो ? तपाई के पेशा वा व्यवसाय गर्नु हुन्छ ? तपाईको शैक्षिक योग्यता कति छ ? | १ - मेरो नाम बलबहादुर हो। थर बोटे हो। मेरो हजुर बुबाको नाम मनसिंह हो। मेरो बुबाको नाम धनसिंह र आमाको नाम मनमाया हो। मेरो उमेर ३७ वर्ष भयो। म खेती किसानी गर्छु। जिल्ला चितवन, रत्ननगर नगरपालिका वडा नं. १ खैरहनी बजारमा सानो चिया पसल चलाएर बसेको छु। मैले एस. एल. सी. पास गरेको छु। |
| २ - तपाईलाई यहाँ किन ल्याइएको हो भन्ने थाहा पाउनु भएको छ ? | २ – गैंडा मारी खाग बिक्री गरेको भन्ने मुद्दामा अनुसन्धानको लागि पक्राउ गरिएको भन्ने थुनुवा पूर्जीबाट थाहा पाएको छु। |
| ३ – तपाईको शारीरिक र मानसिक अवस्था कस्तो छ ? सोधिएका प्रश्नको जवाफ दिन सक्नु हुन्छ ? | ३ – मेरो शारीरिक र मानसिक अवस्था ठिक छ। सोधिएका प्रश्नको जवाफ दिन सक्छु। |
| ४ – तपाईले आफू पक्राउ परेको विषयमा कुनै कानून व्यवसायीसँग सल्लाह लिन पाउनु भयो ? | ४ – हो मैले आज बिहान मात्रै मेरो कानून व्यवसायीसँग यस विषयमा सल्लाह लिएको छु। |

| | |
|---|---|
| ५ — बितेको दुई तीन महिनामा निकुञ्ज भित्र कुनै गैंडा मारिएको बिषयमा केही थाहा पाउनु भएको छ ? | ५ — दिनभर चिया पसलमा काम गर्दा थरिथरीका मानिसको कुरा सुन्नु पर्छ। गएको महिना पनि निकुञ्ज भित्र गैंडा मारियो रे भन्ने गाइगुई सुनेको हो। अरु खास केही थाहा भएन। |
| ६ — तपाईले गैंडा मारेको अभियोगमा हाल थुनामा रहेको ओमबहादुर प्रजालाई चिन्नु भएको छ ? | ६ — ओमबहादुर प्रजालाई धेरै पहिलेदेखि चिनेको होइन। मेरै वडाको अर्को बस्तिमा घर बसोबास भएका पहिलेदेखि चिनजान भएका डरबहादुर बि.क. ले गएको फागुन महिनामा चिनाई दिएकोले चिनेको हुँ। |
| ७ — डरबहादुरले के सिलसिलामा ओमबहादुरलाई चिनजान गराइदिएका हुन र त्यसपछि तपाईहरुको के कस्तो सम्बन्ध र व्यवहार भयो ? | ७ — डरबहादुर मेरो चिया पसलमा आइरहने छिमेकी साथीभाई नै हुन। उनले बेला बेलामा यस्तो सानो चिया पसलको आमदानीबाट त कसरी खर्च चल्छ र। अरु पनि पैसा कमाउने काम गर्नु पर्छ। मानिसहरु कति छिट्टै धनी बनेका छन्। मैले एक दुई जना यस्ता मानिस चिनेको छु। मौका मिल्यो भने उनीहरुलाई तपाईसँग चिनाई दिन्छु तपाईलाई पनि सहयोग हुन्छ भनेका थिए।<br><br>यस्तैमा गएको फागुन महिनामा एक दिन डरबहादुर मैले नचिनेका अरु दुई जनालाई लिएर मेरो पसलमा आए। एक छिन कुरा गर्नुछ भित्र कोठामा जाउँ भनेर भित्र लगे। पसल भित्रको कोठामा बसेर उनले दुवै जनालाई उहाँहरु पनि हाम्रै चितवन जिल्लाको हुनुहुन्छ। यता आउँदा जाँदा बास बस्न पर्‍यो भने यहीं तपाई कहाँ बास बस्नु हुन्छ सरसामान राख्न पर्‍यो भने यहीं राख्नु हुन्छ। तपाईलाई पनि मदत नै हुन्छ भनेर परिचय गराए। एक जनाको नाम |

| | |
|---|---|
| | ओमबहादुर प्रजा हो अर्काको नाम सोनाम लामा भनेका थिए।<br><br>त्यसपछि उनीहरु बाहिर आएर पसलमा मासु चिउरा र वियर खाएर पछि हामी आउँला अहिले जाउँ है भनेर तीनै जना गए। खाजा खाएको पैसा ओमबहादुरले दिए। |
| ८ — त्यसपछि उनीहरुसँग तपाईको भेटघाट सम्पर्क भयो कि भएन ? | ८ — माथि स.ज. ७ मा लेखाए अनुसार चिनजान गरेर गएको २०, २२ दिन पछि गएको चैत महिनाको सक्रातिको दिन साँझ पख ओमबहादुर, सोनाम र अर्को एक जना नयाँ मानिस समेत मेरो पसलमा आए। यताउताका कुराकानी भए। खाना यही खाने हो भनेर खाना बनाउन लगाए। तीनै जनाले पछाडी भिर्ने झोला बोकेका थिए। ओमबहादुरको झोला ठूलो साइजको थियो भने अरु दुई जनाका झोला मझौला साइजका थिए। एक छिन पछि डरबहादुर पनि आए। सबैले खाना खाएर रातको ८ बजे तिर उनीहरु हामी अहिले जान्छौं, राती आउँछौं, ढोका खोल्नु होला भनेर गए। |
| ९ — अनि उनीहरु राती फर्केर आए त ? | ९ — उनीहरु राती फर्कन्छौं भनेर गएकोले म चनाखो भएर बसें। राती २ बजे तिर उनीहरु फर्के। गैंडालाई गोली हानेर ढलेपछि खाग काटेर ल्याएको बताए। मलाई ग्यास चुलो बालेर डेक्चीमा पानी तताउन लगाए। उम्लेको पानीमा आलो खाग उमालेर छाला छुट्ट्याएर खाग मात्र प्लास्टिकमा पोको पारेर झोलामा हाले। झोला गरुँगो भयो भनेर एउटा सानो झोला पछि लैजाउँला यहीं राखिदिनुस भनेर छोडे। अरु झोला र खाग समेत लिएर बिहान ५ |

| | |
|---|---|
| | बजे तिर उनीहरु चारै जना पछि भेटौंला यो कुरा कतै नभन्नु होला भनेर गए। मैले घर पछाडी लगेर डिक्चीमा रहेका रौं छाला माटोमा गाडिदिएँ र डिक्ची माझेर राखें। |
| १० — त्यस पछि उनीहरुसँग तपाईको भेट कुराकानी केही भएन ? | १० — उनीहरु गएको १०, १२ दिन पछि एक दिन साँझपख ओमबहादुर प्रजा एक्लै आए। मैले चिया खाजा खुवाएँ। उनले भित्र कोठामा लगेर झोलाबाट झिकेर ल यो पैसा लिनुस् पचास हजार छ अन्यत्र कतै कुरा नगर्नु होला। पछि पछि पनि हामी मिलेर केही गरौंला भनेर गए। |
| ११ — त्यो पैसा के गर्नु भयो त ? | ११ — धेरै पैसा घरमा किन राख्नु भनेर पचास हजार रुपैया मध्ये दश हजार घर खर्चको लागि राखेर बाँकी चालीस हजार रुपैंया मैले भोलिपल्ट नै टाँडी बजार गएर हिमालय बैंकमा खोलेको मेरो खातामा जम्मा गरेर आएँ। |
| १२ — अनि त्यो दिन तपाई कहाँ ओमबहादुरहरुले राख्न दिएको झोला के गर्नु भयो नि ? | १२ — ए त्यो झोला त मैले मेरो कपडा राख्ने दराजमा राखेको थिएँ। पछि कसैले कुरै गरेन। ओमबहादुर पैसा दिन आएको दिन पनि त्यसको कुरा भएन। मैले पनि बिर्सिएछु। झोला मेरो दराजमै छ। |
| १३ — ओमबहादुरहरुले गैंडा मारेर खाग काटेर ल्याएको कुरा थाहा पाएर पनि तपाईले वन्यजन्तु कार्यालय वा प्रहरीलाई केही खवर गर्नु भएन नि किन होला ? | १३ — मलाई डरबहादुरले पहिले नै आफूलाई पनि फाइदा हुन्छ मदत गर्नु पर्छ भनेर लोभ देखाएको र ओमबहादुरले पनि पछि भेटौंला कतै कुरा नगर्नु होला भनेर गएकोले कतै केही नभनि बसेको हुम। |
| १४ — ओमबहानुरहरुले खाग उमालेर सफा गर्दाको रौं छाला समेत घर पछाडी गाडी दिएँ | १४ — देखाउन सक्छु। |

| | |
|---|---|
| भन्नु भयो। त्यो ठाउँ देखउन सक्नु हुन्छ नि ? | |
| १५ — तपाईले माथि लेखाउनु भएको ओमबहादुर र सोनाम लामा आजभोली कहाँ छन् होला ? | १५ — ओमबहादुर गैंडा मुद्दामा थुनामा छन् भन्ने सुनेको छु। सोनामलाई मैले पहिलेदेखि चिनेको पनि होइन, त्यो दिन पछि भेटेको पनि छैन। उसको बारेमा मलाई थाहा छैन। |
| १६ — संरक्षित वन्यजन्तु गैंडाको चोरी शिकार गर्ने र खाग बिक्री गर्ने मानिससँग सरसल्लाह गर्ने, उनीहरुलाई सहयोग गर्ने र खाग बिक्री गरेको रकम बाँडी खाएको अभियोगमा तपाईलाई कानून बमोजिम सजायको माग दावी लिई मुद्दा चलाउनु पर्ने हुन्छ। यसमा तपाईको केही भन्नु छ। | १६ — वन्यजन्तुको चोरी शिकारी गर्नु हुँदैन भन्ने कुरा मैले थाहा पाएकै थिएँ। तर छिमेकी डरबहादुरले फकाएको र रुपैयाको लोभ देखएकोले यस्तो काममा फस्न पुगें। मबाट गल्ती भयो। कानूनले जो ठहर्छ। |
| १७ — तपाईले यसभन्दा पहिले वन्यजन्तु समबन्धी कुनै कसूरमा कारवाही चलेर सजाय पाउनु भएको छ ? | १७ — अहं छैन। मैले यस्तो कसूर पहिले कहिल्यै गरेको पनि छैन। कुनै मुद्दा मामिला परेको पनि छैन। गाउँ ठाउँमै सानो चिया पसल चलाएर परिवार चलाई रहेको मान्छे छिमेकी साथीको सुरमा लागेर पहिलो पटक यस्तो कसूरमा फस्न पुगें। सारै पछुतो लागि रहेको छ। |
| १८ — तपाईले यो भन्दा पहिले यस्तो कसूर गरेको छैन, साथीको सुरमा लागेर पहिलो पटक यस्तो कसूर गर्न पुगें, पछुतो लागेको छ भन्नु भयो। तपाईले अदालतमा समेत आफ्नो कसूर स्वीकार गरेर यो कसूरमा लागेका अरु व्यक्तिको बारेमा पनि साँचो कुरा बताएर अनुसन्धान र अदालतलाई सहयोग गर्नु भयो भने कानून बमोजिम तपाईलाई कम सजायको माग गर्न सकिन्छ। के तपाई त्यस्तो | १८ — मैले माथि लेखाएका सबै कुरा साँचा हुन्। यो कुरा म जाहाँ गएर पनि भन्न तयार छु। अदालतमा समेत साँचो कुरा गरेर न्यायमा सहयोग गर्छु। मैले पहिले यस्तो कसूर गरेको छैन। सजाय पाएको पनि छैन। यो कसूरको बारेमा मैले थाहा पाएसम्मका सबै कुरा बताएर सहयोग गर्छु। कानूनले दिने सजाय छुटको सुविधा पाउँ। |

| | |
|---|---|
| सहयोग गरेर सजायमा छुट लिन चाहनु हुन्छ। | |
| १९. पछि कुरा फेर्नु भयो भने यस्तो छुटको सविधा पाइदैन, पुरै सजायको दावी लिइने वारेमा जानकार हुनु हुन्छ ? | १९ — अनुसन्धान र अदालतमा सहयोग गरेमा सजायमा छुट पाउन सकिने कुरा मलाई थाहा थिएन। यो कुरा थाहा पाएँ। मैले पछि कुरा फेरेमा सजाय छुटको दावी रद्द भएर पूरै सजायको दावी लिइने कुरा पनि थाहा पाएँ। |
| २० — मिति २०७६ साल चैत १३ गते चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रको कालीवनमा गैंडा मारिएको र खाग काटी बिक्री गरेको भन्ने कसूरको बारेमा तपाईलाई अरु केही भन्न मन लागेको छ कि ? | २० — यस विषयमा मैलाई थाहा जानकारी भएका सबै कुरा भनि सकें। थप कुरा केही भन्नु पर्ने छैन। |
| २१ — तपाईको बयान तपाईले भने बमोजिम लेखिएको छ छैन पढेर बुझेर भन्नु होस्। | २१ — मेरो बयान व्यहोरा पढें। बुझें। मैले भने बमोजिम लेखिएको ठिक छ। |
| | बयान गर्ने व्यक्तिको नाम थरः बलबहादुर बोटे<br><br>सहिछापः |
| मितिः २०७७ साल जेठ २२ गते बिहीवार शुभम्। | |

# परिशिष्ट—१० (क)

## ततिम्बा बयानको ढाँचा

<table>
<tr><td colspan="2">स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन परेको गैंडा मारी खाग बिक्री गरेको मुद्दाका अभियुक्त बलबहादुर बोटेले अनुसन्धान अधिकारी चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत चित्रबहादुर वन समक्ष चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा गरेको ततिम्बा बयान</td></tr>
<tr><th>सोधिएको प्रश्न</th><th>बयान गर्ने व्यक्तिले दिएको जवाफ</th></tr>
<tr><td>१- मिति २०७७ जेठ २२ गते तपाईले अनुसन्धान अधिकारी समक्ष गर्नु भएको बयानमा देहाय बमोजिमका कुरा तपाईसँग सोध्न छुट भएकोले तपाईसँग यो ततिम्बा बयान लिन लागिएको छ। यसमा तपाईको केही भनाई छ ?</td><td>१. यसमा मेरो केही भन्नु छैन। सोधिएको प्रश्नको जाने बुझेको जवाफ दिनेछु।</td></tr>
<tr><td>२- मिति २०७७ जेठ २२ गतेको बयानको स.ज. ८ मा तपाईले ओमबहादुर, सोनाम र अर्को नयाँ मानिस समेत तपाईको पसलमा आउँदा उनीहरुको साथमा तीनै जनाले पछाडी भिर्ने झोला बोकेका थिए, ओमबहादुरको झोला ठूलो साइजको र अरु दुई जनाको झोला मझौला साइजका थिए भनि लेखाउनु भएको छ। तपाई कहाँ खाना खाएर जाँदा उनीहरुले ती झोला तपाई कहाँ नै राखेर गए कि साथ मै लिएर गएका थिए ?</td><td>२. म कहाँ खाना खाएर जाँदा उनीहरुले आ-आफ्ना झोला साथ मै लिएर गएका थिए।</td></tr>
<tr><td>३- ती झोलामा के कस्ता सामान थिए केही थाहा पाउनु भयो ?</td><td>३. उनीहरुले झोला खोलेर देखाएनन्। मैले पनि झोलामा के छ भनेर सोधिन। तर झोलाका साइज र उनीहरुले झोला बोक्दाको अवस्था बिचर गर्दा चोरी</td></tr>
</table>

| | |
|---|---|
| | शिकारमा प्रयोग हुने गह्रौ सामानहरु थिए जस्तो लाग्छ। |
| ४- ती झोलामा बन्दूक जस्तो हातहतियार पनि थियो कि ? केही थाहा पाउनु भयो ? | ४. मैले बन्दुक देखेको त होइन तर ओमबहादुरको झोलाको साइज र त्यसको रुपको आधारमा त्यसमा राखेको सामानको अनुमान गर्दा निजको ठूलो झोलामा बन्दुक पनि थियो भन्ने मलाई लाग्छ। |
| ५- अरु झोलामा चोरी शिकारीमा प्रयोग हुने कुनै हातहतियार थियो थिएन केही भन्न सक्नु हुन्छ ? | ५. उनीहरुले झोला गरुँगोसँग बोकेका थिए। त्यसको आधारमा झोलामा खुकुरी, बञ्चरो जस्ता गरुङ्गा फलामे हतियारहरु थिए जस्तो लाग्छ। |
| ६- तपाईको यो ततिम्बा बयान तपाईले भने बमोजिम लेखिएको छ छैन पढेर बुझेर भन्नु होस्। | ६. मेरो बयान व्यहोरा पढें। बुझें। मैले भने बमोजिम लेखिएको ठिक छ। |
| ततिम्बा बयान गर्ने व्यक्तिको नाम थरः बलबहादुर बोटे<br>सहिछापः | |
| मितिः २०७७ साल जेठ २४ गते शनिवार शुभम्। | |

# परिशिष्ट—११

## प्रारम्भिक प्रतिवेदनको ढाँचा

श्री जिल्ला सरकारी वकील कार्यालय,
चितवन, भरतपुर।

विषयः मुद्दाको प्रारम्भिक प्रतिवेदन पेश गरेको।

उपर्युक्त विषयमा, स.सं.अ. श्री इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन परेको मिति २०७६। १२। १३ को मुचुल्का अनुसार चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालीवन क्षेत्रमा गैंडा मारी खाग काटी लगेको कसूरको प्रारम्भिक अनुसन्धानको क्रममा हालसम्म देहाय बमोजिमको कार्य सम्पन्न भएको व्यहोरा अनुरोध गर्दै आवश्यक निर्देशनको लागि अनुरोध गर्दछु।

**हालसम्म सम्पन्न भएको कामको संक्षिप्त विवरणः**

१. मिति २०७६। १२। १३ मा स.सं.अ. मिठाराम अधिकारी समेतको गस्ती टोलीले घटनास्थल तथा मृत गैंडाको लाश जाँच मुचुल्का तयार गरि प्रतिवेदन सहित कार्यालयमा मुचुल्का पेश गरेको।
२. मिति २०७७। ०२। १५ मा उक्त गैंडा मारी खाग बिक्री गर्ने कसूरमा अर्को मुद्दामा कारागारमा रहेका ओमबहादुर प्रजा र बलबहादुर बोटे समेत सम्लग्न रहेको सुराकीबाट बुझिएको भन्ने समेत स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन दर्ता भएको।
३. अदालतबाट अनुमति लिई बलबहादुर बोटेलाई मिति २०७७। ०२। २० मा पक्राउ गरिएको।
४. बलबहादुरलाई हिरासतमा राखि अनुसन्धान गर्न चितवन जिल्ला अदालतबाट २१ दिन म्याद थप भएको।
५. बलबहादुरको बयान गराउँदा निजलाई छिमेकी डरबहादुर बि.क. ले ओमबहादुरसमेत संग सम्पर्क गराई दिएको, ओमबहादुर समेत निजको घरमा आई

खाना खाई जङ्गल गएको, फर्केर आएर खाग सफा गरि लिएर गएको, झोला आफू कहाँ नै छोडेर गएको, खाग सफा गर्दाको रौं र छालाको टुक्रा घर पछाडी गाडिदिएको, पछि ओमबहादुरले रु. पचास हजार दिएको, सो मध्येको रु. चालिस हजार हिमालय बैंकको टाँडी शाखामा जम्मा गरेको भन्ने समेत व्यहोराको बयान गरेको।

अनुसन्धान अधिकारीः

सहीः

नाम, थरः चित्रबहादुर वन

पदः स.सं.अ.

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन।

मितिः२०७७। ०२। २२

# परिशिष्ट—१२

## खानतलासी गर्ने सूचनाको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १२ मा आधारित)

श्रीमती धनमाया बोटे,

रत्ननगर नगरपालिका वडा नं. १, खैरहनी बजार, चितवन।

स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी बलबहादुर बोटे समेत भएको गैंडा मारी खाग बिक्री गरेको कसूर सम्वन्धी मुद्दामा प्रतिवादी बलबहादुर बोटेले अन्य अभियुक्तहरु वारदातका दिन राख्न दिएको झोला राखेको र गैंडाको छाला समेत गाडिदिएको भनेको कोठा र ठाउँ खानतलासी गर्न पर्ने भएकोले तपाईलाई यो सूचना प्रदान गरेको छु।

उक्त कार्यमा सहयोग पुऱ्याइदिनु हुन अनुरोध गर्दछु।

अनुसन्धान अधिकारीः
सहीः
नाम, थरः (चित्रबहादुर वन)
पदः सहायक संरक्षण अधिकृत
कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय
मितिः २०७७। ०२। २३।

# परिशिष्ट–१३

## खानतलासी / बरामदी मुचुल्काको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १३ मा आधारित)

श्री चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनबाट रत्ननगर नगरपालिका वडा नं.१ खैरहनी बजारमा खडा गरिएको गैंडा मारी खाग बिक्री गरेको कसूरसँग सम्बन्धित दसीको वस्तु राखिएको ठाउँको खानतलासी बरामदी मुचुल्का।

१. जाहेरी दरखास्त वा कसूरको सूचनाको छोटकरी बिबरणः मिति २०७६। १२। १३ को मुचुल्कासँग सम्बन्धित गैंडा मारेको कार्यमा संलग्न भएको व्यक्ति ओमबहादुर प्रजा समेतलाई आफ्नो घरमा बास बस्न दिई त्यस कार्यमा सहयोग पुऱ्याएवापत ओमबहादुर प्रजाबाट बलबहादुर बोटेले रु.५०,०००। — (पचास हजार) लिएको भनि सुराकीबाट खुल्न आएकोले निजहरुलाई पक्राउ गरि कानूनी कारवाही गरि पाउँ भन्ने स.सं.अ. इन्दिवर कुँवरको मिति ०७७। ०२। १५। को जाहेरी प्रतिवेदन।

२. खानतलासी गर्ने कर्मचारीको अग्रिम तलासी लिएको विवरणः अभियुक्त बलबहादुर बोटेले बयानमा उल्लेख गरे अनुसार निजको घर भित्रको कोठामा रहेको दराज समेतको खानतलासी लिनु पर्ने भएकोले खानतलासीको लागि घर कोठामा प्रवेश गर्ने देहाय बमोजिमका व्यक्तिले आफ्नो साथमा लैजाने सामान देखाई आआफ्नो खानतलासी दिएकोः

   १. अनुसन्धान अधिकारी स.सं.अ. चित्रबहादुर वन

   २. रेञ्जर दयाशङ्कर पाल

   ३. महिला प्रहरी जवान श्रीमती रुपा थापा

३. खानतलासी गरिएको ठाउँको ठेगाना र चार किल्लाः चितवन, रत्ननगर नगरपालिका वडा नं. ३ खैरहनी बजारको पूर्वमा भीमकला शर्माको घर, पश्चिममा विकास टोल जाने बाटो, उत्तरमा हेमकुमार खत्रीको जग्गा, दक्षिणमा हेटौंडा नारायणगढ खण्डको राजमार्ग यति चार किल्ला भित्रको घडेरी जग्गामा रहेको बलबहादुर बोटेको दक्षिण मोहडा भएको पसल घरको अगाडिको भागमा पूर्वतर्फ चुलो सहित भाँडा वर्तनहरु

रहेको, पश्चिम तर्फ चारवटा साना टेबुल र १२ वटा प्लाष्टिकका कुर्सीहरु रहेको, सोकोठाबाट भित्र प्रवेश गरि जाँदा पश्चिम तर्फ पसलका सामान संग्रह गरि राखेको भण्डार कोठा, पूर्व तर्फ दुईवटा खटिया, सिरक डसना समेतका घरायसी सामान रहेको परिवारहरु सुत्ने बस्ने गरेको कोठा, यही कोठाको दक्षिण पूर्व कुनामा छ फिट अग्लो चार फिट चौडाई र डेढ फिट गहिराइको काठको दराज रहेको, ओमबहादुरले राख्न दिएको झोला यही दराज भित्र छ भनि बलबहादुरले देखाएको र निजकी श्रीमती धनमाया बोटेलाई दराज खोल्न लगाई हेर्दा दराजको माथिल्लो तखताको कुनामा एउटा कालो रंगको पछाडी भिर्ने (ब्यक प्याक) झोला देखिएको, सो झोला झिक्न लगाई अनुसन्धान अधिकारीले बाहिरको कोठामा ल्याई झोला खोली हेरेको।

४. <u>बरामद भएको दसीको सामानको विवरणः</u> माथि प्रकरण ३ मा लेखिएको झोला खोली हेर्दा त्यसमा देहायका सामानहरु फेला परेकोः

१. गाढा निलो रङ्गको पुरानो हाफ पाइण्ट ---------- १

२. रातो भूई र सेता डोराहरु भएको हाफ बाहुले टी सर्ट --------- १

३. ओमबहादुर प्रजाका नामको चितवन जिल्ला प्रशासन कार्यालयबाट मिति २०५५। ०४। १७ मा जारी भएको ००६७ नम्बरको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि ------- १

४. प्लाष्टिकको पहेंलो रंगको पकेट काइयो ------- -------- १

५. उपर्युक्त सामानहरु रहेको कालो रंगको पछाडी भिर्ने झोला ------- १

५. <u>माथि लेखिए बमोजिमको खानतलासी कार्य र बरामद सामानहरु देख्ने साक्षीहरुको नाम, थर, उमेर, वतन र दस्तखतः</u>

१. मेख बहादुर गुरुङ, वर्ष ४७, रत्ननगर नगरपालिका वडा नं. १ खैरहनी बजार, चितवन .........

२. हिरालाल नेपाली, वर्ष ३२, ऐ, ऐ, वडा नं १ खैरहनी बजार, चितवन ...................

३. भीमकला शर्मा, वर्ष ५२, ऐ. ऐ. खैरहनी ...............................

६. <u>रोहवरमा बस्ने व्यक्तिको नाम, थर, उमेर, वतन र दस्तखतः</u>

१. चितवन रत्ननगर नगरपालिका वडा नम्बर १ का वडा अध्यक्ष श्री पदम बहादुर चौधरी .......

अनुसन्धान अधिकारीले मेरो घर कोठाको खानतलासी लिनुभन्दा पहिले आफ्नो परिचयपत्र देखाई खानतलासी गर्नु परेको कारण समेत सुनाई आफ्नो जिउको तलासी दिई इज्जतसाथ खानतलासी गर्नु भएको छ, माथि प्रकरण ४ उल्लेखित सामान बरामद गरि लैजानु भएको छ र मेरो घर कोठाको कुनै सामान हिनामिना भएको छैन भनि दस्तखत गर्नेः

२. चितवन, रत्ननगर नगरपालिका वडा नं. १ खैरहनी बजार बस्ने धनमाया बोटे ............

३. अभियुक्तः बलबहादुर बोटे .................

७. <u>काम तामेल गर्न खटिएका अनुसन्धान अधिकृत र कर्मचारीहरुः</u>

१. अनुसन्धान अधिकृत स.सं.अ. चित्रबहादुर वन ....................

२. रेञ्जर दयाशङ्कर पाल ...................................

३. महिला प्रहरी जवान श्रीमती रुपा थापा ................

८. <u>मिति र समयः</u> २०७७ साल जेठ २३ गते बिहान ९.३० बजे शुभम्।

# परिशिष्ट–१४

## खानतलासी गर्दा भेटिएको दसीको सामान कब्जामा लिई गरिदिएको भरपाईको ढाँचा

श्री / श्रीमती धनमाया बोटे,
रत्ननगर नगरपालिका वाडा नं. १, खैरहनी बजार, चितवन।

**विषयः अनुसन्धान अधिकारीले कब्जामा लिएको सामानको भरपाई।**

स.सं.अ. इन्दिवर कुँवरको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी बलबहादुर बोटेसमेत भएको गैंडा मारी खाग बिक्री गरेको कसूरसम्वन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा आज तपाईको घर कोठा खानतलासी गर्दा बरामद भएका देहाय बमोजिमका मुद्दासँग सम्वन्धीत दसीका सामान अनुसन्धान अधिकारीले कब्जामा लिई जाने भएकोले तपाईलाई यो भरपाई गरि दिएको छ।

अनुसन्धान अधिकारीले कब्जामा लिएका सामानहरुः

१. गाढा निलो रङ्गको पुरानो हाफ पाइण्ट ---------- १
२. रातो भूई र सेता डोराहरु भएको हाफ बाहुले टी सर्ट --------- १
३. ओमबहादुर प्रजाका नामको चितवन जिल्ला प्रशासन कार्यालयबाट मिति २०५५। ०४। १७ मा जारी भएको ००६७ नम्बरको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि ------- १
४. प्लाष्टिकको पहेंलो रंगको पकेट काइयो ------- -------- १
५. उपर्युक्त सामानहरु रहेको कालो रंगको पछाडी भिर्ने झोला ------- १

अनुसन्धान अधिकारीः
सहीः
नाम, थरः (चित्रबहादुर वन)
पदः सहायक संरक्षण अधिकृत
कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय
मितिः २०७७। ०२। २३।

# परिशिष्ट—१५

## अनुसन्धान डायरी

(मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची १८ मा आधारित)

१. अनुसन्धान अधिकारीको पद र नामः सहायक संरक्षण अधिकृत चित्रबहादुर वन

२. अनुसन्धान गर्न तोकिएको मितिः २०७७। ०२। १६

३. मुद्दाको नामः गैंडा मारी खाग बिक्री गरेको।

४. वादी / प्रतिवादीको नामः स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी ओमबहादुर प्रजा समेत।

५. अनुसन्धान सम्वन्धी विवरणः

क) **कसूरको सूचना पाएको मिति, समय र सोको संक्षिप्त विवरणः** चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालीवन क्षेत्रमा १०, १२ दिन पहिले गैंडा मारी खाग काटी लगेको गैडाको लाश भेटिएको भन्ने स.सं.अ. श्री मिठाराम अधिकारी समेतको मिति २०७६। १२। १३ को प्रतिवेदन

ख) **अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले गरेको काम र भ्रमण समेतको विवरणः** (कसैलाई पक्राउ गरिएको, खानतलासी गरिएको, दसी प्रमाण बरामद गरिएको, कसैलाई सोधपुछ गरिएको भए तत् सम्वन्धी विवरण सिलसिलेवार रुपमा उल्लेख गर्ने )

| मिति | गरेको काम | प्राप्त परिणाम | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| ०७७। ०२। १६ | अभियुक्त बलबहादुर बोटेलाई पक्राउ गर्न पक्राउ पूर्जी जारी गर्ने अनुमतिको लागि जिल्ला अदालतमा निवेदन पेश गरेको। | जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति प्राप्त भएको। | | |
| ०७७। ०२। २० | अभियुक्त बलबहादुर बोटेको नाउँमा पक्राउ पूर्जी जारी गरेको। | अभियुक्त बलबहादुर बोटेलाई पक्राउ गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| ०७७।०२।२१ | प्र. बलबहादुर बोटेलाई अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमतिको लागि जिल्ला अदालतमा निवेदन पेश गरेको। | अदालतबाट प्र बलबहादुरलाई २१ दिन हिरासतमा राख्न अनुमति प्रदान भएको। | | |
| ०७७।०२।२२ | अनुसन्धान अधिकारीले प्र बलबहादुर बोटेको बयान लिएको। | प्र. बलबहादुर बोटेको बयान सम्पन्न भएको। | | |
| ०७७।०२।२३ | प्र. बलबहादुर बोटेको पसल घर खाननतलासी गरेको। | निजले देखाएको ठाउँबाट प्र. ओमबहादुर प्रजाको लुगाफाटो र नागरिकताको प्रमाणपत्रको फोटोकपि समेत रहेको झोला बरामद भएको। | | |
| ०७७।०२।२३ | प्र. बलबहादुर बोटेको पसल घर पछाडीको बारीमा खानतलासी गरेको। | निजले देखाएको ठाउँमा खनेर हेर्दा माटो मुनीबाट गैंडाको रौं र छाला जस्तो वस्तु बरामद भएको। | | |
| ०७७।०२।२४ | हालसम्मको अनुसन्धानको संक्षिप्त विवरण सहितको प्रारम्भिक अनुसन्धान प्रतिवेदन तयार गरिएको। | प्रारम्भिक अनुसन्धान प्रतिवेदन सरकारी वकील कार्यालय चितवनमा पठाएको। | | |
| ०७७।०२।२५ | बलबहादुर बोटेको घर कोठाबाट बरामद भएको झोला र सरसामान प्र. ओमबहादुर प्रजाबाट सनाखत गराउने र निजको घर पछाडी बारीबाट बरामद भएको रौं तथा छाला संरक्षित वन्यजन्तुको हो होइन | प्राप्त निर्देशन पत्र दर्ता गरिएको। | | |

| | | | | |
|---|---|---|---|---|
| | विधि विज्ञान प्रयोगशालाका विशेषज्ञबाट परिक्षण गराउनु होला र हिमालय बैंक शाखा कार्यालय टाँडीबाट बलबहादुर बोटेका नामको खाताको २०७६ साल चैत महिनाको बैंङ्क स्टेटमेण्ट मगाउनु होला भन्ने समेतको सरकारी वकीलको निर्देशन। | | | |
| ०७७। ०२। २५ | प्र. बलबहादुरले बयानमा उल्लेख गरेको व्यक्ति डरबहादुर बि.क. रत्ननगर नगरपालिकाको गैंडा चोकको फेन्सी स्टोरमा देखिएको भन्ने सुराकीको सूचना प्राप्त भएको। | प्र. डरबहादुर बि.क.लाई पक्राउ गर्न जरुरी पक्राउ पूर्जी जारी गरिएको। | | |
| ०७७। ०२। २५ | रत्ननगर नगरपालिकाको गैंडा चोकको फेन्सी स्टोरबाट डरबहादुर बि.क. लाई पक्राउ गरिएको। | प्र. डरबहादुर बि.क. लाई थुनुवा पूर्जी दिई हिरासतमा राखिएको। | | |
| ०७७। ०२। २६ | जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गरिएका डरबहादुर बि.क. लाई निज उपर अनुसन्धान गर्ने स्वीकृति र निजलाई अनुसन्धानको लागि हिरासतमा राख्ने अनुमतिको लागि जिल्ला अदालमा पेश गरिएको। | जिल्ला अदालतबाट प्र. डरबहादुरलाई १६ दिन हिरासतमा राखि अनुसन्धान गर्न अनुमति प्रदान। | | |
| ०७७। ०२। २६ | अनुसन्धान अधिकारीले प्र. डरबहादुर बि.क. को बयान लिएको। | अनुसन्धान अधिकारी समक्ष प्र. डरबहादुरको | | |

| | | | | |
|---|---|---|---|---|
| | | बयान लिने काम सम्पन्न। | | |
| ०७७। ०२। २६ | प्र. बलबहादुर बोटेको घर पछाडीको बारीबाट बरामद भएको रौं तथा छाला संरक्षित वन्यजन्तुको हो होइन भन्ने वैज्ञानिक परिक्षणको लागि विधिविज्ञान प्रयोगशाला खुमलटार ललितपुरमा पठाएको। | परिक्षणको लागि रेञ्जर श्री अनिल पौडेलको जिम्मामा नमूना पठाएको। | | |
| ०७७। ०२। २७ | यस मुद्दामा बयानको लागि प्र. ओमबहादुर प्रजालाई मिति २०७७। ०२। २८ गते यस कार्यालयमा उपस्थित गराइदिनु हुन भनि कारागार कार्यालय भरतपुरलाई पत्र लेखिएको। | कार्यालय सहयोगीमार्फत कारागार कार्यालयमा पत्र बुझाएको। | | |
| ०७७। ०२। २८ | कारागार कार्यालय भरतपुरबाट प्र. ओमबहादुर प्रजालाई उपस्थित गराइएको। | अनुसन्धान अधिकारी समक्ष प्र. ओमबहादुर प्रजाको बयान गराइएको। | | |
| ०७७। ०२। २८ | मिति ०७७। ०२। २३ गते प्र. बलबहादुर बोटेको घर कोठाबाट बरामद भएको झोला र झोलामा फेला परेका सामान प्र. ओमबहादुरलाई सनाखत गराइएको। | सामान हेरी बरामद झोला र झोलामा रहेका कपडा, काइयो र नागरिकताको फोटोकपि आफ्नै हो भनि ओमबहादुरले सनाखत गरिदिएको। | | |
| ०७७। ०२। २८ | प्र. ओमबहादुर प्रजालाई कारागार कार्यालय भरतपुरमा फिर्ता पठाइएको। | कारागारले प्र. ओमबहादुरलाई फिर्ता | | |

| | | | | |
|---|---|---|---|---|
| | | बुझी लिएको भरपाई प्राप्त। | | |
| ०७७। ०२। ३१ | केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट परिक्षण प्रतिवेदन प्राप्त। | परिक्षण प्रतिवेदन दर्ता। | | |
| ०७७। ०३। ०२ | हिमालय बैङ्क टाँडी शाखालाई बलबहादुर बोटे र डरबहादुर बि.क.का नाउँको खाताको २०७६ साल चैत महिनाको बैङ्क स्टेटमेण्ट पठाइदिन भनि पत्राचार गरिएको। | माग भए बमोजिमको बैंङ्क स्टेटमेण्ट प्राप्त भएको। | | |
| ०७७। ०३। ०२ | नेपाल बैंङ्क लिमिटेड नारायणगढ शाखालाई ओमबहादुर प्रजाका नाउँको खाताको २०७६ साल चैत महिनाको बैंङ्क स्टेटमेण्ट पठाइदिन पत्राचार गरिएको। | प्र. ओमबहादुर प्रजाका नाउँको खाताको बैंक विवरण प्राप्त भएको। | | |
| ०७७। ०३। ०३ | गैंडा मारी खाग बिक्री गरेको कसूरको बारेमा जानकारी राख्ने स्थानीय व्यक्तिहरु बुझिएको। | बुझिएका व्यक्तिहरुको कागज तयार गरिएको। | | |
| ०७७। ०३। ०५ | अनुसन्धान प्रतिवेदन तयार गरि निर्णयको लागि सरकारी वकील कार्यालय चितवनमा पठाएको। | | | |
| ०७७। ०३। ०७ | सरकारी वकील कार्यालयबाट मुद्दा चलाउने निर्णय सहितको मिसिल प्राप्त भएको। | | | |
| ०७७। ०३। ०९ | अभियोगपत्र तयार गरि मिसिल र दसी प्रमाण चितवन जिल्ला अदालतमा पेश गरेको। | जिल्ला अदालतमा मुद्दा दर्ता भएको। | | |

# परिशिष्ट–१६

## जरुरी पक्राउ पूर्जीको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची ९ मा आधारित)

श्री डरबहादुर बि. क.

रत्ननगर नगरपालिका ७ नयाँ बस्ति

तपाईलाई गैंडा मारी खाग बिक्री गरेको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले यो जरुरी पक्राउ पूर्जी जारी गरिएको छ।

अनुसन्धान अधिकारी

सहीः

नाम, थरः (चित्रबहादुर वन)

पदः सहायक संरक्षण अधिकृत

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

मितिः २०७७। ०२। २५।

## परिशिष्ट—१७

## दसीको माल सामान सनाखत मुचुल्काको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची१७ मा आधारित)

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट तयार गरिएको दसीको माल सामान सनाखत मुचुल्का**

स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी म समेत भएको गैंडा मारी खाग बिक्री गरेको कसूर सम्वन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृतले मिति २०७७ साल जेठ २३ गते सहअभियुक्त प्रतिवादी बलबहादुर बोटेको घर कोठा खानतलासी गर्दा निजको दराजबाट बरामद भएका सामानहरु आज मलाई अनुसन्धान अधिकारीले देखाउनु भएकोमा मैले ती सामानहरु देखें। देहाय बमोजिमका सामानहरुको बारेमा देहाय बमोजिम भएको ब्यहोरा अनुरोध गर्दछु।

अनुसन्धान अधिकारीले मलाई देखाउनु भएका सामानहरु र त्यस सम्बन्धमा मेरो भएको ब्यहोराः

१ गाढा निलो रङ्गको पुरानो हाफ पाइण्ट ---------- १
२ रातो भूई र सेता डोराहरु भएको हाफ बाहुले टी सर्ट --------- १
३ ओमबहादुर प्रजाका नामको चितवन जिल्ला प्रशासन कार्यालयबाट मिति २०५५।०४। १७ मा जारी भएको ००६७ नम्बरको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपि ------- १
४ प्लाष्टिकको पहेंलो रंगको पकेट काइयो ------- -------- १
५ उपर्युक्त सामानहरु रहेको कालो रंगको पछाडी भिर्ने झोला ------- १

मलाई देखाउनु भएका सामानहरुमा पुरानो हाफ पाइण्ट, टी सर्ट, पछाडी भिर्ने झोला समेत मेरा आफ्ना हुन्, नागरिकाताको फोटोकपि पनि मेरो आफ्नै हो, प्लाष्टिकको पकेट काइयो पनि मेरै हो। यी सामानहरु मैले बाहिर हिड्दा फेरफार गर्न पर्छ भनेर

झोलामा लिएर हिडेको हो। नागरिकताको प्रमाणपत्रको फोटोकपि र पकेट काइयो कहिलेदेखि झोलामा परेको रहेछ संझना भएन। लगाउने कपडा रहेको झोला मैले बलबहादुरलाई राख्न दिएको थिएँ। पछि फिर्ता लैजान बिर्सिएको थिएँ। अहिले देखाउँदा देखें। झोला र झोलाभित्रका सामान सबै मेरा हुन् भनि सनाखत गरें।

मालसामान सनाखत गर्ने व्यक्तिको नाम, थर, वतनः ओमबहादुर प्रजा, चितवन, भरतपुर नगरपालिका वडा नं. ९ प्रतापपुर।
सनाखत गारइएको स्थानः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय परिसर भित्र।
सनाखत गराउने अधिकारीः अनुसन्धान अधिकृत चित्रबहादुर वन, स.सं.अ.
सनाखत गराएको मितिः २०७७। ०२। २८

# परिशिष्ट—१७ (क)

## मानिस सनाखत गराउने मुचुल्काको ढाँचा

### (मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २४ र अनुसूची १७ मा आधारित)

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको व्यक्ति सनाखत मुचुल्का

स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी म समेत भएको गैंडा मारी खाग बिक्री गरेको कसूर सम्बन्धी मुद्दाको अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकृत समक्ष मैले मिति २०७७।०२।२५ गते गरेको बयानमा यस मुद्दाका मुख्य व्यक्ति ओमबहादुर प्रजा हुन भनि उल्लेख गरेको र निज ओमबहादुर प्रजालाई अनुसन्धानको लागि यस कार्यालयमा उपस्थित गराइएको हुँदा निजको सनाखतको लागि उपस्थित भएको छु। सनाखतको क्रममा अनुसन्धान अधिकारीले यस कार्यालयको पूर्व तर्फको चौरमा पश्चिम मुख गरि एकै लाइनमा उभ्याउनु भएका उस्तै उस्तै पहिरनमा रहेका चार जना व्यक्तिहरु मध्ये वायाँ तर्फबाट गन्दा तेस्रो नम्बरमा उभिएका व्यक्ति मैले बयानमा उल्लेख गरेका ओमबहादुर प्रजा हुन्, निजको रुप रङ्ग अनुहार समेत चिनेकोले निजनै ओमबहादुर प्रजा हुन भनि सनाखत गर्दछु। अरु एक, दुई र चार नम्बरमा उभिएका व्यक्तिहरुलाई मैले चिनेको छैन।

सनाखत गर्ने व्यक्तिको नाम, थर, वतनः अभियुक्त बलबहादुर बोटे

सनाखत गराइएको स्थानः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन।

सनाखत कार्यमा संलग्न व्यक्तिहरुः

१. हरिप्रसाद श्रेष्ठ, इलाका हुलाक कार्यालय, कसरा, चितवन, सनाखत गराउँदा अभियुक्तसँगै उभिने व्यक्ति,
२. मानसिंह चौधरी कसरा, चितवन, सनाखत गराउँदा अभियुक्तसँगै उभिने व्यक्ति,
३. मित्रबहादुर ठकुरी, भरतपुर नगरपालिका ७, चितवन, सनाखत गराउँदा अभियुक्तसँगै उभिने व्यक्ति,

सनाखत गराउने अधिकारीको नाम, थर, वतन, दर्जाः अनुसन्धान अधिकारी चित्रबहादुर वन, स.सं.अ

सनाखत गराएको मितिः २०७७।०२।२८

# परिशिष्ट–१८

## जरुरी पक्राउ पूर्जीको स्वीकृतीको लागि अदालतमा / मुद्दा हेर्ने अधिकारी समक्ष दिने निवेदनको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को अनुसूची ४ मा आधारित)

**श्री** चितवन जिल्ला **अदालत,**
भरतपुर, चितवन।

**विषयः पक्राउको स्वीकृति सम्बन्धमा।**

देहायका व्यक्तिले गैंडा मारी खाग बिक्री गर्ने कसूर गरेको र भागी लुकी हिडेकोमा निज अहिले रत्ननगर नगरपालिकाको गैंडा चोकको फेन्सी पसलमा देखिएको भन्ने सूचना प्राप्त भएको र तत्काल पक्राउ नगरेमा निज पुनः भागी जाने भएको कारण तत्काल पक्राउ गर्नु परेकोले निजलाई जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गरिएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ को उपदफा (६) बमोजिम पक्राउको स्वीकृतिको लागि अनुरोध छ।

(क) पक्राउ गरिएको व्यक्तिको नाम, थर, वतन वा अन्य परिचयात्मक विवरणः

श्री डरबहादुर बि. क.

रत्ननगर नगरपालिका ७ नयाँ बस्ति

(ख) पक्राउ गरिएको मिति, समय र स्थानः मितिः २०७७। ०२। २५, समयः अपरान्ह १५.१५ बजे, स्थानः रत्ननगर नगरपालिका वडा नम्बर ४ गैंडा चोक।

(ग) कसूरको छोटकरी विवरणः गैंडा मारी खाग बिक्री गर्ने कसूरमा अन्य अभियुक्तसँग सम्मिलित भई फाइदा बाँडी लिएको।

(घ) वारदात मिति, समय र स्थानः २०७६। १२। १३ को घटनास्थल / लाश जाँच मुचुल्कामा उल्लेख भए अनुसार।

(ङ) पक्राउ गरिएको व्यक्तिको संलग्नता देखिने प्रमाणः सहअभियुक्त बलबहादुर बोटे समेतको बयान।

अनुसन्धान अधिकारी

नाम, थरः (चित्रबहादुर वन)

पदः सहायक संरक्षण अधिकृत

मितिः २०७७। ०२। २६

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

**(द्रष्टव्यः** ***जरुरी पक्राउ पूर्जी जारी गरि पक्राउ गरिएको अभियुक्तलाई हिरासतमा राखेर अनुसन्धान गर्नु पर्ने अवस्थामा माथिको व्यहोरामा आवश्यक परिवर्तन गरि पक्राउको स्वीकृति र हिरासतमा राख्ने अनुमति दुबैको माग गरि निवेदनको व्यहोरा मिलाउन सकिन्छ।)***

# परिशिष्ट–१९

## हिरासत अभिलेखको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३(४) संग सम्बन्धित)

**वन्यजन्तु कसूर मुद्दाको अनुसन्धानको सिलसिलामा हिरासतमा लिइएका व्यक्तिको हिरासत अभिलेख**

| क्रम संख्या | हिरासतमा रहेको व्यक्तिको नाम, थर, उमेर | ठेगाना | टेलिफोन नम्बर / मोवाईल नम्बर | बाबु र आमाको नाम | हिरासतमा रहेको व्यक्तिको नागरिकता वा राहदानी वा सवारी चालक इजाजतपत्र वा परिचय खुल्ने अन्य कुने परिचयपत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बलबहादुर बोटे वर्ष - ३७ | रत्ननगर न.पा. वडा नं. १ खैरहनी बजार | टेलिफोनः ०५६४३२१५६ मोबाइलः ९८०८६०८०२३ | बाबुः धनसिंह बोटे आमाः मनमाया बोटे | नागरिकता नम्बरः ०९७८ जि.प्र.का. चितवन मितिः २०६२। ०८। १२ | |
| २. | डरबहादुर बि.क. वर्ष - ५२ | रत्ननगर न.पा. वडा नं. ७ नयाँ बस्ती | मोबाइलः ९८०८५६७३४१ | बाबुः धनबहादुर वि.क. आमाः मिसिरी बि.क. | नागरिकता नम्बरः १३२१ जि.प्र.का. चितवन मितिः २०५६। ०८। २१ | |
| ३. | | | | | | |
| ४. | | | | | | |

# परिशिष्ट—२०

## हिरासतमा रहेको व्यक्तिले अनुरोध गरेको व्यक्तिलाई दिने जानकारी पत्रको ढाँचा

**(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३(५) संग सम्बन्धित)**

श्री/श्रीमती धनमाया बोटे

रत्ननगर नगरपालिका

वडा नं. १ खैरहनी बजार

विषयः श्री बलबहादुर बोटेलाई हिरासतमा राखिएको जानकारी गराएको।

तपाईका पति श्री बलबहादुर बोटेलाई स.सं.अ. इन्दिवर कुँवरको जाहेरी परेको चितवन राष्ट्रिय निकुञ्जको कालीवन क्षेत्रमा गैंडा मारी खाग बिक्री गरेको सम्वन्धी कसूरको अनुसन्धानको सिलसिलामा मिति २०७७। ०२। २० मा पक्राउ गरि यस कार्यलयको हिरासतमा राखिएको र निजले यसको जानकारी तपाईलाई दिन अनुरोध गर्नु भएकोले निज श्री बलबहादुर बोटे यस कार्यालयको हिरासतमा रहनु भएको व्यहोरा जानकारी गराइएको छ।

अनुसन्धान अधिकारी

सहीः............................

नाम, थरः (चित्रबहादुर वन)

पदः सहायक संरक्षण अधिकृत

मितिः २०७७। ०२। २१

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

# परिशिष्ट—२१

## कसूरको सम्बन्धमा जानकारी राख्ने व्यक्तिसँग सोधपुछ गर्दा तयार गरिने कागजको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १६(३) संग सम्बन्धित )

स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदन परेको गैंडा मारी खाग बिक्री गरेको मुद्दाको अनुसन्धानको सिलसिलामा उक्त कसूरको विषयमा जानकारी राख्ने व्यक्ति श्री हरिबहादुर बस्नेतसँग अनुसन्धान अधिकारी चितवन राष्ट्रिय निकुञ्जका सहायक संरक्षण अधिकृत चित्रबहादुर वनले चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा गरेको सोधपुछ कागज —

| सोधिएको प्रश्न | सोधिएको व्यक्तिले दिएको जवाफ |
|---|---|
| १ - तपाईको नाम, थर, ठेगाना के हो? तपाईको हजुर बुबा, बुबा र आमाको नाम के हो ? तपाईको उमेर कति भयो ? तपाई के पेशा वा व्यवसाय गर्नु हुन्छ ? | १ - मेरो नाम हरिबहादुर हो। थर बस्नेत हो। मेरो बुबाको नाम माधवबहादुर र आमाको नाम रत्नहजुर हो। मेरो उमेर ५२ वर्ष भयो। म विद्यालय शिक्षक हुँ। जिल्ला चितवन, रत्ननगर नगरपालिका वडा नं. ५ शिवबस्तीमा मेरो घर छ। |
| २ — गएको चैत महिनामा चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालीवन क्षेत्रमा चोरी शिकारी गर्नेहरुले गैंडा मारी खाग काटी लगेको भन्ने कसूरको अनुसन्धानको क्रममा यो घटनाको बरेमा तपाईलाई केही कुरा जानकारी छ भन्ने सूचना प्राप्त भएकोले तपाईलाई जानकारी भएको कुरा अनुसन्धान अधिकारीलाई वताउन सक्नु हुन्छ हैन त ? | २ — आफुलाई थाहा भएको कुरा बताएर अनुसन्धानमा सहयोग गर्न सक्छु। |
| ३ — निकुञ्जभित्र गैंडा मारेको बारेमा तपाईलाई थाहा भएको कुरा बताइदिनु होस न त। | ३ — चितवन राष्ट्रिय निकुञ्ज, निकुञ्जभित्र संरक्षित वन्यजन्तु र वनस्पति तथा वन, जङ्गल, ताल र नदी समेतको कारणले चितवन जिल्ला पर्यटनको हिसावले देशमा मात्र नभई विदेशमा |

| | |
|---|---|
| | समेत प्रख्यात भएको छ। त्यसमा पनि संसारकै दुर्लभ जन्तु एकसिंगे गैंडा यसको आकर्षणको केन्द्र नै हो। वन, वनस्पति र वन्यजन्तु संरक्षणको महत्व बारेमा विभिन्न क्षेत्रबाट आम नागरिकमा जानकारी दिने काम हुँदै आएको छ। हामी विद्यालयमा पनि संरक्षणको महत्व र स्थानीयको दायित्वबारेमा विद्यार्थीहरुलाई पढाई रहेका छौं। मध्यवर्ती क्षेत्रमा विभिन्न कार्यक्रम र योजनाहरु नागरिक स्तरबाट समेत सञ्चालित छन्। वन्यजन्तु संरक्षणमा आम चासो बढेको छ।<br><br>यस सन्दर्भा हामी पनि टोल छिमेकका औपचारिक अनौपचारिक भेटघाटमा वन्यजन्तु संरक्षण, चोरी शिकरी नियन्त्रण, वन्यजन्तु सम्वन्धी कसूर आदिको बारेमा कुराकानी गर्ने जानकारी लिने दिने काम गर्दछौं। समसामयिक विषयमा चर्चा परिचर्चा भई रहेको हुन्छ। |
| ४ — बितेको दुई तीन महिनामा निकुञ्ज भित्र कुनै गैंडा मारिएको बिषयमा केही थाहा पाउनु भएको छ ? | ४ — गएको चैत महिनाको वीच तिर निकुञ्जभित्र गैंडा मारेर खाग काटेर लगेको अवस्थामा निकुञ्जको गस्ती टोलीले मृत गैंडाको लाश फेला पारेछ भन्ने हल्ला सुनियो। गएका केही वर्ष निकुञ्जले चोरी शिकारी शून्य वर्ष मनाएको थियो। चोरी शिकारी पूरै रोकिएको थियो। यो हामी स्थानीयलाई पनि हर्ष र गौरवको कुरा थियो। तर यो वर्ष गैंडा मारिएको भन्ने खवर सुनेर हामी यस विषयमा जानकारी राख्ने व्यक्तिहरुलाई नरमाइलो लाग्यो। कहाँका मानिस आएर यो कसूर गरे, यसमा यतै वरीपरिका मानिस पो कोही संलग्न छन् की भन्ने जिज्ञासा बढ्यो। हामी स्थानीयहरुले पनि चासो चियो गर्न थालियो। |

| | |
|---|---|
| ५ — अनि त्यो घटनामा संलग्न रहने कसैको बारेमा पनि केही थाहा पाउनु भयो कि ? | ५ — यसै क्रममा एक दिनको घटना सम्झेर मलाई यो कसूरमा हाम्रै छिमेकका दुई जनाको सम्लग्नता रहेको भन्ने पक्का भएको छ। गएको चैत महिनाको एक दुई गते तिर एक दिन स्कूलबाट फर्कदा अर्को शिक्षक साथी मनोज चौधरी र म दुई जना चिया खान भनेर बलबहादुरको पसलमा पसेर खाजा खाँदै गरेको बेलामा तीन जना अपरिचित मानिसहरु त्यहाँ आएर बलबहादुरसँग कुरा गरेको त्यो दिनको घटना सम्झें। हामी चिया र समोसा मगाएर पछाडीको टेवल कुर्सीमा बसेर गफ गर्दै खाजा खाँदै गर्दा ब्याकप्याक झोला बोकेका पहिले हामीले नदेखेका अपरिचित तीन जना युवकहरु बलबहादुरको पसलमा पसे। बलबहादुर संग केही बेर कुराकानी गरेर हामी भन्दा परको टेबुलमा बसेर आपसमा खस्याक खुसुक कुरा गरि रहेको एक छिनमा हामी खाजाको पैसा तिरेर हिड्यौ। हामी जाँदा उनीहरु त्यही बसेर आपसी कुरा गरिरहेका थिए। हामी खाजाको पैसा तिरेर बाहिर निस्कदै गर्दा अर्को टोल नयाँ बस्तीका डरबहादुर बि.क. पनि लुसुक्क बलबहादुरको पसलमा छिरेका थिए। त्यो दिन त्यस कुरालाई खास महत्व दिइएन। हामी त्यहाँबाट निस्केर आआफ्ना घर तिर लाग्यौं। |
| ६ — त्यत्ती कुराले मात्र घटनामा छिमेकीको संलग्नतालाई कसरी पक्का मान्नु भयो तनि ? | ६ — चैतको दोस्रो हप्ता तिर निकुञ्जमा गैंडा मारिएको भन्ने हल्ला बजारमा चले पछि हामी पनि यस बारेमा चासो राख्न थाल्यौ भनेर त मैले भनि सकें। यसै क्रममा एक दिन मनोज सरले नयाँ जानकारी दिनु भयो। उहाँले भन्नु भयो हामीले त्यो दिन बलबहादुरको पसलमा खाजा खाँदै गर्दा आएका तीन जना मध्येको |

| | |
|---|---|
| | एक जना व्यक्ति यो घटना बारेमा थाहा हुनुभन्दा दुई दिन अगाडि साँझ पख फेरी बलबहादुर कहाँ आएर केही बेर बसेर निस्केर गएका थिए भन्ने मैले त्यो चिया पसलभन्दा अगाडिको फेन्सी पसलको साहुले भनेर थाहा पाएँ भन्नु भयो। हामी दुबै जना गएर फेन्सी पसलका साहु सराजुल मियाँलाई सोध्दा उनले पनि विस्तारै सबै कुरा हामी लाई बताए। घटनाको समयमा बलबहादुरको पसलमा तीन जना अपरिचित व्यक्ति आएर कुराकानी गरेर बस्नु, घटना प्रकाशमा आउनुभन्दा एक दुई दिन अगाडि त्यही मध्येको मानिस फेरी बलबहादुर कहाँ आएर सम्पर्क गरेर जानु, अर्का टोलका डरबहादुर पनि बलबहादुर कहाँ पटक पटक आवत जावत गर्नु समेतका कुराले यो घटनामा बलवहादुर र डरबहादुरको सम्लग्नता छ भन्ने कुरामा म विश्वस्त भएको हुँ।<br><br>पछि बलबहादुरको घर कोठा र आँगनबाट दसीका सामानहरु बरामद भएकोबाट त झन पक्का भएको छ। |
| ७- यस बिषयमा तपाईलाई अरु केही भन्न मन लागेको छ कि ? | ७ — संरक्षित दुर्लभ गैंडाको चोरी शिकारी र खाग बिक्रीमा सम्लग्न हुने जो कोहीलाई पनि कडा सजाय हुनु पर्छ। दोषीले छुट पाउँनु हुँदैन। |
| ८ — पछि मुद्दाको कारवाहीको क्रममा अदालतमा उपस्थित भएर तपाईलाई थाहा भएका माथि लेखाउनु भएका कुरा वताएर न्याय प्रक्रियामा सहयोग गर्नु पर्ने हुन्छ। यसमा तपाईलाई कुनै असजिलो त हुँदैन नि ? | ८ — न्याय प्रक्रियामा सहयोग गर्नु सबै नागरिकको कर्तव्य हो। म समाजको एक जिम्मेवार शिक्षक हुँ। बोलाईएको बखत अदालतमा उपस्थित भएर आफूलाई थाहा भएको कुरा बताउन सधैं तयार छु। |

| | |
|---|---|
| ९ — तपाईको कागजको व्यहोरा तपाईले भने अनुसार लेखियो कि लेखिएन एक पटक पढेर सहिछाप गरिदिनु होस। | ९ — मैले माथिको व्यहोरा सबै पढें। मैले भने अनुसार लेखिएको ठीक छ।<br>सहीः<br>नाम, थरः हरिबहादुर बस्नेत<br>ठेगानाः रत्ननगर न.पा. वडा नं. ५ शिवबस्ती। |

# परिशिष्ट—२२

## अनुसन्धान प्रतिवेदनको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १९ मा आधारित)
(राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ को दफा ३०(२) बमोजिम जिल्ला सरकारी वकील कार्यालयमा पेश गरिएको अनुसन्धान प्रतिवेदन)

**श्री जिल्ला सरकारी वकील कार्यालय,**

चितवन, भरतपुर।

**विषयः मुद्दा चलाउने निर्णयको लागि अनुसन्धान प्रतिवेदन प्रस्तुत गरेको।**

उपर्युक्त विषयमा, स.सं.अ. श्री इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले अनुसन्धान प्रारम्भ भएको चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालिवन क्षेत्रमा गैंडा मारी खाग काटी लगेको कसूरको अनुसन्धानको सिलसिलामा संकलन भएको निम्नानुसारको विवरण सहितको सम्बन्धित सक्कल मिसिल तथा दसीको सामान समेत यसैसाथ पेश गरि उक्त कसूरको सम्बन्धमा प्रतिवादीहरु उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम अभियोगपत्र दायर गर्ने निर्णयको लागि अनुसन्धान अधिकारीको राय सहितको अनुसन्धान प्रतिवदेन पेश गरिएको छ।

१. कसूरको सूचना प्राप्त भएको वा उजूरी परेको मिति र समयः
   १- २०७६। १२। १३
२. अनुसन्धान अधिकारीको नाम, थर र दर्जाः श्री चित्रबहादुर वन, सहायक संरक्षण अधिकृत।
३. सूचना दिने व्यक्तिको नाम र ठेगानाः श्री इन्दिवर कुँवर, सहायक संरक्षण अधिकृत।
४. जाहेरी दरखास्त वा सूचनाको छोटकरी विवरणः
   १- मिति २०७६। १२। १३ गते चि.रा.नि.अन्तर्गत लौखानी प्रवेशद्वारवाट खटी गएको गस्ती टोलीले रा.नि.को कालिवन क्षेत्रमा १५,२० दिन अगाडि मारेको, खाग काटी लगेको, मृत गैंडाको लाश फेला पारेको।

२- मिति २०७६। १२। १३ को मुचुल्कासँग सम्बन्धित गैंडा मारेको कार्यमा संलग्न भएको एवं त्यस कार्यमा सहयोग पुऱ्याएवापत ओमबहादुर प्रजाबाट चितवन, रत्ननगर नगरपालिका वडा नं. १ खैरहनी बजार बस्ने बलबहादुर बोटेले रु.५०,०००। — (पचास हजार) लिएको भनि सुराकीबाट खुल्न आएको।

५. कसूर घटेको मिति, समय र स्थानः गैंडाको लाश फेला परेको मिति २०७६। १२। १३ भन्दा अन्दाजी १५-२० दिन अगाडि। चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालिवन क्षेत्र।

६. कसूरबाट पीडित व्यक्तिको सनाखत भएको मिति र समयः यसमा सम्बन्धित नरहेको।

७. कसूरदार पक्राउ भएको मिति, समय र स्थानः

१- मिति २०७७। ०२। २० मा बलबहादुर बोटे निजको पसल घरबाट पक्राउ परेको।

२- मिति २०७७। ०२। २५ मा डरबहादुर बि.क. रत्ननगर न.पा. वडा नं ४ गैंडाचोकबाट पक्राउ परेको।

८. कसूरदारको नाम, थर, उमेर र वतनः

१- ओमबहादुर प्रजा, ४२ वर्ष, भरतपुर न.पा. वडा नं. ९ प्रतापपुर हाल कारागर कार्यालय भरतपुर चितवन।

२- सोनाम लामा, वर्ष ३७, मनहरि न. पा. वडा नं. ३ मनहरि बजार, मकवानपुर।

३- दुखन चौधरी, वर्ष ३६, मनहरि न. पा. वडा नं. ५ सिमल चौर।

४- बलबहादुर बोटे वर्ष ३७, रत्ननगर न.पा. वडा नं. १ खैरहनी बजार, चितवन।

५- डरबहादुर बि.क. वर्ष ५२, रत्ननगर न.पा. वडा नं. ७ नयाँ बस्ती, चितवन।

९. कसूरदारको बाबु आमाको नाम र वतनः

१०. अभियुक्तले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानको छोटकरी विवरणः

१- **ओमबहादुर प्रजाः** चार पाँच वर्ष अगाडिदेखि वन्यजन्तुको चोरी शिकारी र आखेटोपहार बिक्रीमा लागेको हुँ, यसै क्रममा २०७५ सालमा निकुञ्ज बाहिर मेघौलीको मध्यवस्ती क्षेत्रमा गैंडा मारी खाग काटी लगेको कसूरमा २ महिना अगाडि पक्राउ परि कारागारमा छु, यो मुद्दाको सम्बन्धमा मैले डरबहादुर बि.क. संग पहिलेदेखिको परिचय भएकोले सहयोगको लागि अरु कसैलाई चिनाइदिन

भने अनुसार उनले खैरहनी बजारका बलबहादुरसँग चिनजान गराई दिए, गएको चैत सक्रातिको दिन म, सोनाम लामा र दुखन चौधरी समेत तीन जना साँझ पख बलबहादुरको दोकानमा आई त्यही सबै जनाले खाना खाएर डरबहादर समेतलाई लिएर हामी चार जना राती चोरबाटोबाट निकुञ्ज भित्र प्रवेश गरि कालिवन क्षेत्रमा गैंडा देखिएकोले दुखन चौधरीले साथमा बोकेको वन्दुकले गैंडालाई गोली हान्दा गैडाको घाँटी नेर गोली लागेछ, केही पर गएर गैडा ढल्यो तुरुन्तै मेरो झोलामा भएको बन्चरोले त्यसको खाग काटेर झोलामा हालेर हामी हतार हतार निकुञ्ज बाहिर निस्केर राती ३ बजे बलबहादुरको घरमा आएर पानी तताउन लगायौ, खाग उसिनेर रौं छाला छुट्याएर सफा गरेर प्लास्टिकका प्याक गरेर झोलामा राखेर त्यहाँबाट हिड्यौं, खाग बिक्री भएपछि खवर गरौंला भनेर खाग मैले राखें, राजमार्ग छेउको बस बिसौनीमा बस कुरेर साथीहरु आआफ्नो घर तिर लागे। पछी मैले त्यो खाग काठमाण्डूबाट आएको मनेन्द्र राणालाई रु. ५ लाखमा बिक्री गरे। त्यो पैसा मध्ये सोनाम, दुखन र डरबहादुरलाई असी असी हजार र बलबहादुरलाई पाचास हजार दिएर बाँकी दुईलाख दश हजार मैले राखें भन्ने समेत ओमबहादुर प्रजाको बयान।

२- <u>**डरबहादुर बि.क.**</u> - ओमबहादुर प्रजासँग धेरै पहिलेदेखि परिचय थियो, गैंडा मार्ने विषयमा कुरा हुँदा मैले आजभोली कालिवन क्षेत्रमा गैंडा देखिएको छ भन्ने जानकारी पाएको छु भनेको थिएँ, पछि उनीहरुलाई मैले बलबहादुरसँग सम्पर्क गराइदिएँ, चैत सक्रातिको दिन बलबहादुर कहाँ जम्मा भएर मलाई समेत लिएर उनीहरु कालीवनमा गए र गैंडालाई गोली हानी खाग काटेर ल्याएर बलबहादुर कहाँ खाग सफा गरेर पछि भेटौंला भनेर उनीहरु गएका हुन्, पछि ओमबहादुरले मलाई असी हजार रुपैया दिएका हुन्, मैले कालीवनको बाटो देखाइ सहयोग गरेको हो, गोली हानेको खाग काटेको होइन, यो भन्दा पहिले यस्तो कसूरमा लागेको थिइन भन्ने समेत डरबहादुर बि.क. को बयान।

३- <u>**बलबहादुर बोटेः**</u> डरबहादुरले ओमबहादुर समेतसँग चिनजान गराइ दिएका, चैत सक्रातिको साँझ ओमबहादुर समेत मेरो पसलमा आई खाना खाई डरबहादुर समेत भई जङ्गल जान भनि गएका हुन, राती फर्की आएर खाग सफा गरि गए, पछि ओमबहादुरले रु पचास हजार दिएको हो, यो भन्दा पहिले यस्तो कसूर गरेको छैन भन्ने समेत बलबहादुर बोटेको बयान।

११.कसूरबाट पीडित व्यक्तिको नाम, थर, उमेर र ठेगानाः यसमा सम्बन्धित नरहेको।

१२.घटनास्थलको स्पष्ट विवरण तथा चित्रणः

१३.कसूर गर्दा प्रयोग गरिएको साधन वा हातहतियारः बन्दुक, बञ्चरो।

१४.घटनाको कारण र कसूरदारको मनसायः गैर कानूनी तवरले धन कमाउने उद्देश्यले गैंडालाई गोली हानी खाग काटेको।

१५.**अनुसन्धान अधिकारीको प्रस्तावित राय र सजाय माग दावीः**

- २०७६। १२। १३ भन्दा १५-२० दिन पहिले चितवन राष्ट्रिय निकुञ्ज भित्र कालिवन क्षेत्रको जङ्गलमा भाले गैंडालाई गोली हानी लडाई खाग काटी लगेको भन्ने स.सं.अ. मिठाराम अधिकारी समेतको मिति २०७६। १२। १३ को प्रतिवदेन र लाश जाँच मुचुल्काबाट देखिएको।
- उक्त कसूरमा प्र. ओम बहादुर प्रजा र बलबहादुर बोटे समेत संलग्न रहेको भन्ने सूचना प्राप्त भएको भन्ने स.सं.अ इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनमा उल्लेख भएको।
- प्रतिवादीहरु ओमबहादुर प्रजा, डरबहादुर बि.क. र बलबहादुर बोटे तीनै जनाले अधिकारप्राप्त अधिकारी समक्ष बयान गर्दा कसूरमा आआफ्नो संलग्नता स्वीकार गरेका,
- बलबहादुरको कोठाबाट ओमबहादुरका सामानहरु बरामद भएको, ती सामानहरु आफ्ना हुन भनि ओमबहादुरले सनाखत गरेको,
- बलबहादुरको घर पछाडीको आगनबाट गैंडाको रौं र छाला जस्तो वस्तु बरामद भएको, सो वस्तु केन्द्रिय विधिविज्ञान प्रयोगशालामा परिक्षण गर्न पठाउँदा उक्त वस्तु संरक्षित वन्यजन्तु गैंडाको रौं र छालाको हो भन्ने विशेषज्ञको राय प्राप्त भएको,
- हिमालय बैंक टाँडी शाखाबाट प्राप्त वैंक स्टेटमेण्टबाट प्र. बलबहादुर र डरबहादुरले बयानमा उल्लेख गरे अनुसारको रकम निजहरुको खातामा सो मितिमा जम्मा भएको भन्ने देखिएको र
- बारदातका बखत प्रतिवादीहरु खैरहनी बजारमा भेटघाट तथा ओहोर दोहोर गरेको भन्ने बुझिएका हरिबहादुर बस्नेत समेतको कागजबाट स्पष्ट भएको।

१- अनुसन्धानको सिलसिलामा सङ्कलित उपर्युक्त प्रमाणहरुबाट प्रतिवादीहरु मध्ये ओमबहादुर प्रजा, डरबहादुर बि.क., सोनाम लामा र दुखन चौधरीले २०७६

साल चैत सक्राति अर्थात चैत १ गतेका दिनको राती चितवन राष्ट्रिय निकुञ्जमा गैरकानूनी ढंगले प्रवेश गरि कालिवन क्षेत्रमा संरक्षित वन्यजन्तु गैंडालाई गोली हानी मारी त्यसको खाग काटी प्र. बलबहादुरको घरमा ल्याई सफा गरि गएको र उक्त खाग प्र. ओमबहादुरले मनेन्द्र राणालाई बिक्री गरि आएको रकम पाँचै जनाले बाँडी लिएको भन्ने प्रमाणित हुन आएको।

२- अभियुक्तहरु मध्ये ओमबहादुर प्रजा प्रस्तुत वारदातको मुख्य योजनाकार तथा गोली लागी ढलेको गैडाको खाग बञ्चरोले काट्ने र खाग बिक्री गरि ठूलो रकम फाइदा लिने व्यक्ति भन्ने देखिएका छन् भने दुखन चौधरी बन्दुकले गैंडालाई गोली हानी मार्ने व्यक्ति एवं सोनाम लामा र डरबहादुर पहिलेदेखि नै यो वारदातको योजनामा संलग्न भई अन्य प्रतिवादीहरुको साथमा निकुञ्ज भित्र गई गैंडा मार्ने र खाग काटी ल्याउने तथा सफा गर्ने समेतको काममा सहभागी भई खाग बिक्रीबाट आएको रकम बाँडी खाने व्यक्ति भन्ने देखिएका छन्। अभियुक्त मध्येका बलबहादुर बोटेले डरबहादुरको सल्लाह अनुसार अन्य अभियुक्तहरुसँग भेट परिचय सरसल्लाह गरि अभियुक्तहरुलाई बोलाउने बस्ने खाने व्यवस्था गरि खाग सफा गर्ने र अभियुक्त ओमबहादुरका सामानहरु सुरक्षित राखिदिने समेतको कार्यमा सहयोग गरेको र खाग बिक्रीबाट आएको रकम बाँडी खाएको भन्ने देखिएको छ।

३- प्राप्त प्रमाणबाट प्रतिवादी ओमबहादुर, डर बहादुर, दुखन र सोनामले राष्ट्रिय निकुञ्ज भित्र गैरकानूनी तवरले प्रवेश गरि संरक्षित वन्यजन्तु गैंडालाई गोली हानी मारी उक्त गैंडाको खाग काटी सो खाग बिक्री गरि आएको रकम बाँडी लिएको भन्ने देखिएकोले निजहरु चारै जनाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ को दफा २६ को उपदफा (१) अन्तर्गरको कसूर गरेकाले निजहरु चारै जनालाई सोही दफा २६(१) बमोजिम सजायको माग दावी लिई अभियोगपत्र दर्ता गर्नु पर्ने, र

४- अर्का अभियुक्त प्रतिवादी बलबहादुर बोटे गैंडा मार्ने समूहमा मिलेर जङ्गलभित्र गएको नदेखिएपनि निजले डरबहादुरको सल्लाह अनुसार प्र. ओमबहादुर समेतसँग परिचय गरि निजहरुको सल्लाहमा पसी बारदातका दिन अन्य

प्रतिवादीहरुलाई आफ्नो घरमा बोलाई खान खुवाई जङ्गल पठाएको र अन्य प्रतिवादीहरुले गैंडा मारी खाग काटी ल्याएपछि सो खाग सफा गर्ने कार्यमा मदत गरेको र पछि खाग बिक्रीको रकम बाँडी खाएको भन्ने देखिएकोले निजले गैंडा मार्ने र खाग बिक्री गर्ने कसूरमा सम्लग्न रहेका प्र ओमबहादुर प्रजा समेतका व्यक्तिलाई सो कार्यमा मदत गरेको मतियार भन्ने देखिएकोले निजलाई उक्त ऐनको दफा २७ को कसूरमा सोही दफाको प्रतिवन्धात्मक प्रावधान अनुसार प्र. ओमबहादुर प्रजा समेतका मुख्य कसूरदारलाई हुने सजाय सरह नै दफा २६(१) बमोजिम सजायको माग दावी लिने,

५- साथै प्र. बलबहादुर बोटेले प्रारम्भ देखि नै घटनाको तयारी र घटनाको प्रकृति तथा आफू र अन्य कसूरदारहरुको संलग्नता समेतको बारेमा आफू सावित भई यथार्थ जानकारी दिई अनुसन्धानमा सहयोग गरेकोले निजको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ अनुसार कानून बमोजिम निजलाई हुने सजायमा पचास प्रतिशत छुटको लागि समेत सिफारिश गरिएको छ।

६- प्र. ओमबहादुरसँग गैंडाको खाग खरिद गरि लिने व्यक्ति भनि निजले उल्लेख गरेका व्यक्ति मनेन्द्र राणाको हकमा निजको यथार्थ ठेगान हालसम्म खुल्न नसकेकोले निजको हकमा निज पक्राउ परेमा वा यकिन ठेगाना खुलेमा सोही बखत कानून बमोजिम अभियोग दावी लिई अभियोगपत्र पेश गर्ने व्यहोरा समेत अनुरोध गरिएको छ।

१६. क्षतिपूर्ती भराउनु पर्ने भए को कसलाई कति क्षतिपूर्ति भराउनु पर्ने हो सोको विवरणः यसमा सम्बन्धित नरहेको।

१७. कसूरको बारेमा थाहा पाउने साक्षीहरुको नाम, थर, वतन र निजहरुले अनुसन्धान अधिकारी समक्ष गरेको कागजको संक्षिप्त विवरणः

१- श्री हरिबहादुर बस्नेत, रत्ननगर नगरपालिका वडा नं. ५ शिवबस्ती — घटनाको दिन ओमबहादुर समेतका प्रतिवादीहरुलाई प्र. बलबहादुर बोटेको पसल घरमा देखेको।

२- श्री मोहन चौधरी रत्ननगर न.पा. वडा नं. ७ प्रतापपुर — घटनाको दिन ओमबहादुर समेतका प्रतिवादीलाई प्र. बलबहादुर बोटेको घरमा देखेको।

३- श्री सराजुल मियाँ, रत्ननगर न.पा. वडा नं ४ खैरहनी बजार — घटनाको दिन ओमबहादुर समेतका प्रतिवादीलाई प्र. बलबहादुरको घरमा देखेको र त्यसको १०-१२ दिन पछि प्र. ओमबहादुरलाई बलबहादुरको घरमा आएर केही बेर पछि फर्केको देखेको।

१८.कसूरसँग सम्बन्धित भौतिक सबुद प्रमाणः

१- प्र. बलबहादुर बोटेको घर कोठाबाट बरामद भएको प्र. ओमबहादुरको झोला, लगाउने कपडा र नागरिकताको प्रमाणपत्रको फोटोकपी

२- प्र. बलबहादुरको घर पछाडीको आँगन छेउबाट बरामद भएको गैंडाको रौं र छालाका टुक्रा

३- प्र. बलबहादुर र प्र. डरबहादुरको नामको हिमालय बैंङ्क टाँडी शाखा कार्यालयबाट प्राप्त २०७६ साल चैत महिनाको बैङ्क स्टेटमेण्ट

१९.अन्य केही कुरा उल्लेख गर्नुपर्ने भए सोको विवरणः

२०.प्रस्तुत कागजातहरुको सिलसिलेवार विवरणः

अनुसन्धान अधिकारीः

सहीः.............................

नाम, थरः (चित्रबहादुर वन)

पदः सहायक संरक्षण अधिकृत

कार्यालयः चितवन राष्ट्रिय निकुञ्ज कार्यालय मितिः २०७७। ०३। ०५

# परिशिष्ट—२३

## अभियोगपत्रको ढाँचा

(मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची २० मा आधारित)

अदालतले भर्ने:

दर्ता नम्बर:

दर्ता मिति:

श्री चितवन जिल्ला अदालतमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन,२०२९ को दफा ३० अन्तर्गत दायर गरेको

**अभियोगपत्र**

२०७७ सालको नम्बर .............

स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनले नेपाल सरकार ..............
................. **वादी**

**विरुद्ध**

१. श्री ओमबहादुर प्रजा, उमेर - वर्ष ४२, ठेगाना - चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ९ प्रतापपुर — १
२. श्री दुखन चौधरी, उमेर - वर्ष ३६, ठेगाना - मनहरि न. पा. वडा नं. ५ सिमल चौर - १
३. श्री सोनाम लामा, उमेर — वर्ष ३७, ठेगाना - मनहरि न. पा. वडा नं. ३ मनहरि बजार, मकवानपुर - १
४. श्री डरबहादुर बि.क., उमेर — वर्ष ५२, ठेगाना — चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ७ नयाँबस्ती — १
५. श्री बलबहादुर बोटे, उमेर - वर्ष ३७, ठेगाना - रत्ननगर न.पा. वडा नं. १ खैरहनी बजार, चितवन - १ ......... .......
......... **प्रतिवादी**

## मुद्दाः गैंडा मारी खाग बिक्री गरेको।

**केशको ब्यहोराः**

(१) **घटनास्थल र लाश प्रकृति मुचुलकाः** मिति २०७६। १२। १३ गते चि.रा.नि.अन्तर्गत लौखानी प्रवेशद्वारवाट खटी गएको गस्ती टोलीले चितवन राष्ट्रिय निकुञ्ज भित्रको पूर्वमा मर्दिघोल, पश्चिममा कुमारवर्ती सामुदायिक वन, उत्तरमा सिर्केटापु, दक्षिणमा बादरझुला यी चौहद्धिभित्र कालिवन क्षेत्रमा १५,२० दिन अगाडि मारेर खाग काटी लगेको, अन्दाजी १४। १५ बर्षको मृत गैंडाको लाश फेला पारेको भन्ने घटनास्थल एवं लाश प्रकृति मुचुल्का।

(२) **स.सं.अ. मिठाराम अधिकारी समेतको प्रतिवेदनः** मिति २०७६। १२। १३ का दिन कालिवन क्षेत्रमा आफूसमेतको गस्ती टोलीले फेला पारेको मृत गैंडाको घटनास्थल तथा लाश जाँच मुचुल्का पेश गरेको भन्ने स.सं.अ. मिठाराम अधिकारी समेतको प्रतिवेदन।

(३) **स.सं.अ. इन्दिवर कुँवरको जाहेरी प्रतिवेदनः** मिति २०७६। १२। १३ को गैंडा मारी खाग काटी लगेको विषयको स.सं.अ. श्री मिठाराम अधिकारी समेतको प्रतिवेदनसँग सम्बन्धित घटनामा २०७६ साल फागुन महिनाको अन्तिम हप्तातिर निकुञ्ज क्षेत्रभित्र गैंडा मार्न जाने व्यक्ति ओमबहादुर प्रजा समेतलाई आफ्नो घरमा बास बस्न दिई त्यस कार्यमा सहयोग पुऱ्याएवापत ओमबहादुर प्रजाबाट चितवन, रत्ननगर नगरपालिका वडा नं. १ खैरहनी बजार बस्ने बलबहादुर बोटेले रु.५०,०००। — (पचास हजार) लिएको भनि सुराकीबाट खुल्न आएकोले निजहरुलाई पक्राउ गरि अनुसन्धान तहकिकात गरि निजहरुबाट कसूर र कसूरदारको बारेमा यथार्थ विवरण खुलाउन लगाई कसूरदारहरुका विरुद्ध कानूनी कारवाही गरि पाउँ भन्ने स.सं.अ. श्री इन्दिवर कुँवरको मिति २०७७। ०२। १५ को जाहेरी प्रतिवेदन।

(४) अदालतबाट अनुमति लिई बलबहादुर बोटेलाई मिति २०७७। ०२। २० मा पक्राउ गरिएको।

(५) बलबहादुरलाई हिरासतमा राखि अनुसन्धान गर्न चितवन जिल्ला अदालतबाट २१ दिन म्याद थप भएको।

(६) **प्र. बलबहादुर बोटेको अनुसन्धान अधिकारी समक्षको वयानः** छिमेकी डरबहादुर बि.क. ले गएको फागुन महिनाको शुरु तिर ओमबहादुर प्रजा र सोनाम लामा संग सम्पर्क गराई दिएको, चैत सक्रातिको दिन ओमबहादुर, सोनाम र अर्को एक जनाशमेत आफ्नो घरमा आई खाना खाई जङ्गल गएको, फर्केर आएर खाग सफा गरि लिएर गएको, झोला आफू कहाँ नै छोडेर गएको, खाग सफा गर्दाको रौं र छालाको टुक्रा घर पछाडी गाडिदिएको, पछि ओमबहादुरले रु. पचास हजार दिएको, सो मध्येको रु. चालिस हजार हिमालय बैंकको टाँडी शाखामा जम्मा गरेको भन्ने समेत व्यहोराको मिति २०७७। ०२। २२ को बयान।

(७) **प्र. बलबहादुर बोटेको घर खानतलासीः** मिति २०७७। ०२। २३ गते प्र. बलबहादुर बोटेको घर खानतलासी गर्दा निजहरु सुत्ने कोठाको दराजबाट निजले बयानमा उल्लेख गरे अनुसारको झोला र प्र. ओमबहादुर प्रजाको नागरिकताको प्रमाणपत्रको फोटोकपी समेतका सामान बरामद भएको।

(८) **दसी बरामद मुचुल्काः** मिति २०७७। ०२। २३ गते प्र. बलबहादुर बोटेको घर पछाडीको आँगनको छेउमा खनी हेर्दा गैंडाको जस्तो रौं र छालाका टुक्राहरु बरामद भएको।

(९) **प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयानको संक्षिप्त ब्यहोराः**

**१. प्र. डरबहादुर बि.क.** हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका ओमबहादुर प्रजासँग मेरो केही वर्ष पहिलेदेखि चिनजान थियो, पछि उनले नै गैंडाको खाग बिक्रीबाट राम्रो आमदानी हुन्छ मिलेर केही गरौं भनेर सल्लाह दिए, मैले पनि हुन्छ मैले के गर्न पर्छ गर्छु भनें, उनले तपाई गैंडा कता छ भन्ने र गैंडा गस्तिवालाहरु कता छन् भन्ने कुरा बुझ्दै गर्नुस अरु म मिलाउँला भनेका थिए, पछि एक दिन उनले तपाईको बजार तिर खाना खान बास बस्न सजिलो हुने हामीलाई मदत गर्न सक्ने कुनै व्यक्तिसँग सम्पर्क गराइ दिनुस् न हामीलाई परेको बेलामा सहयोग हुन्छ उसलाई पनि फाइदै हुन्छ भनेका थिए, त्यसै अनुसार मैले गएको फागुन महिनाको शुरु तिर एक दिन ओमबहादुर र उनको साथी सोनामलाई बलबहादुरको पसल घरमा लगेर उनीहरुलाई परिचय गराई दिएको थिएँ, फागुन महिनाको

आखिरी तिर मैले बजारमा यता उता कुरा बुझ्दा आजभोली कालिवन क्षेत्रमा गैंडा देखिएको छ भन्ने निकुञ्जका मानिसको कुरा सुनेकोले त्यो कुरा ओमबहादुरलाई खवर गरें, चैत सक्रातिको दिन ओमबहादुरले मेरो मोबाइलमा फोन गरेर बेलुकी तिर हामी आउँछौं अस्तिको पसलमा भेटौं भनेकाले म साँझ तिर बलबहादुरको पसलमा जाँदा ओमबहादुर र उनका साथी सोनाम र दुखन आएर खाजा खाँदै रहेछन् म पनि त्यही बसेर खाजा खाएँ, राती कालीवन तिरको बाटो देखाउन भनेर मलाई पनि उनीहरुले संगै जान भनेकोले ओमबहादुर. सोनाम, दुखन र म चार जना निकुञ्जको चोर बाटोबाट पसेर कालिवन गयौं, त्यहाँ एउटा गैंड भेटियो, दुखनले गोली हाने, गैंडा ढलेपछि ओमबहादुरले बञ्चरोले खाग काटे, त्यसपछि त्यो खाग लिएर हामी हतार हतार राति नै बलबहादुरको घरमा आएर बलबहादुर कहाँ पानी तताएर खाग सफा गरेर पछि भेटौंला भनेर ओमबहादुरहरु तीन जना बस बिसौनी तिर लागे, म आफ्नो घर गएँ, केही दिनपछि ओम बहादुरले मलाई असी हजार रुपैंया दिए, त्यो मध्ये १५ हजार घर खर्चको लागि राखेर ६५ हजार रुपैया टाँडी बजारमा रहेको हिमालय बैंकको शाखामा मेरो खातामा जम्मा गरेको छु भन्ने समेत मिति २०७७। ०२। २६ मा भएको प्र. डरबहादुर बि.क. को बयान।

२. **प्र. ओमबहादुर प्रजाः** तीन वर्ष पहिले चोरी मुद्दामा कारागारमा थुनामा बस्दा गैंडा मुद्दामा थुनामा रहेका मानसिंह खड्कासङ्ग परिचय भएको, उनले गैंडाको खाग बिक्रीबाट धेरै फाइदा हुने कुरा गर्दै यस्तो काममा लागेका मानिसको बारेमा समेत बताएका थिए, चोरी मुद्दामा छ महिना जेल बसेर निस्केपछि मैले पनि गैंडा मारी खाग काट्ने खरिद बिक्री गर्ने मानिसहरुसँग सम्पर्क बढाउन थालें, खाग खरिद गर्ने मानिसहरुको बारेमा पनि थाहा पाउन थालें, यस्तैमा काठमाडौं हात्तीगौडाका मनेन्द्र राणाले ल तिमीहरुले खाग पायौ भने मलाई खवर गर म खरिद गरिदिन्छु राम्रै पैसा दिउँला भनेका थिए, मैले पनि हुन्छ हामीले खाग भेटायौं भने तपाईलाई खवर गरौंला भनेर उनको फोन नम्बर लिएको थिएँ, त्यसपछि मैले गैंडा मार्ने काममा लागेको मनहरी सिमलचौरको दुखन चौधरी र सोनाम लामा संग सम्पर्क गरेर निकुञ्ज र मध्यवर्ती क्षेत्र भित्र गैंडा मार्ने र खाग बिक्री गर्ने योजना बनाएँ, हामी तीन

जना र मेरो वडा कै हिक्मत प्रजा र सेते बोटे समेत पाँच जना भएर २०७५ सालमा मेघौलीको मध्यवर्ती क्षेत्रमा एउटा गैंडा मारेर खाग काटेर खाग बिक्री गरेका थियौं। त्यो घटनाको बारेमा चलेको मुद्दामा म गएको बैशाख ५ गते पक्राउ परेर हाल थुनामा छु। सोनाम र दुखन फरार छन्।

यो मुद्दामा मैले डरबहादुरलाई भनेर बलबहादुरसँग परिचय गरेर चैत सक्रातिको दिन बेलुकी पख सोनाम दुखन र म बलबहादुर कहाँ आएर डरबहादुर समेत भएर खाना खाएर रात छिप्पिए पछि डरबहादुरलाई बाटो देखाउन लगाएर कालिवन क्षेत्र तिर गयौं, त्यहाँ केही बेर खोजे पछि एउटा गैंडा देखियो र दुखनले गोली हान्यो, गैंडा केही पर गएर ढलेपछि मैले झोलामा बोकेको बञ्चरोले गैंडाको खाग काटेर झोलामा राखें र हामी हतार हतार त्यहाँबाट निस्केर बलबहादुरको घरमा आएर पानी तताउन लगाएर छाला र रौं हटाएर खाग सफा गरेर खाग प्लाष्टिकमा पोको पारेर झोलामा हालेर हामी त्यहाँबाट हिड्यौं, साथीहरु आआफ्नो घर तिर लागे, म पनि केही समय कुरेर एउटा बसमा चढेर भरतपुर हुँदै घर आएँ, भोलिपल्टै मैले मनेन्द्र राणालाई फोन गरेर खाग भेटिएको छ कतिमा खरिद गर्नु हुन्छ भनेर सोधें, उनले यो पटक अल्लि बजार खस्केको छ पहिलेको भन्दा केही कम हुन्छ पहिलेको जति सात होइन पाँचमा हुन्छ भने ल्याउ भने, पहिले सात लाख दिएका थिए यो पटक दुई लाख कम भने, एक छिन बिचार गरेर मैले हुन्छ भनें, त्यसपछि उनले भने अनुसार नै म भरतपुरबाट एउटा टयक्सी जीपमा चढेर काठमाण्डू नयाँ बस पार्क गएँ, त्यहाँ जीपबाट ओर्लेर रिङरोडको बस चढेर महाराजगंज चोकमा ओर्ले र भाटभटेनी पसल अगाडीको एउटा चिया पसलबाट मैले मनेन्द्रलाई फोन गरेर आफू यहाँ आएको कुरा बताएँ, उनले मलाई आधा घण्टा पछि पहिलेकै ठाउँमा आउ म गाडीमा आउँछु भने, म चिया पसलमा चिया खाएर आधा घण्टा पछि भाटभटेनी पसलको पछाडीको बाटोबाट १० मिनेट जति हिंडेर एउटा पिपलको रुख भएको एकान्त ठाउँमा पुगेर मनेन्द्रलाई खोजें, उनलाई देखिन, फोन गरेको आउँदैछु भने, एकैछिन पछि पश्चिम तर्फबाट एउटा कार आयो, मेरो नजिकै कार रोकेर कार भित्रैबाट मनेन्द्रले मलाई मोटरमा चढ्न भने, म उनले भने जस्तै उनको कारमा चढें, उनले विस्तारै कार म

आएको बाटोबाटै भाटभटेनी पसलको छेउबाट रिङरोडमा ल्याए, बाटोमा कार भित्रै खागको बारेमा कुरा भयो, मैले विस्तारै मेरो झोलाबाट खाग झिकेर उनलाई देखाएर उनको झोलामा राखिदिएँ, उनले त्यही झोलाको अर्को खण्डमा पाँच मुठा छ तिम्रो झोलामा राख भनेकोले मैले पनि उनको झोलाबाट हजार दरका नोटका पाँच मुठा नोट मेरो झोलामा राखें, त्यसपछि उनले मलाई भाटभटेनी पसल अगाडी ल्याएर ल हैत तिमी अब जाउ फोनमा कुरा गरौंला भनेर मलाई कारबाट ओर्लन भने, म कारबाट ओर्ले, उनी कार दौडाएर महाराजगंज चोक तिरबाट उत्तर तिर लागे। म झोला समातेर होसियारी पूर्वक बस पार्क नजिकको सुनौलो गेष्ट हाउसमा आएर एउटा कोठा लिएर त्यो दिन त्यही बसें। भोलिपल्ट एउटा प्राइभेट गाडीमा मिलाएर नारायणगढ आएँ। खाग बिक्री गरेर आएको पाँच लाख मध्ये सोनाम, दुखन र डरबहादुरलाई असी असी हजार र बलबहादुरलाई पचास हजार दिएँ बाँकी पैसा आफैले राखें, मनेन्द्रले आफ्नो घर पनि नदेखाएको र ठेगाना पनि स्पष्ट नभनेकोले उसको ठेगाना मलाई थाहा छैन, गाडी नम्बर पनि मैले याद गरिन, गोरो अग्लो ४५ वर्ष जतिको मिजासिलो मान्छे मनेन्द्रलाई देखेमा म चिन्न चिनाउन सक्छु भन्ने समेत मिति २०७७। ०२। २८ को प्र. ओमबहादुर प्रजाको बयान।

३. **<u>बलबहादुर बोटेः</u>** डरबहादुरले ओमबहादुर समेतसँग चिनजान गराइ दिएका, चैत सक्रातिको साँझ ओमबहादुर समेत मेरो पसलमा आई खाना खाई डरबहादुर समेत भई जङ्गल जान भनि गएका हुन, राती फर्की आएर खाग सफा गरि गए, पछि ओमबहादुरले रु पचास हजार दिएको हो, यो भन्दा पहिले यस्तो कसूर गरेको छैन भन्ने समेत बलबहादुर बोटेको बयान।

## (१०) <u>संकलित प्रमाणहरुः</u>

१. परिक्षणको लागि पठाइएको नमूना नं. १ गैंडाको रौं र नमूना नं. २ को वस्तु मृत गैंडाको छाला देखिएको भन्ने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०७७। ०२। ३१ को परिक्षण प्रतिवेदन।

२. प्र. बलबहादुर बोटे र प्र. डरबहादुर बि.क. का नाउँमा हिमालय बैंक शाखा कार्यालय टाँडी चितवनमा रहेको बचत खाताको गत २०७६ चैत महिनाको बैंक स्टेटमेण्ट।

३. प्र. ओमबहादुर प्रजाका नाउँमा नेपाल बैंक लिमिटेड नारायणगढ शाखामा रहेको बचत खाताको २०७६ साल चैत महिनाको बैंक स्टेटमेण्ट।

**(११) अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरुको कागजको ब्यहोराः**

१. **श्री हरिबहादुर बस्नेतः** २०७६ चैत सक्रातिको दिन साँझ प्र. बलबहादुर बोटेको चिया पसलमा खाजा खान जाँदा अपरिचित तीन जना व्यक्तिहरु आएर खाजा खाँदै गरेको देखेको र त्यस मध्येको एक जना त्यसको १० — १२ दिन पछि पुनः त्यहाँ आएर बलबहादुरलाई भेटेर गएको भन्ने सुनेको र अहिले ती व्यक्ति प्र. ओमबहादुर प्रजा रहेछन् भन्ने थाहा पाएँ।

२. **श्री मनोज चौधरीः** २०७६ चैत सक्रातिको दिन साँझ प्र. बलबहादुर बोटेको चिया पसलमा खाजा खान जाँदा अपरिचित तीन जना व्यक्तिहरु आएर खाजा खाँदै गरेको देखेको र त्यस मध्येको एक जना त्यसको १० — १२ दिन पछि पुनः त्यहाँ आएर बलबहादुरलाई भेटेर गएको भन्ने सुनेको र अहिले ती व्यक्ति प्र. ओमबहादुर प्रजा रहेछन् भन्ने थाहा पाएँ।

३. **श्री सराजुल मियाँ** — २०७६ साल चैत सक्रातिको दिन प्र. बलबहादुरको पसलमा अपरिचित तीन जना मानिस आई बसेको, प्र. डरबहादुर र प्र. बलबहादुर पनि उनीहरुसँग कुरा गरेका देखेको, त्यस पछि डरबहादुर पटक पटक बलबहादुर कहाँ आउने जाने गरेको देखेको र चैतको ८ — १० गते तिर एक दिन दिउँसो पहिलेका तीन जना मध्येको एक जना व्यक्ति आएर प्र. बलबहादुरसँग कुरा गरेर गएको देखेको थिएँ ती व्यक्ति प्र. ओमबहादुर प्रजा रहेछन् भन्ने अहिले थाहा पाएँ।

**(१२) मुद्दा चलाउने गरि जि. स. व. का. चितवनको निर्णयः**

- प्र. ओमबहादुर प्रजा, प्र. दुखन चौधरी, प्र. सोनाम लामा, प्र. डरबहादुर बि.क. र प्र. बलबहादुर बोटे उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १०, दफा २६(१) र दफा २७ ले निषेधित कसूरमा

सोही ऐनको दफा २६(१ र २७ अनुसार सजाय हुन मागदावी लिई मुद्दा चलाउने।

**(१३) <u>अभियुक्त उपर लगाएको अभियोगः</u>**

प्रस्तुत मुद्दामा अनुसन्धानको क्रममा संकलित माथि उल्लिखित प्रमाणहरुबाट प्रतिवादीहरुले चितवन राष्ट्रिय निकुञ्ज भित्र गैरकानूनी तवरले प्रवेश गरि निकुञ्ज भित्रको कालिवन क्षेत्रमा अन्दाजी १०-१२ वर्ष उमेरको भाले गैंडालाई बन्दुकले गोली हानी मारी त्यसको खाग काटी लगी बिक्री गरेको र त्यसबाट आएको रकम आपसमा बाँडी लिएको भन्ने तथ्य निर्विवाद रुपमा स्थापित भएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० संग सम्बन्धित अनुसूची -१ मा गैंडा (राइनोसिरस युनिकर्निस) लाई संरक्षित वन्यजन्तु भनि सूचीकृत गरिएको छ। उक्त दफा १० ले तिनीहरुको शिकार गर्न निषेध गरेको छ। सोही ऐनको दफा २६ को उपदफा (१) ले गैरकानूनी तरिकाले गैंडा मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरि लिने दिने तथा गैंडाको खाग राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई दश लाख रुपैंयसम्म जरिवाना वा पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था गरेको छ। यसै गरि उक्त ऐनको दफा २७ ले यो ऐन अन्तर्गत कसूर ठहरिने कुनै अपराध गर्ने व्यक्तिलाई जानी जानी मद्दत दिएमा त्यस्ता मद्दत गर्ने मतियारलाई कसूरदारलाई हुने सजायको आधी सजाय हुने व्यवस्था गरेको छ भने सोही दफा २७ को प्रतिवन्धात्मक खण्डमा तर गैंडासित सम्बन्धित कसूर गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजाय सरह नै सजाय हुने व्यवस्था गरेको छ। हालसम्म संकलित प्रमाणहरुबाट प्रतिवादीहरुले एक आपसमा सरसल्लाह गरि योजना बनाई हातहतियार समेत लिई गैरकानूनी तवरले राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र प्रवेश गरि संरक्षित दुर्लभ वन्यजन्तु गैंडालाई गोली हानी मारी, सो गैंडाको खाग काटेर ल्याई बिक्री गरि रकम बाँडी लिएको भन्ने देखिन आएकोले प्रतिवादीहरुले उपर्युक्त ऐनको दफा १० र दफा २६ (१) तथा दफा २७ ले निषेध गरेको कसूर गरेको भन्ने देखिएको छ।

## (१४) <u>अभियुक्तहरुलाई हुनु पर्ने सजायः</u>

उपर्युक्त संकलित प्रमाण र कानूनी प्रावधानको पृष्ठभूमिमा प्रतिवादीहरुको आपराधिक कार्यको सन्दर्भमा विवेचना गर्दा देहायको प्रतिवादीहरुलाई देहाय बमोजिम सजाय हुन माग गरिएको छः

१. **प्र. ओमबहादुर प्रजाको हकमाः** प्रस्तुत मुद्दासँग सम्बन्धित कसूर अर्थात चितवन राष्ट्रिय निकुञ्ज भित्रको कालिवन क्षेत्रमा गत चैत महिनामा गैंडालाई गोली हानी मारी खाग काटी लगेर बिक्री गर्ने घटनाका मुख्य योजनाकार र शुरुदेखि अन्त्यसम्म कसूरमा संलग्न व्यक्ति प्र. ओमबहादुर प्रजा रहेछन् भन्ने कुरा प्रतिवादी स्वयंको बयान, अन्य प्रतिवादीहरुको बयान, बुझिएका व्यक्तिको कागज समेतबाट स्पष्ट भएको छ। प्र. ओमबहादुरले नै अन्य प्रतिवादीहरु सोनाम लामा, दुखन चौधरी, डरबहादुर बि.क. र बलबहादुर बोटेलाई संलग्न गराई आफू समेत भई चोर बाटोबाट कालिवन क्षेत्रमा गई गैंडालाई गोली हान्न लगाई आफैंले खाग काटी लिएर आएको, प्र. बलबहादुर बोटेको घरमा ल्याई खाग सफा गरि लगेको र आफैंले खाग खरिद गर्ने व्यक्तिलाई सम्पर्क गरि खाग लिएर काठमाण्डू गई खाग बिक्री गरि बिक्रीको रकम लिएर आएको र सो रकम मध्ये केही रकम अन्य प्रतिवादीहरुलाई दिई ठूलो रकम आफैंले राखेको भन्ने देखिएकोले प्रस्तुत मुद्दाका मुख्य कसूरदार प्र. ओमबहादुर प्रजालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र दफा २६ (१) को कसूरमा सोही दफा २६ को उपदफा (१) बमोजिम अधिकतम सजायको माग दावी लिइएको छ।

२. **प्र. दुखन चौधरीको हकमाः** प्र. ओमबहादुर, प्र. डरबहादुर र प्र. बलबहादुरको अनुसन्धान अधिकारी समक्षको बयान समेतबाट प्रस्तुत बारदातमा निज पहिलेदेखि नै सम्लग्न रहेको, आफैंले वन्दुक लिई अन्य प्रतिवादीहरुसँग सरसल्लाहमा पसी निकुञ्ज भित्र प्रवेश गरि आफूले लगेको वन्दुकले गैंडालाई गोली हानी मारेको र खाग बिक्री गरि आएको पैसाको भाग हिस्सा समेत खाएको र निज उपर यो भन्दा पहिले पनि गैंडा मारेको भन्ने मुद्दा चलेको पेशेवार वन्यजन्तु अपराधी भन्ने देखिएको छ। तर निज

प्र. दुखन चौधरी अनुसन्धानको क्रममा फेला पर्न सकेका छैनन्। कानूनी प्रक्रिया छलेर सजायबाट उम्किने प्रयासमा फरार भई बसेका छन्। यसरी वन्यजन्तु सम्वन्धी कसूरमा पटक पटक संलग्न भएका र कानूनी कारवाहीलाई छल्दै हिडेका प्र. दुखन चौधरीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र दफा २६(१) को कसूरमा सोही दफा २६ को उपदफा (१) बमोजिम हदैसम्मको सजायको माग दावी लिइएको छ।

३. **<u>प्र. सोनाम लामाको हकमाः</u>** . ओमबहादुर, प्र. डरबहादुर र प्र. बलबहादुरको अनुसन्धान अधिकारी समक्षको बयान समेतबाट प्रस्तुत बारदातमा निज पहिलेदेखि नै सम्लग्न रहेको, अन्य प्रतिवादीहरुसँग सरसल्लाहमा पसी निकुञ्ज भित्र प्रवेश गरि गैंडालाई गोली हानी मार्ने कार्यमा सम्लग्न रहेको र खाग बिक्री गरि आएको पैसाको भाग हिस्सा समेत खाएको र निज उपर यो भन्दा पहिले पनि गैंडा मारेको भन्ने मुद्दा चलेको पेशेवार वन्यजन्तु अपराधी भन्ने देखिएको छ। तर निज प्र. सोनाम लामा अनुसन्धानको क्रममा फेला पर्न सकेका छैनन्। कानूनी प्रक्रिया छलेर सजायबाट उम्किने प्रयासमा फरार भई बसेका छन्। यसरी वन्यजन्तु सम्वन्धी कसूरमा पटक पटक संलग्न भएका र कानूनी कारवाहीलाई छल्दै हिडेका प्र. सोनाम लामालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र दफा २६(१) को कसूरमा सोही दफा २६ को उपदफा (१) बमोजिम सजायको माग दावी लिइएको छ।

४. **<u>प्र. डरबहादुर बि.क. को हकमाः</u>** प्र. डरबहादुर बि.क. स्वयंले अनुसन्धान अधिकारी समक्ष गरेको बयान र प्र. ओमबहादुर तथा प्र. बलबहादुरको अनुसन्धान अधिकारी समक्षको बयान र बुझिएका सराजुल मियाँ समेतको कागजबाट यी प्रतिवादी प्रस्तुत मुद्दामा गैंडा मारी खाग बिक्री गरि फाइदा लिने आपराधिक कार्यमा मत सल्लाहमा पसेको, प्र. बलबहादुर समेतलाई यो समूहमा सम्मिलित गराउँन सक्रीय रहेको, बारदातका दिन अन्य प्रतिवादीहरुलाई गैंडा रहेको ठाउँको बारेमा जानकारी दिई बाटो देखाउँदै गएको र गैंडालाई गोली हानी मार्ने र खाग काटी ल्याउने, सफा गर्ने समेतको कार्यमा सक्रीयता पूर्वक सम्लग्न रहेको भन्ने देखिन आएकोले

निज प्र. डरबहादुर बि.क.लाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र दफा २६(१) को कसूरमा सोही दफा २६ को उपदफा (१) बमोजिम सजायको माग दावी लिइएको छ।

५. **<u>प्र. बलबहादुर बोटेको हकमाः</u>** प्र. बलबहादुर बोटे स्वयंले अनुसन्धान अधिकारी समक्ष गरेको बयानमा गाउँ ठाउँकै प्र. डरबहादुरको सल्लाह अनुसार प्र. ओमबहादुर समेतका प्रतिवादीहरुसँग सम्पर्क गरि गैंडा मारी खाग बिक्री गर्ने कार्यमा उनीहरुलाई मदत गरेको र खाग बिक्री गरेर आएको रकमको हिस्सा लिएको भन्ने कुरा स्वीकार गरेको र अन्य प्रतिवादीहरुको बयान तथा बुझिएका हरिबहादुर बस्नेत समेतका व्यक्तिको कागज, खानतलासी बरामदी मुचुल्का र बैंक विवरण समेतबाट निजको साविती भनाईको पुष्टि भई रहेकोले निज प्र. बलबहादुर बोटेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० र दफा २६(१) को कसूर गर्नमा मदत गरेकोले सोही ऐनको दफा २७ को प्रतिवन्धात्मक खण्ड अनुसार अन्य कसूरदारलाई सरह सोही दफा २६ को उपदफा (१) बमोजिम सजायको माग दावी लिइएको छ।

**(१५) <u>प्रस्तावित सजाय छुट सम्वन्धी दावीः</u>**

उपर्युक्त प्रतिवादीहरु मध्ये प्र. डरबहादुर बि.क. र प्र. बलबहादुर बोटेले प्रारम्भदेखि नै आफूलाई थाहा भएको सबै कुरा अनुसन्धान अधिकारीलाई बताई आफू सावित भई अन्य अपराधीहरुको बारेमा जानकारी दिई अनुसन्धानमा सहयोग गरेको र निजहरु उपर यस अघि वन्यजन्तु सम्वन्धी कुनै कसूरमा मुद्दा चलेको वा सजाय भएको भन्ने समेत नदेखिएकोले निजहरु दुई जनाको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३३ को उपदफा (३) को खण्ड (ख) बमोजिम माथि उल्लिखित सजायमा पचास प्रतिशत छुट हुन समेत माग गरिएको छ।

**(१६) <u>सबुद प्रमाणः</u>**

दसी प्रमाण तथा कसूरसँग सम्बन्धित चीज वस्तुहरु

**१) <u>साक्षीहरुः</u>**

अनुसन्धानको क्रममा बुझिएका व्यक्तिहरुः

१. श्री हरिबहादुर बस्नेत, रत्ननगर नगरपालिका वडा नं. ५ शिवबस्ती
२. श्री मोहन चौधरी रत्ननगर न.पा. वडा नं. ७ प्रतापपुर
३. श्री सराजुल मियाँ, रत्ननगर न.पा. वडा नं ४ खैरहनी बजार

२) **लिखतः**

१. मिति २०७७। ०२। २३ को खानतलासी मुचुल्का।
२. मिति २०७७। ०२। २३ को बदामदी मुचुल्का।
३. हिमालयन बैंक टाडी शाखाबाट प्राप्त प्र. डरबहादुर र प्र. बलबहादुरको वैंक खाताको २०७६ साल चैत महिनाको स्टेटमेण्ट।
४. नेपाल बैङ्क लिमिटेड नारायणगढ शाखाबाट प्राप्त प्र. ओमबहादुर प्रजाको २०७६ साल चैत महिनाको बैङ्क स्टेटमेण्ट।
५. राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, खुमलटार, ललितपुरको मिति २०७७। ०२। ३० को परिक्षण प्रतिवेदन।

(१७) **कसूरबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए क्षतिपूर्तिको माग दाबीः x**

(१८) **कसूरसँग प्रमाण लाग्ने अरु चीज बस्तुः x**

(१९) **प्रस्तुत कागजातहरुः** मिसिलमा संलग्न पञ्जिका बमोजिमका कागजात।

**यो अभियोगपत्रबाट प्रस्तुत मुद्दाको कारवाही शुरु गर्न चितवन जिल्ला अदालतसँग सादर अनुरोध गरिन्छ।**

कार्यालयको छापः

**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय चितवनको तर्फबाट**

अनुसन्धान अधिकारी

सहीः .................

नाम, थरः चित्रबहादुर वन

पदः सहायक संरक्षण अधिकृत

मितिः २०७७।०३।०७

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय
बबरमहल, काठमाडौं